*शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत मिति : २०७५-०५-१२ गते (माननीय मन्त्रीस्तरबाट)*

**विद्यालय क्षेत्र विकास कार्यक्रम (स्थानीय, प्रदेश तह तथा शिक्षा विकास तथा समन्वय इकाई ) बाट सम्पादन हुने कार्यक्रमहरू सम्बन्धी**

# कार्यक्रम कार्यान्वयन पुस्तिका
# आ. व.२०७५/७६

नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

२०७५ साल

प्रकाशक : नेपाल सरकार, शिक्षा, विज्ञान प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर

मुद्रक :

प्रकाशन :२०७५ श्रावण

वेबसाइट :www.doe.gov.np

## सङ्क्षिप्त शब्दावली

| | | |
|---|---|---|
| आ व | : | आर्थिक वर्ष |
| उपु | : | उत्तर पुस्तिका |
| खशीनं | : | खर्च शीर्षक नम्बर |
| गापा | : | गाउँपालिका |
| नपा | : | नगरपालिका |
| निमावि | : | निम्न माध्यामिक विद्यालय |
| पापु | : | पाठ्यपुस्तक |
| प्रअ | : | प्रधानाध्यापक |
| प्रावि | : | प्राथमिक विद्यालय |
| मावि | : | माध्यमिक विद्यालय |
| बाविके | : | बाल विकास केन्द्र |
| मलेप | : | महालेखा परीक्षक |
| वउशीन | : | बजेट उपशीर्षक नम्वर |
| विनि | : | विद्यालय निरीक्षक |
| विव्यस | : | विद्यालय व्यवस्थापन समिति |
| शैताके | : | शैक्षिक तालिम केन्द्र |
| शिअसं | : | शिक्षक अभिभावक संघ |
| शैस | : | शैक्षिक सत्र |
| सासिके | : | सामुदायिक सिकाइ केन्द्र |
| ASIP | : | Annual Strategic Implementation Plan |
| AWPB | : | Annual Work Plan and Budget |
| CBO | : | Community Based Organization |
| CFO | : | Cluster Focal Person |
| CLC | : | Community Learning Centre |
| ELDS | : | Early Learning Developnent Standards |
| ECD | : | Early Childhood Development |
| EMIS | : | Educational Management Information System |
| FMIS | : | Financial Management Information System |
| FMR | : | Financial Monitoring Report |
| FTP | : | File Transfer Protocol |
| ICT | : | Information and Communication Technology |
| IEMIS | : | Integrated Educational Management Information System |
| INGO | : | International Non-Government Organization |
| LMBIS | : | Line Ministry Budget Information System |
| MGML | : | Multi Grade Multi Level |
| MB | : | Measurement Book |
| NASA | : | National Assessment for student Achievement |
| PCF | : | Per Capita Funding |
| PMEC | : | Prioritized Minimum Enabling Condition |
| PPP | : | Public Private Partnership |
| PRC | : | Print Ready Copy |
| SIP | : | School Improvement Plan |
| SSDP | : | School Sector Development Plan |
| VEP | : | Village Education Plan |

## दुई शब्द

विद्यालय शिक्षा क्षेत्रमा विद्यमान शिक्षा नीति तथा कार्यक्रमहरु शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने, शिक्षालाई रोजगारी उन्मुख बनाउने, गुणस्तरमा सुधार एवम् व्यवस्थापकीय क्षमतामा अभिवृद्धि गरी आर्थिक सामाजिक विकासका लक्ष्यहरू हासिल गर्ने तर्फ लक्षित छन् । नेपालको संविधानले शिक्षालाई मौलिक अधिकारको रूपमा स्थापित गरेको छ भने आधारभूत शिक्षा अनिवार्य र निःशुल्क हुने तथा माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । सबैका लागि गुणस्तरीय आधारभूत शिक्षाको सुनिश्चितता गर्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रियस्तरमा प्रतिवद्धता जनाएको छ । सन् २०२२ सम्ममा नेपाललाई मध्यम आयस्तरको मुलुकमा स्तरोन्नती गर्ने तथा सन् २०३० सम्म दीगो विकासका लक्ष्य हासिल गर्न सघाउ पुग्ने  गरी शैक्षिक कार्यक्रम तथा नीतिहरु तय भएका छन् । यिनै सन्दर्भको पृष्ठभूमीमा विद्यालय शिक्षाको समग्र शैक्षिक विकासका लागि सरकारले सन् २०१६/१७-२०२२/२३ का लागि ७ वर्षे विद्यालय शिक्षा क्षेत्र विकास योजना कार्यान्वयनमा ल्याएको हो । यसै योजना अनुरुप ५ वर्षे विद्यालय क्षेत्र विकास कार्यक्रम गत आव २०१६/१७ देखि कार्यान्वयनमा आएको छ । यस पृष्ठभुमिमाविद्यालय शिक्षाको विकासका लागि समता, गुणस्तर, समक्षमता र सान्दर्भिकता विकास गर्ने यस योजना कार्यान्यनमा आएको छ । यसै योजनाले परिलक्षित उपलव्धि हासिल गर्न कार्यक्रमहरू तयभइ कार्यान्वयन दोश्रो वर्षका लागि कार्यक्रम तय भएका छन् । विगतका वर्षहरूका उपलव्धिहरू र कार्यान्वयनमा देखिएका चुनौतीहरूबाट सिकिएका पाठहरूको आधारमा तयार पारिएको उक्त स्वीकृत कार्यक्रमका निर्दिष्ट लक्ष्यहरूलाई समय मै प्राप्त गर्न तथा कार्यक्रम कार्यान्वयनमा एकरूपमा कायम गर्न विगत वर्ष झै कार्यक्रम कार्यान्वयन पुस्तिका विकास गरी कार्यान्वयनमा ल्याइएको छ ।

विद्यालय क्षेत्र विकास कार्यक्रमको तेश्रो वर्षमा साथै चालु आर्थिक वर्ष२०७५/७६ मा प्रारम्भिक बालविकास कार्यक्रमलाई पहुँच योग्य तथा गुणस्तरीय  वनाउने, संविधानको मर्म अनुरूप अनिवार्य एवम् निःशुल्क शिक्षालाई अधिकारका रूपमा लिई विद्यालयमा बालमैत्री वातावरण मार्फत गुणस्तरीय शिक्षामा समतामूलक पहुँचको सुनिश्चितता गर्ने, विद्यालयहरूमा सूचना प्रविधि विस्तार गर्ने र शिक्षकको पेशागत विकास कार्यलाई निरन्तरता दिने, संशोधित शिक्षा ऐनको प्रस्ताव अनुरूप कक्षा १-८ लाई आधारभूत शिक्षा एवम् कक्षा ९-१२ लाई माध्यमिक शिक्षाका रूपमा पुनर्संरचना गरी सबै तहको शिक्षालाई गुणस्तरीय एवम्  समतामूलक पहुँच बिस्तार गर्ने, प्राविधिक तथा व्यवसायिक शिक्षाको पहुँच तथा गुणस्तर सुधार गर्दै माध्यमिक तह (कक्षा ११-१२) मा प्राविधिक शिक्षा सुनिश्चित गर्ने, विद्यालयस्तरमा सामान्य व्यावसायिक सीपहरू(Soft skills) सम्बन्धी शिक्षा र तालिमको प्रवन्ध मिलाउने, नमुना विद्यालय सञ्चालन, शैक्षिक सुधार कार्यहरूको कार्यान्वयन गर्न सबै तहको क्षमता अभिवृद्धि गर्ने तथा अनुगमन तथा सुपरिवेक्षणलाई योजनामा आधारित वनाई बढी भन्दा बढी नतिजामुखी वनाउने उद्देश्यका साथ कार्यक्रमहरू तर्जुमा गरि कार्यान्वयनमा ल्याइएका छन् । यसै गरी चालु आ.व.मा विद्यालय बाहिर रहेका बालबालिकाहरूको शैक्षिक पहुँचको सुनिश्चितता गर्न बैकल्पिक शिक्षाका अवसरहरूको विस्तार गर्ने, भूकम्पको प्रभाव पश्चात विद्यालयहरूको पुननिर्माण गर्ने, विद्यालयको प्राथामिकताका न्यूनतम सक्षमताका आधार (PMEC) नपुगेका विद्यालयहरूलाई विशेष प्राथमिकता राखी सहयोग प्रदान गर्नेजस्ता कार्यक्रमले विद्यालय शिक्षाको गुणस्तर तथा सेवा प्रवाहमा सुधार ल्याई योजनाका लक्ष्य प्राप्त गर्नमा सहयोगी भूमिका खेल्ने अपेक्षा गरिएको  छ । आधारभुत तथा  माध्यमिक शिक्षा व्यवस्थापनका जिम्मेवारी स्थानीय तहमा रहने संवैधानिक व्यवस्था अनुरुप चालु आ वको शैक्षिक कार्यक्रम सञ्चालनका लागि स्थानीय तहका लागि ससर्त अनुदान अन्तरगत स्थानीय तहका लागि सामुदायिक विद्यालय तहको स्वीकृत दरवन्दी तथा अनुदानमा कार्यरत शिक्षक कर्मचारीको तलव भत्ता, पाठ्यपुस्तक, विद्यालय सञ्चालन मसलन्द, प्रतिविद्यार्थी लागत अनुदान  छात्रवृति विद्यालय भौतिक सुविधा  विस्तार लगायत अधिकंश शैक्षिक कार्यक्रम वजेट स्थानीय तहमा उपलव्ध गराईएको छ । उक्त कार्यक्रमहरुलाई कार्यान्वयन गर्न सहजिकरण गर्न यो पुस्तिका सहयोगी हुने विश्वास लिएको छु ।

शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयनमा प्रतक्ष्य भूमिका खेल्ने औपचरिक एवम् अनौपचरिक शिक्षासँग सम्वद्ध संरचनाहरू स्थानीय तह, विद्यमान शैक्षिक संरचनाहरु, शिक्षा विकास तथा समन्वय इकाइ, स्रोतकेन्द्र र विद्यालय तहसम्म गरी विभिन्न  तहबाट वर्ष भरी कार्यान्वयन हुने कार्यक्रम कार्यान्वयनको अवधारणा, कार्यान्वयन प्रक्रिया, खर्च गर्ने आधार  र एकै प्रकारका कामहरूलाई देशभर समान एवम् प्रभावकारी ढङ्गले कार्यान्वयनमा ल्याउने अभिप्रायले यो कार्यक्रम कार्यान्वयन पुस्तिका तयार पारिएको छ । यस पुस्तिकाबाट वित्तीय अनुशासन कायम राख्न, पारदर्शी रूपबाट कार्यक्रम सरोकारवालाहरूबिच पुर्याई कार्यान्वयन गर्न मद्दत पुग्ने छ भन्ने अपेक्षा लिइएको छ ।  विशेष गरी कार्यक्रम कार्यान्वयनकर्तालेयस पुस्तिकाका अतिरिक्त प्रचलित ऐन कानुनको परिधिभित्र रही औचित्यता, नियमितता, कार्यदक्षता, प्रभावकारिता र पारदर्शिताको आधारमा चालु वर्षको कार्यक्रम कार्यान्वयन गर्नु हुनेछ । यसै गरी कार्यक्रम कार्यान्वयन र अनुगमनमा सम्बद्ध सबै सरोकारवालाहरूले यस पुस्तिकालाई प्रयोगमा ल्याई कार्यक्रमका उद्देश्यहरू समयसीमा भित्रै हासिल गर्न ठोस सहयोग पुग्ने छ भन्ने अपेक्षा राखिएको छ  । अन्त्यमा यस पुस्तिकाका विषयमा प्राप्त हुने सुझावहरूले शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई आगामी दिनका लागि थप पृष्ठपोषण प्रदान गर्ने हुनाले सरोकारवालाहरूबाट  रचनात्मक सुझावको अपेक्षा राख्दै पुस्तिका तयार गर्ने कार्यमा सहयोग पुऱ्याउनु हुने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

श्रावण, २०७५

बाबुराम पौडेल
महानिर्देशक

विषयसूचि

खण्ड १


पृष्ठ

**१. कार्यक्रम कार्यान्वयन सम्बन्धी सामान्य मार्गदर्शन** १

खण्ड २

**स्थानीय तहबाट सम्पादन हुने ससर्त अनुदानका कार्यक्रमको कार्यान्वयन प्रक्रिया** ५

१. आधारभूत शिक्षक तलब भत्ता (ब.उ.शी.नं. ३५००१६), माध्यमिक शिक्षक तलब भत्ता (ब.उ.शी.नं.३५००१७) अनुदान ५

२. विद्यालय क्षेत्र विकास कार्यक्रम (ब.उ.शी.नं. ३५०८०६) ८

३. प्रारम्भिक पढाई प्रवद्धन कार्यक्रम (ब.उ.शी.नं. ३५०१३८) ३१

४. सवैका लागि शिक्षा- शिसुविकास कार्यक्रम (ब.उ.शी.नं. ३५०११८) ३२

५. विद्यालय क्षेत्र विकास कार्यक्रम (ब.उ.शी.नं. ३५०१४०), ३३

६. द्वन्द्वपीडित परिवार शिक्षा कार्यक्रम (शहिद प्रतिष्ठान मार्फत संचालन हुने) (ब.उ.शी.नं. ३५०१०६)बाट स्थानीय तहमा ससर्त अनुदान ४१

खण्ड ३

प्रदेश तहबाट सम्पादन हुने ससर्त अनुदानका कार्यक्रमको कार्यान्वयन प्रक्रिया ४१

विद्यालय क्षेत्र विकास कार्यक्रम (ब.उ.शी.नं. ३५०८०६) ४२

प्रारम्भिक पढाई प्रवद्धन कार्यक्रम (ब.उ.शी.नं. ३५०१३८) ४४

खण्ड ४

शिक्षा विकास तथा समन्वय इकाईबाट सम्पादन कार्यक्रमको कार्यान्वयन प्रक्रिया ४४

१ शिक्षा विकास तथा समन्वय इकाइ (वउशिन ३५००१४) ४४


**अनुसूचिहरु**


अनुसूची १ : शिक्षक तलव माग गर्ने फारम ४६

अनुसूची २ : विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) विद्यालय भौतिक सुविधा विस्तार कार्यक्रमका लागि विद्यालय छनोट गर्ने आधारहरू ४८

अनुसूची ३ : विद्यालय भवन डिजाईन तथा निर्माणका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको मापदण्ड ५०

अनुसूची ४ : कार्यसम्पन्न प्रतिवेदन ५२

अनुसूची ५ : उत्कृष्ट विद्यालय छनौटका आधारहरु ५४

अनुसूची ६ : स्थानीय तहबाट सम्पादन हुने वउसिनं ३५०८०६ विद्यालय क्षेत्र विकास कार्यक्रमको क्रियाकलापको इकाई लागत ५५

अनुसूची ७ : नया तलबमान ५८

अनुसूची ८ : EMF Check List Social Safe Guard ६९

अनुसूची ९ : नमूना विद्यालयको नामावली ७२

अनुसूचि १० : कार्यक्रम संसोधन विवरण पेश गर्ने ढाँचा ७७

खण्ड १

# २. कार्यक्रम कार्यान्वयन सम्बन्धी सामान्य मार्गदर्शन

शिक्षा क्षेत्रका समग्र योजना र कार्यक्रमहरूलाई नेपालको संविधानले निर्दिष्ट गरेको राज्यको निर्देशक सिद्धान्त र नीति, मानव अधिकारको विश्वव्यापी घोषणा तथा नेपाल पक्ष भएर गरिएका अभिसन्धिहरू र दीगो विकासका लक्ष्य लगायतका अन्तरराष्ट्रिय मञ्चमा नेपालले गरेको प्रतिद्धताहरू तथा नेपाल सरकारले कार्यान्वयनमा ल्याएको चौधौं योजना तथा विद्यालय क्षेत्र विकास योजना (आव २०७३/७४ – २०७९/८०) समेतले समष्टिगत रूपमा मार्गदर्शन गरेका छन् । चालु आ व २०७५।७६ लागि स्वीकृत नीति तथा कार्यक्रममा शिक्षा क्षेत्रका लागि सेवा प्रवाहमा आधुनिक प्रविधिको प्रयोग बढाइने, सामुदायिक विद्यालयमा उच्च गतिको इन्टरनेट सुविधा पुर्‍याइने, डिजिटल प्रणालीमार्फत भर्चुअल सिकाइ व्यवस्था मिलाइने, अन्तरक्रियात्मक श्रव्यदृष्यको माध्यमबाट गुणस्तरीय शिक्षा उपलव्ध गराइने, सबै प्रकारका अनुगमनमा सूचना प्रविधिको प्रयोग गरिने, सेवाप्रदायक सबै निकायहरुलाई सूचना प्रविधि सञ्जालमा आबद्ध गरी प्रमुख नतिजा र निर्णयको परीक्षण गरिने उल्लेख छ।

यसैगरी आधारभुत शिक्षा अनिवार्य निशुल्क गरिने, विद्यालय पढ्ने उमेरका सवै वालवालिकालाई विद्यालय भर्ना गर्ने कार्यलाई प्रत्येक वर्ष अभियानका रुपमा अगाडी वढाईने र यसै शैक्षिक सत्र देखि कक्षा १ मा भर्ना भएका सवै विद्यार्थीले माध्यमिक शिक्षा पुरा गर्ने व्यवस्था मिलाईने, विद्यालय छाड्ने कारण वारे अध्ययन अनुसन्धान गरी सुधारका कार्यक्रमहरु सञ्चालन गरिने, औपचारिक शिक्षा छाडेका विद्यालय पढ्ने उमेरका बालवालिकालाई विद्यालय फर्काउने र विद्यालय पढ्ने उमेर नाघेकालाई प्राविधिक र व्यावसायिक सीप प्रदान गरिने, औपचारिक शिक्षा प्रणालीसंग आवद्ध हुन चाहानेहरुका लागि खुला तथा वैकल्पिक शिक्षा प्रणालीको विस्तार गरिने, शिक्षामा नीजि लगानीको नियमन गरी शैक्षिक क्षेत्रमा रहेको विषमता हटाईने, प्रत्येक विद्यालयलाई वालमैत्री विद्यालयका रुपमा विकास गर्नेगरी विद्यालयको पुर्वाधार विकास गरिने,अपांगताको प्रकृति अनुरुप आवश्यकताका आधारमा प्रत्येक प्रदेशमा पुर्वाधार युक्त विशेष शिक्षा आवासीय विद्यालय सञ्चालन गरिने, विद्यालय शिक्षाको पाठ्यक्रममा राष्ट्रिय तथा देशप्रेमको भावना विकास गर्ने, उच्च नैतिक चरित्र निर्माण गर्ने र कर्तव्यवोध गराउने विषय समावेश गरी विद्यार्थीहरुमा आदर्श र अनुशासित नागरिकका गुणहरु विकास गरिने उल्लेख छ।

यसैगरी चालु आर्थिक वर्ष २०७५।७६ को वजेट वक्तव्यमा सवै बालबालिकालाई शिक्षामा पहुँच सुनिश्चित गर्न विद्यालय भर्ना अभियानलाइ अघि वढाई आगामी वर्ष नै विद्यालय जाने उमेरका सवै बालबालिकालाई विद्यालयमा भर्ना गराइने, माध्यमिक तहसम्मको शिक्षालाई क्रमश: नि:शुल्क र अनिवार्य गरिने, प्रदेश र स्थानीय तहको सहकार्यमा आगामी दुई वर्षभित्रमा साक्षर नेपाल घोषणा गरिने उल्लेख छ। सम्पुर्ण बालबालिकाहरुलाई विद्यालय ल्याऔं,टिकाऔं र सिकाऔं अभियान सञ्चालन, मानव विकास सुचाकाङ्कमा पछि परेका स्थानीय तहमा रहेका सामुदायिक विद्यालयका कक्षा ५ सम्म अध्ययनरत सवै विद्यार्थीलाई स्थानीय उत्पादनमा आधारित पोषण युक्त दिवा खाजा उपलव्ध गराइने, विद्यालयलाई अपाङ्गतामैत्री तथा बालमैत्री बनाइने, भौगोलिक रुपमा विद्यालयवाट टाढा रहेका प्राविधिक तथा व्यावसायिक विषयका विद्यार्थीहरुको लागि आवासीय शिक्षाको व्यवस्था, नेपाली सांकेतिक भाषाको विकास तथा अनुसन्धान,दोभाषे तालिम र यसको व्यावसायिकता विकासलाई प्रोत्साहन, अपाङ्गता भएका बालबालिकाका लागि शिक्षामा पहुँच अभिवृद्धि गर्न प्रत्येक प्रदेशमा पूर्वाधारयुक्त विशेष शिक्षा प्रदायक आवासीय विद्यालय सञ्चालन, मदरसा, गुरुकुल र गुम्वा शिक्षालाई आधुनिक शिक्षाको मुलधारमा आवद्धता, दलित तथा लोपोन्मुख समुदायका बालबालिकालाई सवै विषयमा उच्च शिक्षा नि:शुल्क हुने उल्लेख छ।

विद्यार्थी संख्या, विषयगत आवश्यकता र भौगोलिक अवस्था समेतका आधारमा विद्यमान शिक्षक दरवन्दीको न्यायोचित पुनर्वितरण, माध्यामिक तहका विज्ञान,गणित,अङ्ग्रेजी र प्राविधिक विषयका लागि थप शिक्षक व्यवस्था गर्न विद्यालयहरुलाई थप अनुदान प्रदान गरिने, सूचना प्रविधिमैत्री शिक्षा मार्फत सार्वजनिक शिक्षाको गुणस्तर सुधार गर्न ग्रामिण दुरसञ्चार कोषको रकम समेत उपयोग गरी सबै सामुदायिक विद्यालयमा उच्च गतिको नि:शुल्क इन्टरनेट सेवा पुर्‍याइने, आर्थिक रुपमा विपन्न, सीमान्तकृत समुदाय तथा लक्षित वर्गका विद्यार्थीहरुलाई उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षाको अध्ययनको लागि पाँच प्रतिशत व्याज अनुदानमा शैक्षिक ऋण उपलव्ध हुने व्यवस्था मिलाइने उल्लेख छ।

यसैगरी सरकारी र निजी विद्यालय बिचको शैक्षिक विषमता हटाउन र सार्वजनिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्न सामुदायिक विद्यालयहरुमा पूर्वाधारको विकास, नविन प्रविधिको प्रयोग र शैक्षिक मापदण्डमा सुधार गरिने छ । विद्यार्थीहरुमा राष्ट्रियता,देशप्रेमको भावना र समाजप्रतिको दायित्व वोध गराउन विद्यालय पाठ्यक्रममा सुधार गरिने विषय उल्लेखित छ। उल्लिखित कार्यहरु सम्पादन गर्नको लागि शिक्षा,विज्ञान तथा प्रविधि क्षेत्रमा रु १ खर्व ३४ अर्व ५० करोड ८७ लाख विनियोजित छ।

नेपालको संवैधानिक व्यवस्था अनुसार कार्यान्वयनमा आएका ७ प्रदेश र ७५३ स्थानीय तहबाट संविधानप्रदत्त अधिकारहरु कार्यान्वयनका लागि सबै स्थानीय तहमा शिक्षासंग सम्बन्धित विभिन्न कार्यक्रमहरु कार्यान्वयनका लागि सशर्त अनुदानको रुपमा बजेट हस्तान्तरण भएको छ । प्रदेश एवम् स्थानीय तहमा कार्यक्रम कार्यान्वयमा एकरुपता र प्रभावकारीता कायम गर्न । स्थानीय तहमा हस्तान्तरण भएको एकमुष्ट सशर्त अनुदानलाई तोकिएको लक्ष्य प्राप्त गर्न । तोकिएको शीर्षक तथा क्रियाकलापमा खर्च गर्ने वातवारण सुनिश्चित गर्न । उपलब्ध स्रोतको अधिकतम रुपमा उपयोगका लागि सहजीकरण गर्न । आर्थिक अनुशासन कायम गरी तोकिएका शीर्षकहरूमा नियमानुसार खर्च गर्न । स्वीकृत कार्यक्रमका अवधारणा, उद्देश्य, प्रक्रिया तथा रणनीतिहरूका सम्बन्धमा प्रदेश र स्थानीय तह तथा विद्यालयतहसम्मका सबै सरोकारवालाहरूलाई परिचित गराई कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गराउन यो कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५/७६ तयार गरिएको छ।

## २ कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५/७६ का उद्देश्यहरू :

यस कार्यक्रम कार्यान्वयन पुस्तिकाको मुलभुत उद्देश्य विद्यालय क्षेत्र विकास योजना अन्तरगतरहि उक्त योजनालाई सहयोग पुऱ्याउने अरु स्वीकृत कार्यक्रमको प्रदेश तथा स्थानीय तहमा प्रभावकारी कार्यान्वयनमा सहजीकरण गरी एकरूपता कायम गर्नु रहेको छ। यसका अतिरिक्त अन्य उद्देश्य देहाय वमोजिम रहेका छन् :

१. प्रदेश, जिल्ला, स्थानीय तह एवम् विद्यालय स्तरमा सञ्चालन हुने शैक्षिक कार्यक्रमहरूबारे सरोकारवालालाई सूचित गर्ने।
२. वार्षिक कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गरी सवन्धित तहको भूमिका स्पष्ट गरी जिम्मेवार र जवाफदेही बनाउने,
३. वार्षिक कार्यक्रम कार्यान्वयन र स्रोत परिचालन प्रतिवेदन पद्धतिलाई दिशानिर्देश गर्ने गराउने ।
४. कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट लक्षित नतिजा सुनिश्चित गरी नतिजामा आधारित अनुगमन प्रणाली अवलम्वन गर्ने।
५. कार्यक्रमको तेश्रो पक्षबाट हुने प्रभावकारिता मुल्याङकन, सामाजिक तथा लेखा परीक्षणलाई आवश्यकता अनुसार सहजिकरण गर्ने।

## ३.कार्यक्रम कार्यान्वयनका मार्गदर्शन :

कार्यक्रम कार्यान्वयनका लागि ससर्त अनुदान अन्तरगत प्रदेश, स्थानीय तह एवम् विद्यालयलाई उपलव्ध गराइएको आर्थिक वर्ष २०७५/७६ को वजेट कार्यान्वयन सम्वन्धी निर्देशनका अतिरिक्त देहायका बुँदाहरूलाई विशेष ध्यान दिने।

सवै तहका सवै कार्यक्रम

१. शिक्षा विकास तथा समन्वय इकाइले स्थानीय तहमा संचालन हुने शैक्षिक कार्यक्रमहरुको कार्यान्वयनका लागि आवश्यक प्राविधिक सहयोग, शैक्षिक तथ्याङ्क र अभिलेख उपलव्ध गराइ समन्वय, सहकार्य र सहजिकरण गर्ने।

२. स्थानीय तहले शिक्षा क्षेत्रका लागि प्राप्त अनुदान विद्यालयलाई निकासा दिँदा शिक्षा विकास तथा समन्वय इकाईबाट यकिन गरिएको शैक्षिक तथ्याङ्क २०७५ (Flash Report) का आधारमा निकासा दिने। शिक्षा विकास तथा समन्वय इकाइले समयमै शैक्षिक तथ्याङ्क स्थानीय तहलाई उपलव्ध गराउनु पर्नेछ।

३. स्थानीय तहमा ससर्त अनुदान शीर्षकमा विनियोजित शिक्षक तलव भत्ता तथा शैक्षिक कार्यक्रम सञ्चालन अनुदान शिक्षा विकास तथा समन्वय इकाईबाट प्राप्त प्रमाणित तहगत श्रेणीगत शिक्षक संख्या तथा शैक्षिक तथ्यांक २०७४ का आधारमा हिसाव गरी पठाईएको छ। उक्त वजेटमा छुट एवम् स्वीकृत नर्म्स अनुसार नपुग हुने भएमा स्थानीय तहले शिक्षा विकास तथा समन्वय इकाई मार्फत शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा २०७५ पुस मसान्त भित्र अनुसूची १० अनुसारको ढाँचामा पठाउनु पर्ने छ।

४. हरेक स्थानीय तहले आफ्नो क्षेत्रभित्र रहेका विद्यालयमा प्रति विद्यालय एक प्रारम्भिक बालशिक्षा कक्षा रहने गरी मौजुदा प्रारम्भिक बालशिक्षा कक्षाहरू विद्यालयहरुमा पुन: वितरण गर्ने कार्यलाई प्राथमिकता दिने।

५. नेपाल सरकारको निर्णयानुसार राष्ट्रिय भर्ना अभियानले निर्दृष्ट गरे वमोजिम प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रका आधारभुत तह उमेर समुहका बालबालिकाहरुलाई अनिवार्यरुपमा विद्यालयमा भर्नाको सुनिश्चितता गर्ने।

६. चालु आर्थिक वर्षका लागि स्वीकृत नर्म्स, प्राप्त निर्देशन र त्यससम्बन्धी अन्य निर्देशन समेतलाई ध्यानमा राखी कार्यान्वयन पुस्तिकाको आधारमा तोकिएको बजेट र समय सीमामा सम्पन्न गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्ने गराउने।

७. यो कार्यक्रम कार्यन्वयन पुस्तिका प्राप्त भएपछि प्रदेश तहले आफ्नो प्रदेश भित्रका स्थानीय तहका प्रतिनिधि र शिक्षा हेर्ने अधिकृतहरुको लागि शैक्षिक नीति, कार्यक्रम एवम् कार्यक्रम कार्यान्वयन पुस्तिकाको अभिमुखीकरण गर्ने । स्थानीय तहको शिक्षा शाखाले विद्यालयका प्रधानाध्यक,विद्यालय व्यवस्थापन समितिको अध्यक्ष लगायत शैक्षिक सरोकारवालाहरु बीच कार्यक्रमको सार्वजनिकीकरण गर्ने ।

८. स्थानीयस्तरमा क्रियाशील गैरसरकारी सस्था/ सामुदायमा आधारित सस्था/ सामुदायिक सिकाई केन्द्रहरु (I/NGOs/CBOs/CLCs) सँगको समन्वयमा कार्यक्रमको प्रकृति अनुसार साझेदारीमा कार्यक्रम कार्यान्वयनका लागि वार्षिक कार्यक्रम कार्यान्वयन योजना तयार गरी कार्यान्वयन गर्ने।

९. एउटा शीर्षकमा विनियोजन भएको रकम अर्को शीर्षकमा खर्च नगर्ने, स्वीकृत नर्म्सको परिधिभित्र रहेर कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरिएका आधार र प्रक्रिया अनुरुप खर्च लेख्ने व्यवस्था मिलाउने।

१०. चालु आवका लागि स्वीकृत कार्यक्रमलाई प्रदेश, स्थानीय तह एवम् विद्यालय स्तरमा कार्यान्वयन गरिने क्रियाकलाप, सोको कार्य प्रक्रिया, समय, जिम्मेवारी र अनुगमन सूचक जस्ता पक्षहरू समावेश गरी कार्यक्रम कार्यान्वयन कार्ययोजना, खरिद योजना तथा अनुगमन योजना तयार गर्ने।

११. प्रदेश र स्थानीय तहले स्वीकृत वार्षिक कार्यक्रममा उल्लिखित चौमासिक विभाजन अनुसार कार्यक्रम कार्यान्वयन गर्ने । सोही आधारमा चौमासिक प्रगति प्रतिवेदन तयार गरी सोको एकप्रति शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउने।

१२. प्रदेश तथा स्थानीय तहमा कार्यान्वयन हुने कार्यक्रमको अनुगमनको दायित्व प्रदेश तथा स्थानीय तहको नै हुनेछ । साथै स्थानीय तहले शिक्षा विकास तथा समन्वय इकाइ, शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा प्रदेश तहका निकायवाट हुने अनुगमनलाई पनि सहजिकरण गर्नु पर्नेछ ।

१३. प्रत्येक स्थानीय तहले आफ्नो तहको समग्र शैक्षिक विकासको लागि शिक्षा योजना तयार गरी कार्यान्वयन गर्ने गराउने । साथै प्रत्येक विद्यालयहरुले विद्यालय सुधार योजना तयार गरी कार्यान्वयन गर्ने ।

१४. नमुना विद्यालय विकासका लागि छनोट भएका विद्यालयहरुको लागि विनियोजन रकम नमूना विद्यालय व्यवस्थापन निर्देशिका २०७४ तथा स्वीकृत विद्यालय सुधार गुरुयोजना अनुसारमात्र खर्च हुने सुनिश्चितता गर्ने । हालसम्म छनौट भएका विद्यालयको नामावली अनुसूचि ९ मा राखिएको छ ।

१५. स्थानीय तह प्रधानाध्यापकहरूको कार्य सम्पादनमा प्रभावकारिता अभिवृद्धि गर्न कार्यसम्पादन करार गर्ने व्यवस्था मिलाउने ।

१६. तथ्याङ्क ढाँट्ने र झुठो विवरण दिने पदाधिकारीलाई भ्रष्टाचारकै अभियोग सरह कानुनी कारवाही गरिने हुँदा विद्यालयको प्रधानाध्यापकद्वारा भरिने विवरण यथार्थपरक हुनुपर्नेछ । तोकिएको समयमा तथ्याङ्क नवुझाउने, झूठो विवरण दिने प्र.अ. र त्यस्तो विवरण प्रमाणित गर्ने अधिकारीलाई समेत विभागीय कारवाही हुने भएकोले यथार्थतामा आधारित भइ प्रमाणीकरण गर्ने गराउने ।

१७. प्रत्येक विद्यालयले वार्षिक वजेट तयार गरी स्थानीय तहमा पेश गर्ने र सोही आधारमा खर्च गर्ने व्यवस्था मिलाउने । विद्यालयबाट बितरण गरिने सबै खालको छात्रवृत्तिहरुलाई विद्यालय तहमा अनिवार्य रुपमा सार्वजनिक गर्ने । अवासीय छात्रवृत्ति (अपाङ्गता भएका, मुक्त कमलरी, हिमाली, फिडर, साझेदारी) पाउने विद्यार्थीहरूको हकमा विद्यालयले फोटोसहितको विवरण प्रमाणित गरी राख्ने ।

१८. नि:शुल्क पाठ्यपुस्तक सेटमा नै उपलब्ध गराउने गरी स्वीकृत मूल्य सूचीको आधारमा विद्यालयहरुलाई रकम उपलव्ध गराउने ।

१९. विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ अनुसार विद्यालयलाई शान्ति क्षेत्र बनाउनका लागि विद्यालय र समुदायले पालना गर्नुपर्ने आचार संहिता सहभागितामूलक रुपमा निर्माण गरी कार्यान्वयन गर्ने गराउने ।

२०. स्थानीय तहबाट विद्यालयमा रकम निकाशा गर्दा निकासा शीर्षक, गर्नुपर्ने कामको विवरण र वजेट उल्लेख भएको निकासा पत्र विद्यालयलाई उपलब्ध गराउने र सम्बन्धित निकायले वेभसाइटमा राख्ने व्यवस्था मिलाउने ।

२१. भौतिक सुविधा विस्तार कार्यक्रमको लागि विद्यालयलाई दिईने रकम निर्माण कार्यमा मात्र खर्च गर्नुपर्ने भएकोले छुट्याइएको रकम कन्टिनजेन्सि बापत कटाई निकासा दिन नहुने ।

२२. यस पुस्तिकामा उल्लेख गरिएका प्रावधानहरूको सम्बन्धमा कुनै द्विविधा भएमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको योजना तथा अनुगमन शाखामा सम्पर्क राखी प्रष्ट हुन सकिने छ ।

२३. संघीय सरकारवाट प्रदेशको सामाजिक विकास मन्त्रालयमा शशर्त अनुदानका रुपमा गउका कार्यक्रमहरु प्रदेशले आवश्यक्ता,क्षमता र दक्षतालाइ समेत विचार गरी प्रदेश शिक्षा विकास निर्देशनालय वा शिक्षा तालिम केन्द्रवाट सम्पादन गराउने गरी प्रदेश मन्त्रालय आफैले तोक्न सक्ने छ ।

**च) आर्थिक तथा आन्तरिक व्यवस्थापन सम्बन्धमा**

क) विद्यालय क्षेत्र विकास योजनाका संयुक्त वित्तीय साझेदार (Joint Financing Partners) संग नेपाल सरकारले गरेको सम्झौतामा आयोजना कार्यान्वयन गर्ने (Implementing Agency) निकायले प्रत्येक चौमासिक सकिएको ४५ दिनभित्र वित्तीय अनुगमन प्रतिवेदन (Financial Monitoring Report - FMR) पेश गर्नु पर्ने व्यवस्था रहेको छ । सो व्यवस्था कार्यान्वयन गर्न प्रत्येक शिक्षा विकास तथा समन्वय इकाईले चौमासिक अवधि समाप्त भएको २१ दिनभित्र स्थानीय तहसँग समन्वय गरी आम्दानी तथा खर्चको फाँटवारी जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणाली (FMIS Database) मा प्रविष्टि गराई कार्यक्रमगत भौतिक प्रगति सहितको प्रगति प्रतिवेदन शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउने ।

ख) संघबाट प्राप्त हुने शसर्त अनुदानका कार्यक्रमहरुबाट गोष्ठी, सेमिनार, तालिम, वैठक लगायतका अन्य कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकार अर्थ मन्त्रालयको खर्च गर्ने आधार/नर्म्सका आधारमा खर्च गर्ने व्यवस्था मिलाउने ।

ग) विद्यालयमा हुने खरीदलाई व्यवस्थित गर्न विद्यालय खरीद दिग्दर्शन २०७४ का आधारमा गर्ने र सो कार्यको अनुगमन स्थानीय तह/जिल्लाले गर्ने व्यवस्था मिलाउने (विद्यालय खरिद दिग्दर्शन २०७४ शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभ साइट : www.doe.gov.np बाट प्राप्त गर्न सकिने) ।

घ) विद्यालय क्षेत्र विकास योजना अन्तरगत प्रमुख शैक्षिक कार्यक्रम स्थानीय तहबाट सञ्चालन र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गरेका व्यवस्था समेतको आधारमा हुने भएकोले विद्यालयका लागि कायम भएका वेरुजुको फर्छौट गर्ने जिम्मा सम्वन्धित विद्यालय र स्थानीय तहको हुनेछ ।

ङ) स्वीकृत कार्यक्रमको कार्यान्वयन योजना, खरीद योजना र अनुगमन योजना बमोजिमको कार्यान्वयन अवस्थाको चौमासिक रूपमा स्थानीय तहमा प्रगति समीक्षा गर्ने र चौमासिक प्रगतिका मुख्य बुँदाहरू जिल्ला स्थित शिक्षा विकास तथा समन्वय इकाईमा पठाउने व्यवस्था मिलाउने । शिक्षा विकास

तथा समन्वय इकाईले सम्वन्धित जिल्ला भित्रका स्थानीय तहसँग समन्वय गरी चौमासिक प्रगति प्राप्त गरी सोको समष्ठिगत प्रतिवेदन समेत तयार गरी तोकिएको अवधि भित्र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको योजना तथा अनुगमन शाखामा पुग्ने गरी तोकिएको ढाँचामा पठाउने व्यवस्था मिलाउने ।

च) स्थानीय तहले बेरुजु फछर्यौट कार्यलाई उच्च प्राथमिकता दिने । म.ले.प. प्रतिवेदनमा औंल्याएका बढी निकासा, दोहोरो निकासाका सन्दर्भमा विद्यालयबाट सो रकम फिर्ता गराउने काम चालु आर्थिक वर्षको पहिलो चौमासिक भित्रै गरिसक्ने । यसरी निकासा गएका विद्यालयले रकम फिर्ता नगरेमा ती विद्यालयहरूको निकासा रोक्का गर्ने विद्यालयबाट फिर्ता गराएको रकमको बैंक भौचरको प्रतिलिपि सहितको विवरण महालेखा परीक्षकको कार्यालयमा पेश गरी वेरुजु फर्छयौटको व्यवस्था मिलाउने ।

छ) महालेखा परीक्षकको कार्यालयबाट डोर खटिई आएका बखत आवश्यक प्रमाण जुटाई, असुल गर्नुपर्ने बेरूजु असुल गरी सम्परीक्षण गराउने र आर्थिक कारोवारको लेखाङ्कन गर्दा सक्कल बील प्रमाणित गरी भुक्तानी भएको छाप समेत लगाई पर्याप्त कागजात संलग्न राखी अभिलेखन गर्ने व्यवस्था मिलाउने र विद्यालय भवन, कक्षा कोठा, शौचालय लगायतका भौतिक निर्माण सम्बन्धी कार्यहरू सम्पन्न भएपश्चात कार्य सम्पन्न प्रतिवेदन तयार गरी लेखा परीक्षणको व्यवस्था मिलाउने ।

ज) अर्थ मन्त्रालयको च.न.११५१ मिति २०७५।०३।३२ को आव २०७५।०७६ को वजेट कार्यान्वय सम्वन्धि निर्देशन वमोजिम अन्तर सरकारी वित्तिय हस्तान्तरण दाखिला गर्ने सम्वन्धमा ***"सशर्त अनुदान रकमको एक चौथाई रकम सम्बन्धित तहको सञ्चित कोषमा साउन १ र सम्बन्धित तहको खर्च विवरणका आधारमा चौमासिक रुपमा सम्बन्धित सञ्चित कोषमा दाखिला कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुनेछ । यसरी दाखिला गर्दा वैदेशिक स्रोत समावेश रहेको नगद अनुदान र नगद ऋणका लागि महालेखा नियन्त्रक कार्यालयको स्रोत फुकुवा चाहिने तथा सोधभर्ना हुने अनुदान र सोधभर्ना हुने ऋणका सम्बन्धमा पहिलो किस्ता दाखिला गर्न महालेखा नियन्त्रक कार्यालयको स्रोत फुकुवा आवश्यकता नरहेता पनि दोस्रो र तेस्रो चौमासिक दाखिलाका लागि भने स्रोत फुकुवा आवश्यक हुनेछ ।"*** भनी उल्लेख भएको साथै महालेखा नियन्त्रक कार्यकालयको च.न.२ मिति २०७५।०४।०१ को पत्रानुसार ***"प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण हुने ससर्त अनुदानमा समावेश भएको सोधभर्ना हुने वैदेशिक स्रोतको खर्चको विवरणको आधारमा सम्वन्धित निकायले अभिलेख राखी सोधभर्ना माग गर्नुपर्ने भएकोले त्यस्ता विवरणहरु अनिवार्यरुपमा सम्वन्धित निकायमा उपलव्ध गराउन आवश्यक व्यवस्था मिलाउने"*** उल्लेख भएको सन्दर्भमा आवश्यक प्रगति विवरण प्राप्त नभएको कारणबाट वैदेशिक स्रोत फुकुवामा असर पर्ने हुँदा प्रदेश/स्थानीय तहले आफुले सम्पादन गरेको कार्यक्रमसँग सम्वन्धित क्रियाकलापगत प्रगति केन्द्रले उपलब्ध गराएको ढाँचामा तयार गरी चौमासिक अवधि समाप्त भएको ७ दिन भित्र शिक्षा विकास तथा समन्वय इकाइमा पठाउने व्यवस्था मिलाउनु पर्ने छ । शिक्षा विकास तथा समन्वय इकाइले आवश्यक समन्वय गरी सम्बन्धित प्रदेश/स्थानीय तहवाट विवरण प्राप्त गरी जिल्लागत एकिकृत विवरण तयार गरी १५ दिन भित्र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा आइपुग्ने गरी पठाउनु पर्ने छ ।

## खण्ड २

## स्थानीय तहबाट सम्पादन हुने ससर्त अनुदानका कार्यक्रमको कार्यान्वयन प्रक्रिया

यस खण्डमा आधारभूत शिक्षक तलब भत्ता (साविकको ब.उ.शी.नं. ३५००१६), माध्यमिक शिक्षक तलब भत्ता (साविकको ब.उ.शी.नं.३५००१७) अनुदान, विद्यालय क्षेत्र विकास कार्यक्रम (साविकको ब.उ.शी.नं. ३५०८०६), प्रारम्भिक पढाई प्रवद्धन कार्यक्रम (साविकको ब.उ.शी.नं. ३५०१३८), सवैका लागि शिक्षा- शिसुविकास कार्यक्रम (साविकको ब.उ.शी.नं. ३५०११८) द्वन्द्वपीडित परिवार शिक्षा कार्यक्रम (साविकको शहिद प्रतिष्ठान मार्फत संचालन हुने,ब.उ.शी.नं. ३५०१०६) बाट स्थानीय तहमा ससर्त अनुदानका शैक्षिक कार्यक्रमहरुको कार्यान्वयन प्रक्रिया उल्लेख गरिएको छ।

### (क) क्रियाकलाप नं.१.३.३.१

**आधारभूत तथा माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत कोटा अनुदान शिक्षक एवम् प्राविधिक धारका प्रशिक्षक तथा सहायक प्रशिक्षकका लागि तलब भत्ता अनुदान**

१ स्थानीय तहले कार्यरत शिक्षकको तलव भत्ता सम्वन्धी एकीन विवरण शिक्षा विकास तथा समन्वय इकाईबाट प्राप्त गरी सोही अनुसार दरवन्दीमा , शिक्षक अनुदानकोटा (राहत)मा र प्राविधिक धार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुको लागि विद्यालयबाट प्राप्त माग फारम रुजु गरी निकासा गर्ने व्यवस्था मिलाउनुपर्नेछ। शिक्षकहरुको तलवी प्रतिवेदन जिल्लाको शिक्षा विकास तथा समन्वय इकाई मार्फत विद्यालय शिक्षक कितावखानाबाट पारित गराई प्राप्त तलवी प्रतिवेदनका आधारमा निकासा दिने व्यवस्था मिलाउने। यस क्रियाकलापमा देहायका शिक्षकहरुको तलवभत्ता समावेश गरिएको छ :

(क) आधारभूत तह कक्षा १-५ र कक्षा ६-८ (साविकको प्राथमिक तह र निम्नमाध्यमिक तह) मा कार्यरत शिक्षकहरुको तलब भत्ता (स्वीकृत दरवन्दीको स्थायी तथा अस्थायी/करार र शिक्षण अनुदान कोटा (राहत) मा कार्यरत शिक्षक)

(ख) माध्यमिक तहमा कक्षा ९-१०(साविकको माध्यमिक तह) मा कार्यरत शिक्षकहरुको तलब भत्ता (स्वीकृत दरवन्दीको स्थायी तथा अस्थायी/करार र शिक्षण अनुदान कोटा (राहत) मा कार्यरत शिक्षक)

(ग) माध्यमिक तह (कक्षा ११-१२) दरवन्दी र अनुदानमा कार्यरत शिक्षकको तलब भत्ता

(घ) प्राविधिक धार अन्तरगत कक्षा ९-१० एवम् कक्षा ११-१२ प्रशिक्षक/सहायक प्रशिक्षक, र अनुदानमा कार्यरत शिक्षकको तलव भत्ता

(ङ) स्रोत व्यक्तिको सट्टा शिक्षकको तलव भत्ता

(च) लेखाजोखा संयोजकको रुपमा कार्यरत शिक्षकहरुको तलवभत्ता

(छ) विशेष शिक्षा परिषद् अन्तरगत सञ्चालनमा रहेका विद्यालयहरुले सालवसाली पाउँदै गरेको अनुदानमा कार्यरत शिक्षक तथा कर्मचारीको तलवभत्ता : विशेष शिक्षा तर्फसँस्था वा विद्यालयबाट स्थायी नियुक्ति पाइ विगत बर्षदेखि ग्रेड - बाषिर्क बृद्धि) पाइरहेका शिक्षक कर्मचारीहरुका लागि

**सवै तहका स्वीकृत दरवन्दीमा कार्यरत स्थायी शिक्षकले पाउने सेवा सुविधा गणना गर्दा देहायका शीर्षकहरुको आधारमा गर्ने :**

- अर्थ मन्त्रालयबाट स्वीकृत स्केल अनुसारको १२ महिनाको तलव
- ग्रेड (वार्षिक वृद्धि समेत)
- १ महिना बरावरको चाडपर्व खर्च
- महंगी भत्ता
- संचयकोष
- विमा
- पोसाक भत्ता
- स्थानीय भत्ता पाउने जिल्लामा भए वर्षभरिको जम्मा १०.५ महिनाको स्थानीय भत्ता

- प्र.अ. भए प्र.अ. भत्ता (प्रति विद्यालय प्राथमिक तहका लागि मासिक रु २००। निम्नमाध्यमिक तहका लागि रु ३०० र माध्यमिक तहका लागि रु ५००)

**सवै तहका स्वीकृत दरवन्दीमा कार्यरत अस्थायी शिक्षकले पाउने सेवा सुविधा गणना गर्दा देहायका शीर्षकहरुको आधारमा गर्ने :**

- १२ महिना को स्केल अनुसारको तलव
- १ महिना वरावरको चाडपर्व खर्च
- महंगी भत्ता
- पोसाक भत्ता
- स्थानीय भत्ता पाउने जिल्लामा भए जम्मा वर्षभरिको १०.५ महिनाको स्थानीय भत्ता
- प्र.अ. भए प्र.अ. भत्ता (प्रति विद्यालय प्राथमिक तहका लागि मासिक रु २००। निम्नमाध्यमिक तहका लागि रु ३०० र माध्यमिक तहका लागि रु ५००)

**सवै तहका स्वीकृत राहत अनुदान कोटामा कार्यरत** शिक्षकले **पाउने सेवा सुविधा गणना गर्दा देहायका शीर्षकहरुको आधारमा गर्ने :**

- अर्थ मन्त्रालयबाट स्वीकृत शुरु स्केल अनुसारको १२ महिनाको तलव
- १ महिना शुरु स्केल बरावरको चाडपर्व खर्च
- पोसाक भत्ता
- महंगी भत्ता
- प्र.अ. भए प्र.अ. भत्ता (प्रति विद्यालय प्राथमिक तहका लागि मासिक रु २००। निम्नमाध्यमिक तहका लागि रु ३०० र माध्यमिक तहका लागि रु ५००)

**साविकको उच्च माध्यमिक तह (कक्षा ११-१२) अनुदान कोटामा कार्यरत** शिक्षकले **पाउने सेवा सुविधा गणना गर्दा देहायका शीर्षकहरुको आधारमा गर्ने :**

- १२ महिना को स्केल अनुसारको तलव (माध्यमिक तह द्धितीय श्रेणी सरह)
- १ महिना वरावरको चाडपर्व खर्च
- पोसाक भत्ता
- महंगी भत्ता
- प्र.अ. भए प्र.अ. भत्ता (प्रति विद्यालय प्राथमिक तहका लागि मासिक रु २००। निम्नमाध्यमिक तहका लागि रु ३०० र माध्यमिक तहका लागि रु ५००)

**प्राविधिक धारमा कक्षा ९-१० मा कार्यरत प्रशिक्षक, सहायक प्रशिक्षक**ले **पाउने सेवा सुविधा गणना गर्दा देहायका शीर्षकहरुको आधारमा गर्ने :**

- प्रशिक्षकले साविकको माध्यमिक तह तृतीय श्रेणी सरह र सहायक प्रशिक्षकले साविकको निम्न माध्यमिक तह तृतीय श्रेणी १२ महिनाको शुरु स्केल अनुसारको तलव
- १ महिना वरावरको चाडपर्व खर्च
- पोसाक भत्ता

- महंगी भत्ता
- प्राविधिक भत्ता (प्रति महिना ३ हजारका दरले १० महिनाको मात्र)
- स्थानीय भत्ता पाउने जिल्लामा भए जम्मा वर्षभरिको १०.५ महिनाको स्थानीय भत्ता
- प्र.अ. भए प्र.अ. भत्ता (प्रति विद्यालय प्राथमिक तहका लागि मासिक रु २००। निम्नमाध्यमिक तहका लागि रु ३०० र माध्यमिक तहका लागि रु ५००)

**प्राविधिक धारमा कक्षा ११-१२ मा कार्यरत प्रशिक्षकले पाउने सेवा सुविधा गणना गर्दा देहायका शीर्षकहरुको आधारमा गर्ने :**

- माध्यमिक तह द्धितीय श्रेणी सरह १२ महिनाको शुरु स्केल अनुसारको तलव
- १ महिना वरावरको चाडपर्व खर्च
- पोसाक भत्ता
- महंगी भत्ता
- प्राविधिक भत्ता (प्रति महिना ३ हजारका दरले १० महिनाको मात्र)
- स्थानीय भत्ता पाउने जिल्लामा भए जम्मा वर्षभरिको १०.५ महिनाको स्थानीय भत्ता
- प्र.अ. भए प्र.अ. भत्ता (प्रति विद्यालय प्राथमिक तहका लागि मासिक रु २००। निम्नमाध्यमिक तहका लागि रु ३०० र माध्यमिक तहका लागि रु ५००)

**विशेष शिक्षा परिषद् अन्तरगत सञ्चालनमा रहेका विद्यालयहरुले सालवसाली पाउँदै गरेको अनुदानमा कार्यरत शिक्षक तथा कर्मचारीले पाउने सेवा सुविधा गणना गर्दा देहायका शीर्षकहरुको आधारमा गर्ने :**
(विशेष शिक्षा तर्फसँस्था वा विद्यालयबाट स्थायी नियुक्ति पाइ विगत बर्षदेखि ग्रेड - बाषिर्क बृद्धि) पाइरहेका शिक्षक कर्मचारीहरुका लागि)

- अर्थ मन्त्रालयबाट स्वीकृत स्केल अनुसारको १२ महिनाको तलव
- ग्रेड (वार्षिक वृद्धि समेत)
- १ महिना बरावरको चाडपर्व खर्च
- महंगी भत्ता
- संचयकोष
- पोसाक भत्ता
- प्रअ भए प्रति विद्यालय प्राथमिक तहका लागि मासिक रु २००। निम्नमाध्यमिक तहका लागि ३०० र माध्यमिक तहका लागि ५०० भत्ता

अस्थायी एवं करारमा कार्यरतहरुको हकमा ग्रेड र सञ्चय कोष उपलब्ध नहुने।

२. माथि उल्लेखित **क्रियाकलाप नं.१.३.३.१ को शीर्षक** ससर्त अनुदानका रुपमा आएको हुनाले उक्त रकमबाट तलब भत्ता वाहेक अन्य शीर्षक (जस्तै शिक्षक सञ्चित विदा, औषधी उपचार खर्चको भुक्तानी र अन्य प्रयोजन) मा निकासा तथा खर्च लेख्न पाइने छैन।
३. विद्यालयले शिक्षक र कर्मचारीको तलब भत्ता वैंक मार्फत भुक्तानी हुने व्यवस्था मिलाउनु पर्नेछ।

## ख) विद्यालय क्षेत्र विकास कार्यक्रम (साविको ब.उ.शी.नं.३५०८०६)

**कार्यक्रमका उद्देश्यहरू :**

**आधारभुत शिक्षा**

- ५ वर्ष भन्दा कम उमेरका बालबालिकाको शारीरिक, सामाजिक-संवेगात्मक, संज्ञानात्मक, आध्यात्मिक तथा नैतिक क्षमताको विकास गरी प्रारम्भिक बाल शिक्षा तथा विकास/पुर्व प्राथमिक शिक्षालाई अधिकारमा आधारित बनाउनु र विद्यालय प्रवेशको तयारी गराउनु,
- ४-१२ वर्षउमेर समूहका सबै बालबालिकाका लागि गुणात्मक आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्नु,
- निर्धारित सिकाइ सक्षमता हासिल गरेका विद्यार्थीलाई माध्यमिक शिक्षामा प्रवेशको तयारी गराउनु,
- सामाजिक-सांस्कृतिक विविधतामा सामाञ्जस्य र राष्ट्रिय अर्थतन्त्रप्रति अभिमुख गरी बालबालिकामा जीवनोपयोगी सीप तथा मूल्यमा आधारित शिक्षा हासिल गराउनु,
- वैकल्पिक तथा लचिला मोडका शिक्षा कार्यक्रमम मार्फत औपचारिक शिक्षालाई सहयोग पुर्‍याउनु।

**माध्यमिक शिक्षा**

- सीपयुक्त मानवीय स्रोतको विकास गरेर विद्यार्थीलाई कामको संसारमा प्रवेशका लागि तयार राख्नु,
- गुणस्तरमा सम्झौता नगरी शिक्षाको पहुँचमा जोड दिनु,
- विद्यार्थीहरूको सिकाइलाई प्रमाणीकृत गरी प्राविधिक र साधारण माध्यमिक शिक्षामा जाने विकल्प प्रदान गर्नु,
- संस्थागत सम्बन्ध सुदृढ गर्नु र उच्च शिक्षामा प्रवेशका लागि सहजीकरण गर्नु,
- विद्यार्थीहरूलाई नागरिक दायित्व निर्वाहका लागि तयार पार्नु
- माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षामार्फ विद्यार्थीको आधारभूत सीप प्राप्तिको सुनिश्चित गरी किशोर किशोरीहरूलाई विभिन्न सीप हासिल गर्न सहयोग गर्नु

**साक्षरता तथा जीवनपर्यन्त सिकाई**

- युवा तथा प्रौढहरूमा कार्यमूलक साक्षरताको अभिवृद्धि गर्नु र पढ्ने बानीको विकास गराउनु।

**अन्तरसम्वन्धित विषयहरु**

**क) शिक्षक व्यवस्थापन र पेसागत विकास**

- विद्यार्थीको सिकाइ प्रक्रियामा सहजीकरण गर्न शिक्षकको योग्यता तथा पेसागत सक्षमताको अभिवृद्धि गर्नु,
- योग्य तथा सक्षम शिक्षक उपलब्ध गराउनु,
- शिक्षण सिकाइको दिन र शिक्षकले काममै बिताउने समय सरकारको नियम तथा निर्देशन अनुसार परिपालित भएको सुनिश्चित गर्नु,
- शिक्षक तथा विद्यार्थी बीच शिक्षण सिकाइका लागि उच्च अभिप्रेरणा तथा मनोबल कायम राख्नु।

**ख) विद्यालय सञ्चालन र व्यवस्थापन**

- सार्वजनिक शिक्षामा विकेन्द्रित व्यवस्थापनको संरचना अन्तरगत प्रभावकारी तथा गुणस्तरीय सेवा प्रवाह गराउनु।

**ग) संस्थागत क्षमता विकास**

- मुलुकको संघीय शासन प्रणालीका लागि आवश्यक पर्ने शिक्षा क्षेत्रको मानवीय संसाधनको क्षमता अभिवृद्धि गर्नु,
- सार्वजनिक शिक्षा क्षेत्रमा सक्षम तथा नतिजाउन्मुख जनशक्तिको उत्पादन गरी शिक्षाको गुणस्तर तथा सक्षमता अभिवृद्धि गर्नु।

**घ) विपत् जोखिम न्यूनीकरण र विद्यालय सुरक्षा**

- सवै विद्यार्थीका लागि अनुकुल र सुरक्षित विद्यालय वातावरण सुनिश्चित गर्नु।
- विद्यालय तहमा विपद जोखिम न्यूनिकरणको व्यवस्थापन तथा समुदाय वीच सहकार्य तथा सौहार्द्रपुर्ण वातावरण सृजना गरी शिक्षा क्षेत्रमा समग्र विद्यालय सुरक्षा तथा विपद जोखिम न्यूनिकरणलाई मुल प्रवाहिकरण गर्नु।

**ङ) अनुगमन तथा मूल्यांकन**

- कार्यक्रमका लगानी, प्रक्रिया तथा उपलब्धिको अनुगमन र कार्यक्रमका प्रभावको मूल्यांकन गर्नु,
- नीति निर्माताहरूका लागि शैक्षिक प्रणालीको अवस्था र सिकाइ उपलब्धिको सूचना तथा जानकारी उपलब्ध गराउनु,
- कार्यक्रमको अवस्था र क्रियाकलाप बारे कार्यान्वयनकर्तालाई नियमित पृष्ठपोषण प्रदान गर्नु,
- स्थानीय तथा जिल्ला तहका सरोकारवाला तथा जिम्मेवार अधिकारीहरूलाई योजनाका लागि सूचनाको उपलब्धता सुनिश्चित गर्नु।

**च) परीक्षा तथा प्रमाणीकरण**

- विद्यार्थीको शैक्षिक स्तर र शैक्षिक उपलव्धीको परीक्षण गरी प्रमाणीकरण गर्नु
- प्रमाणीकरण तथा शैक्षिक योग्यताको विश्वसनीय परीक्षण प्रणालीको विकास गर्नु,
- मुलुकभरका प्रमाण पत्रलाई प्रमाणीकरण गरी मान्यता प्रदान गर्नु,

**छ) शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग**

- शिक्षण सिकाई क्रियाकपालमा सुधार गर्ने,
- सिकाई सामग्रीमा पहुच वढाउने,
- शैक्षिक प्रशासन तथा व्यवस्थापनलाई प्रभावकारी तथा सक्षम वनाउने,
- शिक्षामा प्रविधिको प्रयोग मार्फत गुणस्तर अभिवृद्धिमा सहयोग पुर्याउने

**ज) विद्यालयमा स्वास्थ्य तथा पोषण**

- जुका नियन्त्रण, सूक्ष्मपोषक तत्वको पूरण, औलोको उपचार तथा दृष्टि एवम् श्रवणको जाँच लगायत विद्यालयका स्वास्थ्य एवम् पोषण सेवा वृद्धि गर्नु,
- सबै विद्यालयमा सबै बालबालिका, केटा, केटी र अपांगता भएका विद्यार्थी एवम् शिक्षकका लागि खाने पानी तथा सरसफाइको व्यवस्था सुनिश्चित गर्नु,
- बालिकाहरूको गोपनीयता तथा महिनावारी सम्बन्धी स्वास्थ्यको आवश्यकता पूरा गरी तिनको विद्यालय सहभागिता तथा सिकाइ उपलब्धि बढाउनु, विद्यालय छाड्ने दर कम गराउनु,
- एचआईभी/एड्स निवारण लगायत सीपमा आधारित स्वस्थकर व्यवहारको उत्थान गर्नु, स्वास्थ्य तथा पोषण कार्यक्रम मार्फत विद्यार्थीमा स्वस्थकर व्यवहारको विकास गर्नु।

| स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| **क्रियकालाप नं. २.१५.११.७६९** | • गाँउपालिका/नगरपालिका | पहिलो, दोश्रो तथा | • पारिश्रमिक निकासा |

| स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| **प्रारम्भिक बाल विकास / पूर्व प्राथमिक कक्षाका सहजकर्ताहरुको पारीश्रमिक**<br>क) विद्यालय र विद्यालयसँग मातृ सम्बन्ध स्थापना गरी सञ्चालनमा रहेका प्रारम्भिक बालविकास केन्द्रमा कार्यरत बालविकासका सहजकर्ताको पारिश्रमिक प्रति महिना रू ६००० का दरले चाडपर्व खर्चसहित १३ महिनाको हुन आउने रकम विद्यालयको खातामा निकासा दिने। पारिश्रमिक निकासा दिँदासम्बन्धित विद्यालयले शिक्षकको प्रमाणित हाजिरी र सिफारिस पेश गर्नुपर्ने। सम्बन्धित विद्यालयहरूले IEMIS फारम भर्दा प्रारम्भिक बाल कक्षाको तथ्याङ्क अनिवार्यरुपमा भर्ने व्यवस्था मिलाउने।<br>**ख**) समुदायमा सञ्चालित बालविकासकेन्द्रका सहजकर्ताहरुको पारिश्रमिक निकासा दिँदा सम्वन्धित संस्थाले शैक्षिक तथ्याङ्क २०७५ भरी प्रमाणित भएको यकिन गरेर निकासा दिने। | • शिक्षा विकास तथा समन्वय इकाई<br>• बालविकासकेन्द्र व्यवस्थापन समिति | तेश्रो चौमासिक | आदेश<br>• प्राप्त प्रारम्भिक बाल शिक्षा सहजकर्ताको प्रमाणित हाजिरी प्रतिवेदन<br>• **प्रारम्भिक बाल शिक्षा कक्षा/विद्यालय**ले भरेको शैक्षिक तथ्याङ्क |
| **क्रियाकलाप नं. २.१५.११.७६८**<br>**विद्यालय कर्मचारी व्यबस्थापन अनुदान (आधारभूत तथा माध्यमिक तह)**<br>आधारभूत तथा माध्यमिक तह सञ्चालन भएका विद्यालयहरुमा विद्यालय सहयोगी कर्मचारी र विद्यालय सहायक कर्मचारी व्यवस्थापनका लागि देहाय अनुसारको रकम पारिश्रमिकको रुपमा निकासा दिने।<br>विद्यालय कर्मचारीहरुको लागि निकासा दिनु अगाडि नै सबै विद्यालय कर्मचारीको अभिलेख स्थानीय तहको कार्यालयमा राख्ने व्यवस्था मिलाउने र विद्यालय कर्मचारीका लागि देहायका आधार एवं मापदण्डका आधारमा अनुदान रकम निकासा दिने।<br>**विद्यालय कर्मचारी आधारभुत विद्यालय :**<br>• कक्षा १-२ सम्म चलेका विद्यालयलाई १ जना विद्यालय सहयोगीका लागि वार्षिक एकमुष्ठ रु २६,०००। पारिश्रमिक अनुदान<br>• कक्षा १–३ सम्म चलेका विद्यालयलाई १ जना विद्यालय सहयोगीका लागि मासिक ४,०००। का दरले १३ महिना बराबरको पारिश्रमिक अनुदान<br>• कक्षा १–५ सम्म चलेका विद्यालयमा १ जना विद्यालय सहयोगीका लागि मासिक ४,५००। का दरले १३ महिना बराबरको पारिश्रमिक अनुदान<br>• कक्षा १–८ सम्म चलेका विद्यालयलाई १ जना विद्यालय सहयोगीका लागि मासिक ७,५००। का दरले १३ महिना बराबरको पारिश्रमिक अनुदान<br>**विद्यालय कर्मचारी माध्यमिक विद्यालय :**<br>क) कक्षा १–१० तथा कक्षा १–१२ सम्म चलेका माध्यमिक विद्यालयमा १ जना विद्यालय सहयोगीका लागि मासिक ७,५००। का दरले १३ महिना बराबरको पारिश्रमिक अनुदान उपलब्ध गराउने।<br>ख) कक्षा १–१० तथा कक्षा कक्षा १–१२ सम्म चलेका विद्यालयमा १ जना विद्यालय सहायक कर्मचारीकालागि मासिक ११,५००। का दरले १३ महिना बराबरको पारिश्रमिक अनुदान उपलब्ध गराउने। | • गाँउपालिका/नगरपालिका<br>• विद्यालयहरू | प्रथम चौमासिक | • अनुदान प्राप्त गर्ने विद्यालय सङ्ख्या<br>• विद्यालयमा उपलब्ध विद्यालय कर्मचारी सङ्ख्या<br>• पारिश्रमिक बुझेको भरपाई |

<table>
<tr><th>स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया</th><th>जिम्मेवार तह</th><th>समयावधि</th><th>अनुगमन/परिणाम सूचक</th></tr>
<tr><td>१) यस शीर्षकमा विनियोजित बजेट विद्यालयले तोकिएको न्यूनतम पारिश्रमिक कर्मचारीका लागि दिने गरी विद्यालयलाई निर्देशन सहित निकासा दिने ।<br>२) जिल्लालाई विनियोजित रकम नपुग भएको हदसम्म अनुमति पाएका मितिले जेष्ठताका आधारमा विद्यालयमा अनुदान पठाउने ।<br>३) जिल्लालाई प्राप्त बजेट माथि उल्लिखित आधारमा वितरण गर्दा अपुग हुने भएमा न्यून विद्यार्थी सङ्ख्या भएका र हाल सालै अनुमति प्राप्त गरेका विद्यालयहरूलाई पछिल्लो प्रथामिकतामा राख्ने ।<br>माथि उल्लिखित आधारमा विद्यालय कर्मचारी व्यवस्थापनका लागि अनुदान उपलब्ध गराउँदा २०६३ बैशाख १० गतेभन्दा अगाडि देखि नियुक्ति पाई कार्यरत भएको कर्मचारीका हकमा देहायअनुसार हुने गरी व्यवस्थापन गरी प्राथमिकता दिने :<br>(क) विद्यालय सहायक एवम् विद्यालय सहयोगीको रूपमा कार्यरत कर्मचारीहरूलाई नै समायोजन गर्ने ।<br>(ख) रकम प्राप्त भएको आधारमा मात्र विद्यालयमा हाल कार्यरत कर्मचारी विस्थापित हुने गरी नयाँ कर्मचारी कुनै कारणले नियुक्ति नगर्ने ।<br>(ग) विद्यालयमा तोकिएभन्दा बढी कर्मचारी कार्यरत भएको अवस्थामा, अनुदान जाने तर कर्मचारी नियुक्ति नभएका अन्य विद्यालयमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिको सहमति लिई तोकिएकै सङ्ख्यामा समायोजन गर्ने ।<br>(घ) कुनै विद्यालयमा तोकिएभन्दा बढी कर्मचारी कार्यरत रहेको अवस्थामा विद्यालयसँग प्रत्यक्ष रूपमा सम्बन्धित आर्थिक प्रशासन तथा सहयोगीको रूपमा काम गर्ने कर्मचारीहरूमध्ये जेष्ठताका आधारमा तलबभत्ता खाने कर्मचारीको रूपमा विद्यालयबाटै तोक्ने व्यवस्था मिलाउने र सोको अभिलेख स्थानीय तहमा राख्ने । जस्तै कार्यरतमध्ये विद्यालय सहायक, लेखा प्रशासनको काम गर्ने कर्मचारी, स्वीपर, सुरक्षा गार्ड, माली, आदि भएमा विद्यालय सहयोगी र आर्थिक प्रशासन (लेखा)को काम गर्ने कर्मचारीलाई प्राथमिकता दिई राख्ने ।<br>(ङ) विद्यालय कर्मचारीका लागि नेपाल सरकारबाट उपलब्ध अनुदानमा विद्यालयले आफ्नो आन्तरिक स्रोतबाट व्यवस्था गरी स्थानीय तह वा विव्यसले थप रकम उपलब्ध गराउन सक्नेछ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>क्रियकालाप नं. २.१५.११.७७०<br>शिक्षण सिकाइ सामग्री तथा वुक कर्नर ब्यवस्थापन तथा निरन्तर विद्यार्थी मुल्यांकनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा वाल विकास - १२)<br>यस शीर्षक तर्फ प्राप्त अनुदालाई तपशिल अनुसार कार्यान्वयन गर्ने :<br>शिक्षण सिकाइ सामग्री तथा वुक कर्नर ब्यवस्थापन<br>क) प्रत्येक सामुदायिक विद्यालयको वाल विकास कक्षा, (कक्षा १-५), (कक्षा ६-८), (कक्षा ९-१०) र (कक्षा ११-१२) तहका विद्यार्थी सङ्ख्या एकिन गर्ने ।<br>ख) एकिन गरिएको प्रत्येक तहगत विद्यार्थी सङ्ख्याले निम्न तालिका बमोजिम तह अनुसार निर्धारण गरिएको प्रति विद्यार्थी लागत रकमले गुणन गरी आएको अङ्क बराबरको रकम विद्यालयलाई एकमुष्ठ अनुदान निकासा दिने । विद्यालयमा निकासा हुने उक्त रकम वि.व्य.स. को निर्णयबमोजिम विद्यालय सुधार योजना कार्यान्वियन, शैक्षिक सामग्री व्यवस्थापन, विद्यालय शिक्षाको गुणस्तर सुधार, सामान्य मर्मत सम्भार तथा PMEC को वुक कर्नर तथा सिकाइ सामग्री लगायतका क्षेत्रमा खर्च गर्न सकिने व्यहोरा सहित विद्यालयलाई स्पष्ट निर्देशन गर्ने ।<table><tr><td>तह</td><td>दर</td></tr></table></td><td>• गाँउपालिका/नगरपालिका<br>• विद्यालय</td><td>प्रथम चौमासिक</td><td>• निकासा आदेश<br>• प्राप्त प्रगति प्रतिवेदन<br>• कक्षाले भरेको शैक्षिक तथ्याङ्क</td></tr>
</table>

<table>
<tr><th>स्वीकृत क्रियाकलाप नं,  क्रियाकलाप र कार्यान्वयन प्रक्रिया</th><th>जिम्मेवार तह</th><th>समयावधि</th><th>अनुगमन/परिणाम सूचक</th></tr>
<tr><td>
<table>
<tr><td>वाल विकास कक्षा</td><td>प्रति विद्यार्थी रु ५००</td></tr>
<tr><td>आधारभूत  तह(कक्षा १-५)</td><td>प्रति विद्यार्थी रू. १५०</td></tr>
<tr><td>आधारभूत  तह(कक्षा ६-८)</td><td>प्रति विद्यार्थी रू. २००</td></tr>
<tr><td>माध्यमिक तह (कक्षा ९-१०)</td><td>प्रति विद्यार्थी रू. २००</td></tr>
<tr><td>माध्यमिक तह (कक्षा ११-१२)</td><td>प्रति विद्यार्थी रू. २५०</td></tr>
<tr><td>निरन्तर विद्यार्थी मूल्याङ्कन लागि आबश्यक सामाग्रीअनुदान (कक्षा -१)</td><td>प्रति विद्यार्थी  रु १००</td></tr>
</table>
ग) प्रारम्भिक बाल शिक्षाका लागि शैक्षिक सामग्री, बालमैत्री कक्षा व्यवस्थापन गर्नका लागि  प्रति विद्यार्थी  वार्षिक रू ५०० का दरले प्रत्येक प्रारम्भिक बाल शिक्षा कक्षालाई एकमुष्ठ निकाशा गर्ने । उक्त रकमबाट प्रारम्भिक बाल शिक्षाका लागि मात्र खर्च गर्ने गरी बाल शिक्षा सहजकर्ताको राय सुझाव लिई  प्रारम्भिक बाल शिक्षाको राष्ट्रिय न्यूनतम मापदण्डमा उल्लेख भएका सिकाइ सामग्रीहरू जस्तैः ब्लक, पुतली, नरम खेलौना, नरम बल, रिङ, पजल आदि खरिद गर्ने । केन्द्रमा रहेका सिकाइ सामग्रीको  प्रभावकारी  रूपमा प्रयोगका लागि नियमित निरीक्षण अनुगमनको व्यवस्था मिलाउने ।<br>
घ) यो अनुदान शैक्षिक तथ्याङ्क २०७५ भरेका प्रारम्भिक वाल कक्षाहरूलाई मात्र उपलब्ध गराउने र केन्द्रले यस्ता सामग्री प्रत्येक वर्ष थप्दै जाने ।<br>
निरन्तर  विद्यार्थी मुल्यांकनका लागि प्रति विद्यार्थी लागत अनुदान<br>
ङ) निरन्तर विद्यार्थी मूल्याङ्कनका लागि कक्षा १ मा नयाँ भर्ना भएका विद्यार्थी सङ्ख्यालाई आधार मानी प्रति विद्यार्थी रू.१०० का दरले विद्यालयलाई रकम उपलब्ध गराउने । विद्यालयले सो रकमबाट कक्षा १ मा भर्ना भएका प्रत्येक विद्यार्थीको प्रोर्टफोलियो तयार गर्ने, कक्षा २ देखि ७ सम्मका अन्य विद्यार्थीहरुका हकमा यस अघिदेखि नै प्रोर्टफोलियो तयार गर्न रकम प्राप्त भई तयार भएको प्रोर्टफोलियोलाई नै अध्यावधिक गरी निरन्तर उपयोग गर्ने, कक्षा १-७ का विद्यार्थीको व्यक्तिगत सिकाइ योजना निर्माण र कार्यान्वयन गर्ने । तोकिएका सिकाइ उपलब्धि र विद्यार्थीको व्यक्तिगत सिकाइ योजना अनुसार सिकाइ सुनिश्चितता गर्न सिकाइ लेखाजोखा र उपचारात्मक शिक्षण गर्ने । विद्यार्थीको फाइलमा आवश्यकता अनुसार विद्यार्थीका सिर्जनात्मक कार्य, परियोजना कार्य, व्यवहार परिवर्तन, कक्षा सहभागिता, हाजिरी जस्ता विभिन्न अभिलेख समेत राखी तिनीहरूको आधारमा मूल्याङ्कन गर्ने परिपाटी बसाउनुपर्ने र उक्त फाइल माथिल्लो कक्षामा समेत उपयोग गर्ने ।<br>
निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम पाठ्यक्रम विकास केन्द्रको वेबसाइट www.moecdc.gov.np मा उपलब्ध छ ।
</td><td></td><td></td><td></td></tr>
<tr><td>क्रियकालाप नं. २.१५.११.७६१<br>कक्षा १-१० सम्म अध्ययनरत विद्यार्थीहरुका लागि पाठ्यपुस्तक अनुदान</td><td></td><td></td><td></td></tr>
<tr><td>प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १० सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउन र सोको लागि अनुदान रकम उपलब्ध गराउन  स्थानीय तह एवम् विद्यालयले निम्नानुसार गर्ने :<br>
क)  स्थानीय तह :<br>
१) सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्क  सङ्कलन गरी सम्बन्धित शिक्षा अधिकृतबाट प्रमाणित गराउने सो आधारमा पाठयपुस्तकको सङ्ख्या कक्षागत रुपमा एकिन गर्ने । यस कार्यका लागि शिक्षा विकास तथा समन्वय इकाईले  सहजिकरण गर्नेछ ।<br>
२) एकीन सङ्ख्याका आधारमा दोस्रो चौमासिकभित्र विद्यालयहरूलाई अनुदान निकासा दिने । यसरी निकासा दिंदा पहिलो पटकमा विद्यार्थी</td>
<td>• शिक्षा तथा मानव स्रोत विकास केन्द्र<br>• शिक्षा विकास तथा समन्वय इकाई<br>• गाँउपालिका/नगरपालिका<br>• विद्यालयहरू</td>
<td>दोस्रो चौमासिक</td>
<td>• निःशुल्क पाठ्यपुस्तक प्राप्त गर्ने विद्यार्थी सङ्ख्या<br>• शैक्षिक सत्र सुरू भएको १५ दिनभित्र पाठ्यपुस्तक उपलब्ध</td></tr>
</table>

| स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| सङ्ख्याको ७५ प्रतिशत सङ्ख्यालाई मात्र निकासा दिने । २०७६ वैशाखबाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्ना भएको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा नपुग हुने रकम मात्र थप निकासा दिने व्यवस्था गर्ने ।<br>३) पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत दररेट बमोजिम पाठ्यपुस्तकको लागि अनुदान निकासा दिने ।<br>४) विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य स्थानीय तहको हुनेछ ।<br>५) पाठ्यपुस्तक वितरण व्यवस्थापन :<br>विद्यालयमा पाठ्यपुस्तक वितरण र प्रयोग सम्बन्धमा समन्वय गर्ने गरी फोकल पर्सनको जिम्मेवारी तोक्ने । फोकल पर्सनले शैक्षिक सत्रको सुरूमै पाठ्यपुस्तकको उपलब्धता, वितरण, विक्रेता र विद्यालय बीच समन्वय गर्ने र सोको प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाई तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा निरन्तर रूपमा पठाउने ।<br>६) पाठ्यपुस्तक व्यवस्थापनसम्बन्धी सम्पूर्ण कार्य "पाठ्यपुस्तक तथा पाठ्य सामग्री छपाइ तथा वितरण निर्देशिका २०६७" बमोजिम गर्ने गराउने ।<br>**ख विद्यालयस्तर**<br>१) विद्यालयले नयाँ पाठ्यपुस्तकको लागि एकिन भएको कक्षागत विद्यार्थी सङ्ख्या स्थानीय तहमा समयमा नै उपलब्ध गराउने ।<br>२) स्थानीय तहबाट प्राप्त निकासा रकमबाट शैक्षिक सत्रको सुरूमै पाठ्यपुस्तक खरिद गरी विद्यार्थी भर्नासँगै पाठ्यपुस्तक उपलव्ध गराउने ।<br>३) विद्यालयले विद्यार्थीहरूका लागि हरेक कक्षामा ऐच्छिक विषय समेत सेटमा नै नयाँ पाठ्यपुस्तक खरिद गरी वितरण गर्नु पर्ने ।<br>४) विद्यालयले विद्यार्थीहरूलाई नयाँ पाठ्यपुस्तक वितरण गर्नुभन्दा पहिले अघिल्लो वर्ष निजहरूलाई वितरित पाठ्य पुस्तकहरू फिर्ता लिई उपयोग गर्न योग्य पुस्तकहरू पुस्तकालय वा कक्षा कोठाभित्र पुस्तक कुना **(Book Corner)** मा राख्ने व्यवस्था गर्ने ।<br>५) विद्यालयले समयमा पाठ्यपुस्तक खरिद नगरेमा, पुराना पाठ्यपुस्तक प्रयोग गरी निःशुल्क पाठ्य पुस्तकका लागि निकासा भएको रकम अन्य शीर्षकमा खर्च गरेमा, अनुमति प्राप्त नगरेको संस्थाबाट छपाइ भएको पाठ्यपुस्तक खरिद गरी प्रयोग गरेमा कानुन बमोजिम कारबाही हुनेछ । | | | हुने बालबालिकाको सङ्ख्या<br>• अनुगमन प्रतिदेदन |
| **क्रियकालाप नं. २.१५.११.७७१**<br>**कक्षा ११-१२ मा अध्ययनरत तोकिएका लक्षितवर्गका विद्यार्थीहरुका लागि पुस्तकालयमा आधारित हुने गरी पाठ्यपुस्तक उपलब्ध गराउन विद्यालयलाइ अनुदान**<br>क) स्थानीय तहले सामुदायिक माध्यमिक विद्यालय कक्षा ११-१२ मा अध्ययनरत विद्यार्थीहरूलाई पुस्तकालयबाट नै पाठ्यपुस्तक लैजाने ल्याउने गरी व्यवस्थापन गर्न प्रति विद्यालय रू. ५०,०००।– का दरले विद्यालयलाई एकमुष्ठ निकासा उपलब्ध गराउने ।<br>ख) विद्यालयले प्राप्त निकासा रकमबाट पा.पु. खरिद गरी पुस्तकालयमा राख्ने र कक्षा ११-१२ अध्ययन गर्ने विद्यार्थीका लागि पुस्तकालय कार्डको व्यवस्था गरी विद्यार्थीहरूले पुस्तकालयबाट अवधि तोकि पाठ्यपुस्तक लैजाने व्यवस्था मिलाउने र अनिवार्य रूपमा फिर्ता गर्ने | • शिक्षा तथा मानव स्रोत विकास केन्द्र<br>• शिक्षा विकास तथा समन्वय इकाई<br>• गाँउपालिका/नगरपालिका<br>• विद्यालयहरू | दोस्रो चौमासिक | • निःशुल्क पाठ्यपुस्तक प्रयोग गर्ने विद्यार्थी सङ्ख्या<br>• शैक्षिक सत्र सुरू भएको १५ दिनभित्र पाठ्यपुस्तक उपलब्ध हुने बालबालिकाको सङ्ख्या |

<table>
<tr><th>स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया</th><th>जिम्मेवार तह</th><th>समयावधि</th><th>अनुगमन/परिणाम सूचक</th></tr>
<tr><td>व्यवस्था समेत मिलाउने ।<br>ग) यो रकम पाठ्यपुस्तक र स्वीकृत पाठ्यक्रममा भएको वा पाठ्यक्रम विकास केन्द्रले सम्बन्धित कक्षाका लागि भनेर स्वीकृत गरी सार्वजनिक गरेको सन्दर्भ सूची भन्दा वाहिरका पुस्तक/पत्रपत्रिकाहरु खरिद गर्न पाइने छैन ।</td><td></td><td></td><td>• अनुगमन प्रतिवेदन</td></tr>
<tr><td>छात्रवृत्ति</td><td></td><td></td><td></td></tr>
<tr><td>क्रियकालाप नं. २.१५.११.७७२<br>सामुदायिक विद्यालयका आधारभूत तथा माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुका लागि विपन्न लक्षित हुने गरी गैर आवासीय छात्रबृत्ती<br>स्थानीय तहले देहाय अनुसारको आधारमा विद्यालयहरुलाई निकासा दिने :
<table>
<tr><th>तह</th><th>दर</th></tr>
<tr><td>छात्रा छात्रवृत्ति कक्षा १-८</td><td>प्रति विद्यार्थी रु ४०० (मुगु, डोल्पा, हुम्ला, जुम्ला र कालिकोट जिल्लाको हकमा १-५ मा अध्ययनरत छात्राहरूका लागि वार्षिक रू १००० .(एकहजार) र कक्षा ६-८ मा अध्ययनरत छात्राहरूका लागि रू १५०० .(एक हजार पाँच सय))</td></tr>
<tr><td>दलित छात्रबृत्ती कक्षा१-८</td><td>प्रति विद्यार्थी रू. ४००</td></tr>
<tr><td>दलित छात्रवृत्ति (कक्षा १०) गैर अवासीय</td><td>प्रति विद्यार्थी रू. ५००</td></tr>
</table>
विद्यालयले :<br>क) छात्रवृति अनुदान प्राप्त विद्यालय व्यवस्थापन समितिले स्थानीय तहको निर्देशन एवम् आधारहरूलाई ध्यानमा राखी शिक्षक, शिक्षक अभिभावक सङ्घ समेतको सहभागितामा विद्यालयमा उपलब्ध अनुदान (छात्रवृत्ति) मध्येबाट विद्यालय व्यवस्थापन समितिले थप आधारहरू तय गरी छात्रवृत्ति पाउने छात्रछात्राहरूको नामावली सहितको विवरण अद्यावधिक गर्ने । सो नामावली विद्यालयको सूचना पाटीमा अनिवार्य रूपमा टाँस्न लगाउने ।<br>ख) यस प्रकारको छात्रवृति शैक्षिक सत्र २०७६ साल वैशाखमा भर्ना भएकाले मात्र पाउने व्यवस्था मिलाउने ।<br>मुक्त कम्लहरीका लागि छात्रवृत्ति<br>क) मुक्त कम्लहरीका लागि शिक्षा निर्देशिका २०६८ बमोजिम घरबाट आवतजावत गर्ने मुक्त कम्लहरीहरूलाई स्पष्ट पहिचान गरी देहायबमोजिम छात्रवृत्ति प्रदान गर्नेः<br>• आधारभूत तह (१-८) का लागि प्रति विद्यार्थी मासिक रू १५०/- का दरले १० महिनाको वार्षिक रू १,५००/-<br>• माध्यमिक तहको छात्रवृत्ति (कक्षा ९-१०) का लागि प्रति विद्यार्थी मासिक रू १८०/- का दरले १० महिनाको वार्षिक रू १,८००/-<br>• माध्यमिक तहको छात्रवृत्ति (कक्षा ११-१२) का लागि प्रति विद्यार्थी मासिक रू ५००/- का दरले १० महिनाको वार्षिक रू ५,०००/-<br>उच्च शिक्षाको छात्रवृत्तिको लागि प्रति विद्यार्थी मासिक रू. १०००/- का दरले १० महिनाको रू. १०,०००/-<br>अपांग छात्रवृत्ति (कक्षा १-१२)</td><td>• गाँउपालिका/नगरपालिका<br>• शिक्षा विकास तथा समन्वय इकाई<br>• विद्यालय व्यवस्थापन समिति</td><td>प्रथम चौमासिक</td><td>• छात्रवृत्ति पाउने विद्यार्थी सङ्ख्या<br>• निर्णय पुस्तिका<br>• छात्रवृत्ति वितरणको भरपाई<br>• छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नामनामेसी सहितको विवरण</td></tr>
</table>

| स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| क) कक्षा १–८ का लागि निर्धारण गरिएको छात्रवृत्ति प्रकार र आधार अनुसार नै कक्षा ९-१२ का अपाङ्गता भएका बालबालिकाहरूलाई (आवासीय वाहेक) का विद्यार्थीलाई क्रियाकलाप नं २.१५.११.७७४ मा उल्लेख भएको अपाङ्ग विद्यार्थीको वर्गीकरणको दररेट अनुसार यस शिर्षकवाट छात्रवृत्ति वितरण गर्ने। | | | |
| **क्रियाकलाप नं. २.१५.११.७७४**<br>**सामुदायिक विद्यालयमा आधारभूत तथा माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुका लागि आवासिय छात्रबृत्ती**<br>१. **मुक्त कम्लहरीका लागि छात्रवृत्ति**<br>● मुक्त कम्लहरीका लागि शिक्षा निर्देशिका,२०६८ अनुसार हुने गरी छात्रावासमा बसी अध्ययन गर्ने मुक्त कम्लहरीहरूको बसाइलाई थप व्यवस्थित गर्न देहाय बमोजिमका आधारमा रकम खर्च गर्ने।<br>● आवासमा वसी अध्ययन गर्ने छात्राहरुका लागि प्रति छात्रा प्रति महिना ४ हजारको दरले दश महिनाको ४०,००० (चालिस हजार) निकासा गर्ने।<br>● छात्रावास व्यवस्थापनका लागि विद्यालय संचालन तथा व्यवस्थापन संचालन अनुदान शिर्षकवाट रू.२ लाख ५० हजार रकम एकमुष्ठ निकासा दिने। उक्त रकम देहाय अनुसार विद्यालयले खर्च गर्ने :<br>- प्रत्येक छात्राबासका लागि प्रति समूह प्रति महिना वार्डेनका लागि रू ३,०००।–, भान्सेका लागि रू ६,०००।– र पालेका लागि रू ३०००।– का दरले १२ महिनाको रकम उपलब्ध गराउने।<br>- विषय शिक्षक, प्रअ तथा वार्डेनको सहभागितामा विषयगत तालिका बनाई विद्यालय समयका अतिरिक्त समयमा अंग्रेजी, गणित, विज्ञान विषयमा कोचिङ् कक्षा सञ्चालन गर्न प्रति दिन प्रति विषय १ घण्टाका दरले हप्तामा कम्तिमा ४ दिन अध्यापन गर्ने गरी प्रति महिना प्रति शिक्षक रू २,५००। का दरले ६ महिनाको लागि रू ४५,०००।–<br>- विव्यसको निर्णयानुसार सञ्चालन हुने अतिरिक्त क्रियाकलापका लागि एकमुष्ठ रूपमा रू ५,०००।–<br>- धारा पानी, विजुली वत्ती, मर्मत सम्भार र प्राथमिक उपचार लगायतका खर्चका लागि एकमुष्ठ रूपमा रू.१६,०००।–<br>- सम्बन्धित विद्यालयमा विव्यसको निर्णयअनुसार सिकाइ सुधारमा टेवा पुऱ्याउने सन्दर्भ सामग्रीहरू,श्रव्यदृश्य सामग्री,पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिकालगायतका सामग्री सहितको पुस्तकालय सुदृढीकरणका लागि रू. १५,०००।–<br>- छात्राहरूका लागि सीप तालीम सञ्चालन एवम् सामग्री खरिद गर्न एकमुष्ठ रूपमा रू. २००००।–<br>- छात्रावास व्यवस्थापन समितिको बैठक खर्च (वढीमा वार्षिक ६ ओटा) रू. ५०००।–<br>- नयाँ छनोट भइ आएका विद्यार्थीका लागि पलङ, सिरक डसना लयायतका वसाइ व्यवस्थापन गर्न एक पटकका लागि प्रति विद्यार्थी एकमुष्ठ रू. ६ हजार विद्यालयलाई उपलब्ध गराउने।<br>३. **सार्वजनिक नीजि साझेदारीमा सञ्चालित विद्यालय व्यवस्थापन सञ्चालन खर्च** (PPP मोडलमा सञ्चालित)<br>क) तोकिएको प्रक्रियाबाट छनौट भई स्वीकृत कोटा भित्र रहेका आवासमा वसी अध्ययन गर्ने छात्राहरुका लागि प्रति विद्यार्थी प्रति महिना ४ | ● गाँउपालिका/नगरपालिका<br>● शिक्षा विकास तथा समन्वय इकाई<br>● विद्यालय व्यवस्थापन समिति<br>● स्रोत कक्षा व्यवस्थापन समिति<br>● लेखाजोखा संयोजक | प्रथम चौमासिक | ● छात्रवृत्ति पाउने विद्यार्थी सङ्ख्या<br>● निर्णय पुस्तिका<br>● छात्रवृत्ति वितरणको भरपाई<br>● छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नामनामेसी सहितको विवरण |

| स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| हजारको दरले दश महिनाको ४०,००० (चालिस हजार) निकासा गर्ने।<br>ख) छात्रावासमा सञ्चालन व्यवस्थापनका लागि प्रति विद्यालय एकमुष्ठ रू.२ लाख ५० हजार रकम विद्यालयलाई एकमुष्ठ अनुदान उपलब्ध गराउने। छनौट भएका विद्यार्थीहरुका लागि पुर्ण रुपमा आवासीय सुविधा र नि:शुल्क अध्यापन गराउन विद्यालयले खर्च गर्ने।<br>**३. हिमाली/हिमाली आवासीय विद्यालय छात्रावास सञ्चालन खर्च**<br>क) स्वीकृत कोटा भित्र रहेका आवासमा वसी अध्ययन गर्ने छात्रछात्राहरुका लागि प्रति विद्यार्थी प्रति महिना ४ हजारको दरले दश महिनाको ४०,००० (चालिस हजार) निकासा गर्ने।<br>ख) छात्रावास व्यवस्थापनका विद्यालय संचालन तथा व्यवस्थापन संचालन अनुदान शिर्षकवाट रू.२ लाख ५० हजार रकम निकासा दिने।<br>ग) न्यूनतम २० जना आवासीय विद्यार्थी भएका यस प्रकृतिका छात्रावासमा सन्चालन व्यवस्थापनका लागि प्रति विद्यालय एकमुष्ठ रू.२ लाख ५० हजार रकम विद्यालयलाई एकमुष्ठ अनुदान उपलब्ध गराउने।<br>घ) उक्तरकम मुक्त कमलहरी छात्रवास व्यवस्थापन शिर्षकमा उल्लेख भएअनुसार विद्यालयले खर्च गर्ने।<br>**४.अति सिमान्तकृत समुदायका बालबालिकाहरूको छात्रावास सञ्चालन खर्च**<br>क) स्वीकृत कोटा भित्र रहेका आवासमा वसी अध्ययन गर्ने विद्यार्थीहरुका लागि प्रति विद्यार्थी प्रति महिना ४ हजारको दरले दश महिनाको ४०,००० (चालिस हजार) निकासा गर्ने।<br>ख) छात्रावासमा सञ्चालन व्यवस्थापनका लागि प्रतिविद्यालय एकमुष्ठ रू.२ लाख ५० हजार रकम विद्यालयलाई एकमुष्ठ अनुदान उपलब्ध गराउने।<br>**ग)** उक्त माथि वुदा नं १ मा उल्लेखित रकम मुक्त कमलहरी छात्रवास व्यवस्थापन शिर्षकमा उल्लेख भएअनुसार झै आधारमा विद्यालयले खर्च गर्ने।<br>**५. फिडर छात्रावास**<br>क) स्वीकृत कोटा भित्र रहेका आवासमा वसी अध्ययन गर्ने छात्राहरुका लागि प्रति विद्यार्थी प्रति महिना ४ हजारको दरले दश महिनाको ४०,००० (चालिस हजार) निकासा गर्ने।<br>ख) छात्रावासमा सञ्चालन व्यवस्थापनका लागि प्रति विद्यालय एकमुष्ठ रू.२ लाख ५० हजार रकम विद्यालयलाई एकमुष्ठ अनुदान उपलब्ध गराउने। उक्त रकमबाट विद्यालयले निम्नानुसार व्यवस्थापन गर्नेः<br>**ग)** उक्त माथि वुदा नं १ मा उल्लेखित रकम मुक्त कमलहरी छात्रवास व्यवस्थापन शिर्षकमा उल्लेख भएअनुसार झै आधारमा विद्यालयले खर्च गर्ने।<br>***नोट : माथि उल्लेखित आवासीय विद्यालयको छात्रावास व्यवस्थापन खर्च क्रियाकलाप नं २.१५.११.७९८ मा विनियोजन भएको छ।***<br>**६. अपाङ्ग छात्रृत्ति**<br>**क) छात्रवृत्ति वितरणका आधारहरूः**<br>१. अपाङ्गता भएका बालबालिकाहरूको अध्ययन अवसरमा अभिबृद्धि गर्न र सिकाइमा गुणस्तर कायम गर्नका लागि आवासीय, सहयोगी सहायता सेवा, यातायात सेवा र शैक्षिक सामग्री एवम् प्रोत्साहन गरी चार प्रकारको छात्रवृत्तिको व्यवस्था गरिएको छ। विद्यालयमा रहेका अपाङ्गता भएका विद्यार्थीलाई अपाङ्गताको तह र अवस्थाअनुसार लेखाजोखा गरी छात्रवृतिको प्रकार निर्धारण गरी विद्यालयगत | | | |

| स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
| --- | --- | --- | --- |
| छात्रवृतिको व्यवस्था मिलाई विद्यार्थीले पाउने गरी विद्यालयमा निकासाको व्यवस्था गर्ने ।<br>२. विगतदेखि संचालनमा रहेका स्रोतकक्षा विद्यालयमा प्राप्त रकम खर्च गरी विद्यालयबाटै आवास सञ्चालन भएको भए विद्यालयले साविक वमोजिम आवास खर्चमा प्रयोग गर्ने र अभिभावकहरूबाट आवास सञ्चालन गरेको भए अभिभावकहरूको रोहवरमा विद्यार्थीहरूलाई बुझाउने । साथै कुनै संस्थाबाट आवास व्यवस्थापन गरेको अवस्था भएमा उक्त संस्थालाई संझौताअनुसार तोकिएको रकम दिने ,<br>३. स्रोत कक्षामा आवासीयरूपमा नबस्ने वा स्रोतकक्षा नभएको अन्य विद्यालयहरूमा अध्ययन गर्ने अपाङ्गता भएका विद्यार्थीहरूलाई छात्रवृत्ति रकम सम्बन्धित अभिभावकको रोहवरमा विद्यालयले बुझाउने ।<br>ख) छात्रवृत्तिको प्रकार विभाजनका आधारहरू र विद्यार्थीले पाउने छात्रवृत्ति देहाय बमोजिम रहेका छन्ः<br>१. **आवासीय छात्रवृतिः** भौगोलिक अवस्था, दूरी र अपाङ्गताको अवस्थाको कारणले घरबाट दैनिकरूपमा आवतजावत गर्न नसक्ने एवम् अध्ययनका लागि डेरा गरी वा विद्यालयले व्यवस्था गरेको आवासमा बस्ने अपाङ्गता भएका विपन्न बालबालिकाको तोकिएको कोटा सङ्ख्याको आधारमा प्रति विद्यार्थी प्रति महिना रू. ४,०००।- का दरले १० महिनाका लागि रू. ४०,०००।– का दरले विद्यालयलाई निकासा दिने । यस प्रकारको छात्रवृत्ति रकमबाट छात्रावासमा बस्ने छात्रछात्राहरूको लागि खाना तथा खाजा, आवास व्यवस्थापन लगायतका कार्यमा खर्च गर्ने । सोमध्ये व्यक्तिगत सरसफाइको लागि आवश्यक पर्ने सामग्रीहरू(जस्तैः साबुन, काइयो, दन्तमञ्जन, बुरूस, नेलकटर, कोल्डक्रिम,स्याम्पु, रूमाल, स्यानेटरी न्याँप्किन आदि) खरिद गर्न प्रति विद्यार्थी मासिक रू. ५००/- का दरले १० महिनाको जम्मा रू. ५,०००।– सम्बन्धित छात्रछात्राहरूलाई भरपाई गराई नगद नै अनिवार्य रूपमा उपलब्ध गराउने र बाँकी रकमबाट आवास व्यवस्थापन गर्ने ।<br>२. **सहयोगी सहायता सेवा छात्रवृत्ति (गैर आवासीय):** घरबाट आउँदाजाँदा र विद्यालयमा रहँदा निरन्तर रूपमा अरूको सहयोग र साधन आवश्यक पर्ने अपाङ्गता भएकाप्रति विद्यार्थी प्रति महिना रू.५००।- का दरले १० महिनाको लागि रू.५,०००।–,<br>३. **यातायात सेवा छात्रवृत्ति (गैर आवासीय):** घरबाट आउँदा जाँदा यातायातका साधन वा अन्य उपकरण प्रयोग गर्नुपर्ने अपाङ्गता भएका बालबालिकालाई प्रति विद्यार्थी प्रति महिना रू.३००।- का दरले १० महिनाको लागि रू.३,०००।–<br>४. **शैक्षिक सामग्री छात्रवृत्ति (गैर आवासीय):** घरबाट आउन जान सक्ने सामान्य अपाङ्गता भएका प्रति विद्यार्थी प्रति महिना रू.१००।- का दरले १० महिनाको रू.१,०००।—<br>पुनश्च ; कुनै सङ्घ/संस्था/तह/व्यक्तिले सम्झौता गरी अपाङ्गता भएका बालबालिकाको लागि आवास व्यवस्थापन गर्न रकम उपलब्ध गराएको भएमा सोही प्रयोजनको लागि दोहोरो नपर्ने गरी आवासीय छात्रवृत्ति उपलब्ध गराउने ।<br>ग) कुनै पनि छात्रवृत्ति दोहोरो नपर्ने गरी वितरण गर्नुपर्ने छ । छात्रवृत्ति वितरण गर्दा अपाङ्गता परिचय पत्रको आधारमा गर्ने । | | | |
| ***क्रियाकलाप नं २.१५.११.७९८* विद्यालय सञ्चालन व्यबस्थापन अनुदान**<br>**यस शीर्षक अन्तरगत प्राप्त रकमलाई देहाय अनुसार विद्यालयमा निकासा दिने** :<br>विद्यालय सञ्चालन मसलन्द खर्चलाई देहायको आधारमा विद्यालयमा अनुदान दिने । यस कार्यक्रमवाट विद्यालय सञ्चालन, व्यवस्थापन साथै विद्यालयतहको Excel Based को Electronic Based IEMIS को तयारी र प्रयोग सम्वन्धी सवै कार्यहरू गर्ने गराउने । विद्यालयमा पठाईने एकमुष्ठ सञ्चालन मसलन्दवाट गरिने कार्यहरूको कार्य-योजना विद्यालय व्यवस्थापन समितिवाट स्वीकृत गराइ कार्यान्वयन र खर्च गर्ने व्यवस्था मिलाउने ।<br>**क) आधारभूत विद्यालयको लागिः**<br>कक्षा १–५ सञ्चालन भएको विद्यालयलाई वार्षिक रू. १५,०००/– र कक्षा १–८ सञ्चालन भएको विद्यालयलाई वार्षिक रु २००००/– निकासा | • गाँउपालिका/नगरपालिका<br>• शिक्षा विकास तथा समन्वय इकाई<br>• विद्यालयहरू | प्रथम चौमासिक | • अनुदान प्राप्त गर्ने विद्यालय सङ्ख्या<br>• विद्यालयमा उपलब्ध शैक्षिक सामग्री र प्रयोगको अवस्था<br>• विद्यालयमा दिएको निकासा पत्र |

| स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| दिने।<br>**(ख) माध्यमिक विद्यालयको लागि:**<br>कक्षा १-१० सञ्चालन भएको विद्यालयलाई वार्षिक रू. २५,०००/– र कक्षा १-१२ सम्म सञ्चालन भएको विद्यालयलाई वार्षिक रु ३००००/– निकासा दिने।<br>(ग) EMIS फारम नभरेका विद्यालयलाई उपलव्ध नगराउने ।<br>**आधारभूत तह तथा माध्यमिक सञ्चालित विद्यालयहरूलाई विद्यालय सुधार योजना, समुदाय तथा वि.व्य.स.हरूको क्षमता विकासका लागि अन्तर्क्रिया, अभिभावक शिक्षा सञ्चालन,अतिरिक्त क्रियाकलाप सञ्चालन आदिका लागि एकमुष्ठ अनुदान**<br>क) स्थानीय तह अन्तरगत सञ्चालित सामुदायिक विद्यालयमध्ये आधारभूत तह सञ्चालित विद्यालयका लागि प्रति विद्यायलय रू. १५ हजारका दरले तथा माध्यमिक तह सञ्चालित विद्यालयका लागि प्रति विद्यालाय रू. २० हजारका दरले निकासा दिने। यसप्रकारका अनुदान विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका, २०७४ बमोजिम विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गरेका विद्यालयहरूलाई मात्र उपलब्ध गराउने।<br>ख) विद्यालयले यस क्रियाकलाप अन्तर्गत प्राप्त रकमबाट सरोकारवालाहरूको सहभागितामा विद्यालय सुधार योजनाका आधारमा तयार गरिएको वार्षिक कार्यान्वयन योजनाअनुसारको प्रगति चौमासिक रूपमा समिक्षा गर्ने । विव्यस/शिअसं/अभिभावक/शिक्षक/विद्यार्थीहरूको क्षमता अभिवृद्धि गर्न क्षमता विकासका क्रियाकलाप तथा विद्यार्थीहरूको प्रतिभा विकासका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने।<br>**आधारभूत तथा माध्यामिक तह सञ्चालित विद्यालयहरूलाई सामाजिक परीक्षण तथा आर्थिक लेखापरिक्षण, विद्यार्थी रिपोर्ट कार्ड, विद्यालय तथ्याङ्क व्यवस्थापन, बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठअनुदान**<br>क) स्थानीय तह अन्तरगत सञ्चालित सामुदायिक विद्यालयमध्ये आधारभूत तह (कक्षा १-५, कक्षा १-८) सञ्चालित विद्यालयहरूका लागि प्रति विद्यालय रू. १० हजारका दरले र माध्यमिक तह (कक्षा १-१०, कक्षा १-१२) सञ्चालित प्रति विद्यालयलाई १५ हजारका दरले निकासा दिने। यस वजेटबाट विद्यालयले सामाजिक परीक्षण निर्देशिका (पहिलो संशोधन२०७१ सहित) २०६५ अनुसार सामाजिक परीक्षण गर्ने गराउने तथा तोकिएवमोजिमको आ.आफ्नो विद्यालयको **Excel based** को **Electronic EMIS File** तयार गरी पर्ने विद्यार्थी रिपोर्ट कार्ड र अन्यकार्यहरू गरी विद्यालयका मुख्य मुख्य सूचक सहितका सूचनाहरूलाई प्रकाशित गरी सरोकारकालाहरू समक्ष प्रवोधीकरण गर्ने व्यवस्था मिलाउने। संस्थागत विद्यालयहरूले आफ्नो स्रोतबाट लेखापरिक्षण गरी गराई पारदर्शिता, जवाफदेहीता र विद्यालयमा हुनुपर्ने सबै प्रकारका र तथ्याङ्क एवम् सूचनाहरूको व्यवस्थापनको सुनिश्चितता गराउने।<br>**माध्यममिक विद्यालयमा इन्टरनेट जडान तथा सञ्चालन**<br>क) सवै माध्यामिक विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ व्यवस्थापन गर्ने नीति रहेकोले कम्प्यूटर उपलब्ध भइ सञ्चालनमा रहेका विद्यालयहरमा इन्टरनेट जडान गर्ने प्रयोजनका लागि प्रति विद्यालय रु १२००० का दरले निकासा दिइ इन्टरनेट जडान गर्न लगाउने। जडित इन्टरनेटको प्रयोगको नियमित अनुगमन गर्ने। | | | |

| स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| **क्रियकालाप नं. २.१५.११.७७५**<br>**विशेष शिक्षा सञ्चालित विद्यालयका लागि अनुदान**<br>**स्रोत कक्षा सञ्चालनका लागि अनुदान**<br>क) स्थानीय तहमा सञ्चालनमा रहेका स्रोत कक्षाहरूको व्यवस्थापनका लागि प्रति स्रोतकक्षा वार्षिक रू. १,६०,०००।–का दरले सम्बन्धित स्रोत कक्षा रहेको विद्यालयमा अनुदान उपलब्ध गराउने।<br>१. स्रोत शिक्षक वा घुम्ती शिक्षकले अपाङ्ग बालबालिकाहरूका लागि बिहान साँझ समेतअतिरिक्त सहयोग गरेवापत स्रोत कक्षा व्यवस्थापन समितिको निर्णयानुसार थप सुविधा मासिक रू.५००।–का दरले वार्षिक रू ६,०००।–<br>२. स्रोत कक्षाका लागि शैक्षिक सामग्री व्यवस्थापन, विद्यार्थीद्वारा निर्मित सामग्री प्रदर्शनी,आदिका लागि प्रति स्रोत कक्षा वार्षिक रू. १०,०००।–<br>३. आयाको पारिश्रमिकका लागि मासिक रू. १०,००० ।- कादरले वार्षिक १३ महिनाको लागि रू.१,३०,०००।– प्रदान गरर्ने।<br>४. स्रोत कक्षाका लागि व्यवस्थापन सामग्रीअनुदान (लुगाफाटा, भाँडाकुडा, औषधि आदि) का लागि रू. १०,०००।-<br>५. अतिरिक्त क्रियाकलापका लागि सामग्री खरिद र पुरस्कार वितरण गर्न वार्षिक रू. ४०००।-<br>**लेखा जोखा केन्द्र सञ्चालनका लागि अनुदान**<br>क) लेखाजोखा केन्द्रमा तोकिएको कारणले केन्द्र संयोजकले विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको अपाङ्गतासँग सम्वन्धित संधसस्थाहरुको सहकार्यमा लेखाजोखा गर्न लगाउने। यस शिर्षकमा प्राप्त अनुदानलाई लेखाजोखा केन्द्र रहेको विद्यालयमा प्रतिकेन्द्र ५०,०००।- का दरले निकासा दिने । लेखाजोखा तथा छनोट गर्ने कार्यका लागि यसरी प्राप्त एकमुष्ठ बजेट शिक्षा विकास तथा समन्वय इकाईले सम्बन्धित लेखा जोखा केन्द्र रहेको विद्यालयको खातामा निकासा दिनुपर्नेछ र यसरी प्राप्त रकमलाई देहाय अनुसार खर्च गर्न सकिनेछः<br>१. छनोट एवम् लेखाजोखा गर्ने प्रयोजनका लागि सञ्चालन खर्च रू. १२,०००।–<br>२. तथ्याङ्क फाराम विकास तथा मसलन्दका लागि रू. ६,०००।–<br>३. तथ्याङ्क सङ्कलन, कार्यक्रम निरीक्षण,अनुगमन तथा लेखाजोखा गर्ने कार्यका लागि (केन्द्रसंयोजक वा फोकल पर्सन) रू ३०,०००।–<br>४. तथ्याङ्क वा अभिलेखीकरण, प्रतिवेदन तयारी वा अन्य विविध कार्यका लागि रू. २,०००।–<br><br>यस पुर्व जिल्लामा कार्यरत लेखाजोखा संयोजक भएको भए निजलाई नै निरन्तरता दिने। निजले सवै स्थानीय तहसँग समन्वय गरी जिल्ला भित्र अध्ययनरत अपाङ्ग विद्यार्थीहरुको अपाङ्गता तोकिएको आधारमा लेखाजोखा केन्द्र व्यवस्थापन समितिको सहयोगमा लेखाजोखा गरी स्थानिय तहलाइ उपलब्ध गराउने । लेखाजोखा संयोजकको तलबभत्ता पदाधिकार रहेको विद्यालयबाटै प्रा।शि।तृतीयश्रेणीकोशिक्षक तलब अनुदानसरहहुनेगरीसम्बन्धितविद्यालयमानिकासादिने।<br>केन्द्र संयोजकले जिल्लाका सबै स्थानीय तहसँग समन्वय गरेर अपांगता भएका बालबालिकाहरुको तथ्यांक संकलन गर्ने, छात्रबृतिका लागि शिफारिस गर्ने, स्रोतकक्षा एवं विशेष विद्यालयमा भर्नाका लागि शिफारिस गर्नुपर्ने भएकाले जिल्लाभरीको शिक्षाका लागि काम गर्ने गरी व्यवस्थापन भएको जिल्ला तहको निकाय वा सो नभएको अवस्थामा जिल्ला भित्रको विशेष विद्यालय वा स्रोतकक्षा रहेकोविद्यालयमा लेखाजोखा केन्द्र रहने । यस प्रयोजनका लागि यस अघि जिल्ला भित्र विद्यालयमा लेखाजोखा केन्द्र तोकी कामकाज गरिरहेकाहरुको हकमा सोही विद्यालयलाइ केन्द्र कायम गर्ने । लेखाजोखा केन्द्र सञ्चालनका लागि स्थानीय तहमा पठाईएको रकमबाट यस पुस्तिकामा उल्लेख भए | • स्रोत कक्षा व्यवस्थापन समिति<br>• शिक्षा विकास तथा समन्वय इकाई<br>• गाँउपालिका/नगरपालिका<br>• फोकल पर्सन<br>• लेखाजोखा केन्द्र संयोजक<br>• स्रोत शिक्षक | पहिलो, दोस्रो तथातेस्रोचौमासिक | • सञ्चालित कक्षा सङ्ख्या<br>• अनुदान प्राप्त गर्ने स्रोत कक्षा सङ्ख्या |

| स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| बमोजिमको आधारमा जिल्लाभरिका अपांगता भएका बालबालिकाहरुको शिक्षाको व्यवस्थापनका लागि काम गर्नुपर्ने । यसका लागि केन्द्र संयोजकले आफुले सम्पादन गर्ने कार्य योजना सहित स्थानीय तहमा बजेट माग गर्ने र सम्बन्धित स्थानीय तहले तोकिएको शीर्षकमा विनियोजित रकम उपलब्ध गराइ कार्यसम्पन्न प्रतिवेदन लिने व्यवस्था गर्ने ।<br>लेखाजोखा संयोजकको तलबभत्ता पदाधिकार रहेको विद्यालयबाटै प्राथमिक शिक्षक तृतीय श्रेणीको शिक्षक तलब अनुदान सरह हुने गरी सम्बन्धित विद्यालयमा निकासा दिने ।<br>**विशेष आवश्यकता भएका विद्यार्थी अध्ययनरत विद्यालयलाई अनुदान (दृष्टिविहीन विद्यालय, बहिरा कक्षा सञ्चालित विद्यालय)**<br>क) यस प्रकृतिका विद्यालय सञ्चालन भएका स्थानीय तहले विद्यालयलाई प्रति विद्यार्थी ४ हजारका दरले हुन आउने रकम एकमुष्ट निकासा दिने ।<br>ख) प्राप्त अनुदान रकम स्वीकृत तलबमानको परिधि भित्र रहेर शिक्षक तलबमा र त्यसबाट बचत भएमा विद्यालय व्यवस्थापन समितिको निर्णयबाट तोकिएको नर्मस् अनुसार दोहोरो नपर्ने गरी छात्रवृत्तिमा खर्चगर्न सकिनेछ ।<br>**बिशेष शिक्षा परिषद अन्तर्गत सञ्चालित विद्यालयका लागि शैक्षिक सामग्री तथा मसलन्द खर्च**<br>यस शिर्षकमा विनियोजित रकम विद्यालयलाइ निकासा दिदाँ शिक्षा तथा मानवस्रोत विकास केन्द्र सँग समन्वय गरि रकम उपलव्ध गराउने । | | | |
| **क्रियकालाप नं. २.१५.११.७७६**<br>**परंपरागत धार्मिक तथा वैकल्पिक विद्यालय सञ्चालन अनुदान**<br>**परम्परागत तथा धार्मिक विद्यालय अनुदान**<br>क) परम्परागत शिक्षा दिने गुरुकुल/आश्रम,गुम्बा/बिहार, मद्रसाजस्ता सामुदयिक विद्यालय सार्वजनिक शैक्षिक गुठी वा वैकल्पिक शैक्षिक कार्यक्रमको रूपमा अनुमति लिई सञ्चालनमा रहेका आधारभूत तहका विद्यालयहरूलाई आधारभूत तह (कक्षा१-५) का लागि एकमुष्ट रु २,४१,०००।– र आधारभूत तह (कक्षा १-८) का लागि रु ५,००,०००।– माध्यमिक तह (कक्षा ९-१०) का लागि रु ७,१५,०००। एकमुष्ट विद्यालयको खातामा निकासा दिने । विद्यालयलाई अनुदान निकासा गर्नुभन्दा पहिले नै सम्बन्धित कर्मचारीबाट स्थलगत निरीक्षण गरी तोकिएबमोजिमको सङ्ख्यामा विद्यार्थी नियमितरूपमा अध्ययनरत भएमामात्र निकासा दिने । यसरी वितरित रकम कुन कुन विद्यालयहरूलाई वितरण गरिएको हो, सो को विवरण र विद्यार्थी सङ्ख्या समेत शिक्षा तथा मानव स्रोत विकास केन्द्र मा अनिवार्य रूपमा पठाउने ।<br>ख) अनुमति लिई सञ्चालनमा आएका यस्ता विद्यालयहरूलाई शैक्षिक तथ्याङ्क अनुसार छात्रछात्राहरूको सङ्ख्या यकिन गरी पाठ्यपुस्तक र छात्रवृत्तिको रकम सम्बन्धित शीर्षकहरूबाट निकासा दिन स्थानीय निकायसँग माग गर्ने ।<br>**घुम्ती विद्यालय सञ्चालनका लागि अनुदान**<br>अति दुर्गम क्षेत्र र विकट हिमाली क्षेत्रमा सञ्चालित विद्यालयका बालबालिकाहरूको लागि उनीहरूलाई पायक पर्ने स्थानमा निश्चित समयको लागि अध्ययन गर्ने ब्यबस्था मिलाउन विद्यालयलाई एकमुष्ट ३ लाख ५० हजार रकम अनुदान दिने ।<br>**अनौपचारिक प्रौढ विद्यालय (कक्षा १-८) का लागि अनुदान**<br>क) जिल्लामा प्रौढका लागि सञ्चालित अनौपचारिक वा बैकल्पिक विद्यालयहरूको विवरण (स्थापना मिति, सञ्चालित कक्षा, विद्यार्थी सख्या र सञ्चालनको अवस्था सहितको) शिक्षा विकास तथा समन्वय इकाईमा एकिन भइ आएपछि मात्र सहजकर्ताहरूको पारिश्रमिक तथा शिक्षण | • सम्बन्धित स्थानीय तह<br>• शिक्षा विकास तथा समन्वय इकाई<br>• सम्बन्धित परम्परागत विद्यालय तथा विद्यालय व्यवस्थापन समिति | पहिलो, दोश्रो तथा तेश्रो चौमासिक | • अनुदान पाउने धार्मिक विद्यालय सङ्ख्या<br>• लाभान्वित हुने विद्यार्थी सङ्ख्या<br><br>• घुम्तिविद्यालयसङ्ख्या<br>• विद्यार्थीसङ्ख्या<br>• अनुदान प्राप्त गर्ने विद्यालय सङ्ख्या<br>• पारिश्रमिक प्राप्त |

| स्वीकृत क्रियाकलाप नं,  क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| सिकाइका लागि आवश्यक जनशक्तिका लागि प्रति विद्यालय रू. ३ लाख ८७ हजार रकम एकमुष्ट विद्यालयको खातामा  निकाशा दिने । स्थानीय तहद्वारा सामुदायिकरूपमा सञ्चालन गर्न अनुमति पाएका प्रौढका लागि सञ्चालित अनौपचारिक विद्यालयहरूको विद्यार्थी विवरण  Flash Report मा समावेश गर्ने ।<br>ख) विद्यालयले रकमबाट लघु पुस्तकालय,  शैक्षिक सामग्री र व्यवस्थापकीय क्षेत्रमा खर्च गर्ने व्यवस्था मिलाउने । यस प्रकृतिका  विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने ।<br>**खुला विद्यालय तह १ र २  (कक्षा ९-१०) सञ्चालन अनुदान**<br>क)  सञ्चलित  **खुला विद्यालय तह १ र २  ( कक्षा ९-१०) सञ्चालन**मा रहेका विद्यालयको अनुगमन गरी स्वीकृत विद्यालयहरुलाई प्रति विद्यालय रु १ लाख ५२ हजार  एकमुष्ट रुपमा विद्यालयलाई निकासा दिने  ।<br>ख) विद्यायलले  कार्यक्रम सञ्चालन प्रक्रियाका सम्बन्धमा “दूर शिक्षा तथा खुला सिकाइ निर्देशिका, –२०६३ र खुला विद्यालय सञ्चालन कार्यान्वयन पुस्तिका/निर्देशिका”अनुसार गर्ने । विद्यालयले प्राप्त रकमलाई कार्यक्रम सञ्चालनको लागि खर्चको हकमा देहाय अनुसार उपलब्ध भएको रकम खर्च गर्ने ।<br>१.  संयोजकका लागि मासिक रू ७००।- का दरले १२ महिनाको जम्मा रू.८,४००।–<br>२.  सहजकर्ताको लागि प्रति सेसन रू ३००।- का दरले दैनिक ४ सेसन ३५ दिनका लागि जम्मा रू ४२,०००।–<br>३.  सहायक कर्मचारीका लागि मासिक रू ८००।– का दरले १२ महिनाको रू ९,६००।–<br>४.  विद्यालय सहयोगीका लागि मासिक रू.५००।– का दरले १२ महिनाको रू.६०००।–<br>५.  शैक्षिक सामग्रीका लागि मासिक रू ६००।– का दरले १२ महिनाको रू.७,२००।–<br>६.  सञ्चालन खर्च (पानी, विजुली, सरसफाइ) का लागि मासिक रू ५०० का दरले वार्षिक रू ६,०००।–<br>७.  इन्टरनेट/मिडियाको प्रयोगका लागि मासिक रू १,५००।– का दरले ९ महिनाको रू १३,५००।–<br>८.  गृहकार्य परीक्षणका लागिरू. ३,२००।– प्रति पटकका दरले ४ पटकको रू. १२,८००।– कापी प्रति विषय रू.८।–का दरले<br>९.  परीक्षा सञ्चालन (मध्यावधि र वाह्य) रू. ६४००।– प्रति पटकका दरले २ पटकको रू. १२,८००।– (प्रश्नपत्र निर्माण रू.३००।–प्रति सेट, उ.पु. परीक्षण रू ८।– प्रति कापी प्रति विषय)<br>१०.  पुस्तकालयका लागि एकमुष्ठ रू १०,०००।–<br>जिल्ला तहमा अनुगमनका लागि एकमुष्ठ रू १०,०००।–<br>उल्लिखित वाँडफाँडमा नघट्ने गरी विद्यालयले आवश्यक अन्य क्षेत्रहरूमा  खर्च गर्न सक्ने ।<br>**अनौपचारिक प्रौढ विद्यालय ( कक्षा९ -१०) का लागि अनुदान**<br>क) स्थानीय तहमा प्रौढका लागि सञ्चालित अनौपचारिक वा बैकल्पिक विद्यालयहरूको विवरण (स्थापना मिति, सञ्चालित कक्षा, विद्यार्थी सख्या र सञ्चालनको अवस्था सहितको) एकिन भएपछि मात्र सहजकर्ताहरूको पारिश्रमिक तथा शिक्षण सिकाइका लागि आवश्यक जनशक्तिका लागिप्रति सहजकर्ता पारिश्रमिका लागि कार्यक्रममा व्यवस्था भए अनुसार  अनौपचारिक  प्रौढ  विद्यालय सञ्चालन निर्देशिका  बमोजिम नियुक्त सहजकर्ताको लागि पारिश्रमिक उपलब्ध गराराउने गरी रकम स्वीकृत वार्षक कार्यक्रमअनुसार प्रति विद्यालय ५ लाख ५४ हजार विद्यालयको खातामा निकाशा दिने  । स्थानीय तहद्वारा सामुदायिक रूपमा सञ्चालन गर्न अनुमति पाएका प्रौढका लागि सञ्चालित अनौपचारिक वा बैकल्पिक विद्यालयहरूको विद्यार्थी विवरण  Flash Report मा समावेश गर्ने  ।  न्यूनतम विद्यार्थी | | | सहजकर्ता सङख्या<br>• खरिद गरिएका सामग्री सङ्ख्या<br>• पुस्तकालय सङ्ख्या<br><br>• खुला विद्यालय सङ्ख्या<br>• खुला विद्यालयबाट लाभान्वित हुने बालबालिका सङ्ख्या<br>• अनुदान पाउने विद्यालय सङ्ख्या<br><br>• विद्यालयको पुस्तकालय तथा सामग्री सङख्या |

| स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| सख्या नपुगेका विद्यालयलाई वन्द गराउने र तह वृद्धि गर्नु परेमा क्षे.शि.नि. वा सो कार्य गर्न तोकिएको निकायबाट पूर्व स्वीकृति लिनु पर्ने ।<br>ख) विद्यालयलाई अनुदान निकासा गर्नु भन्दा पहिले नै शिक्षा अधिकृतबाट स्थलगत निरीक्षण गरी तोकिएबमोजिमको विद्यार्थी सङ्ख्या नियमित रूपमा अध्ययनरत भएमा मात्र निकासा दिने ।<br>ग) विद्यालयहरूको कक्षागत/तहगत विद्यार्थी विवरण, शिक्षक व्यवस्थापन लगायत सञ्चालनको अवस्थाको विवरण अद्यावधिक गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा अनिवार्य रूपमा लेखी पठाउने ।<br>घ) अनौपचारिक प्रौढ विद्यालय (माध्यमिक तह) का लागि शैक्षिक सामग्री तथा पुस्तकालय मार्फत पा.पु.व्यवस्थापन सहयोग अन्तरगत वार्षिक व्यवस्थापन खर्च र पुस्तकालय तथा पाठ्यपुस्तक व्यवस्थापनका लागि वार्षिक एकमुष्ठ प्रति विद्यालय रू.२५,०००।– का दरले अनौपचारिक प्रौढ विद्यालयको खातामा निकासा दिने । यस रकमबाट विद्यालय व्यवस्थापन खर्चका अतिरिक्त लघु पुस्तकालय, शैक्षिक सामग्री र व्यवस्थापन अनुदान स्थानीय तहले समयमै सम्बन्धित विद्यालयलाई निकासा दिने व्यवस्था मिलाउने । विद्यालयले व्यवस्थापन खर्चबापत अधिकतम रू. ५०००। खर्च गर्न सक्ने । यस प्रकृतिका विद्यायलमा अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने ।<br>**खुला विद्यालय तह १ र २ (कक्षा ६-८) सञ्चालन अनुदान**<br>यो तह सञ्चालन भएका विद्यालयहरुका लागि प्रति विद्यालय रु १ लाख १० हजारका दरले विद्यालयलाई निकासा दिने । विद्यालयले प्राप्त रकम खुला विद्यालय तह १ र २ (कक्षा ६-८) सञ्चालन भएका विद्यालयलाई तपसिल अनुसार खर्च गर्ने गरी निकासा दिने । विद्यालयले निम्न क्षेत्रमा प्रथामिकताका आधारमा खर्च गर्ने:<br>**स्रोत शिक्षकका लागि पारिश्रमिक:**<br>प्रति घण्टा रू.२००का दरले दैनिक २ घण्टा सम्पर्क कक्षाको लागि मासिक २४ दिनको दरले जम्मा रू.९६०० सम्बन्धित विद्यालयको खातामा निकासा दिने । विद्यालयले स्रोत कक्षा लिने शिक्षकलाई पारिश्रमिक उपलब्ध गराउने ।<br>**प्रधानाध्यापकको लागि भत्ता:**<br>मासिक रु ५०० का दरले १२ महिना बराबर हुन आउने रकम रू. ६००० विद्यालयको खातामा निकासा दिने । विद्यालयले सम्बन्धित प्रधानाध्यापकलाई नियमानुसार मासिक रूपमा उपलब्ध गराउने ।<br>**सहायक कर्मचारीको लागि पारिश्रमिक**<br>प्रतिव्यक्ति मासिक रु. ३०० का दरले १२ महिनाको रू. ३६०० पाउने गरी प्रतिकेन्द्र २ जनाका लागि हुन आउने एकमुष्ट रकम रू. ७२००सम्बन्धित विद्यालयको खातामा निकाशा दिने । विद्यालयले काम गर्न तोकिएका सहायक कर्मचारीहरूलाई नियमानुसार मासिक रूपमा उपलब्ध गराउने ।<br>**विद्यार्थीका लागि सामग्री खर्च**<br>प्रति विद्यार्थी मासिक रू.५०।– ले २० जनाको लागि कापी, डटपेन, पेन्सिल कटर, स्केल, इरेजर, ज्यामिति बक्स आदि शैक्षिक सामग्रीको व्यवस्था गर्न रू. १,०००।– का दरले प्रति केन्द्र १० महिनाको जम्मा रू.१०,०००।– एकमुष्ठ रकम सम्बनन्धित विद्यालयको खातामा निकासा दिने र उक्त कार्यको लागि विद्यालयले व्यवस्थापन समितिको निर्णयबमोजिम आवश्यकता अनुसारका सामग्री खरीद गरी विद्यार्थीलाई उपलब्ध गराउने<br>**विद्यालयका लागि मसलन्द खर्च:**<br>कक्षा सञ्चालनको लागि मसलन्द प्रति महिना (चक, डस्टर, मार्कर, रजिष्टर, फोटोकापी आदि) रू.५००।– का दरले प्रति केन्द्र १० महिनाको रू.५,०००।– विद्यालयको खातामा निकासा दिने । विद्यालयले व्यवस्थापन समितिको निर्णयबमोजिम खर्च गर्ने । | | | |

| स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| **शैक्षिक सामग्री व्यवस्थापन खर्च:**<br>विभिन्न विषयगत सिकाइ क्रियाकलापका लागि आवश्यक पर्ने शैक्षिक सामग्री व्यवस्थापन गर्न प्रति विद्यालय प्रति महिना (सिकाइसहयोगी सामग्रीहरूः ग्लोब, चार्ट, नक्सा, मार्कर, फोटोकपी आदि) रू.५००।– का दरले प्रति केन्द्र १० महिनाको जम्मा रू. ५,०००।– सम्बधित विद्यालयको खातामा निकासा दिने र उक्त कार्यको लागि विद्यालयले व्यवस्थापन समितिको निर्णय बमोजिम खर्च गर्ने।<br>**विद्यालयका लागि पुस्तकालय**<br>प्रत्येक विद्यार्थीलाई पाठ्यपुस्तक पहुँचको सुनिश्चितता गर्न पुस्तकालय व्यवस्थापनका लागि खुला विद्यालय तह एक र दुईमा अध्ययनरत विद्यार्थीका लागि पाठ्यपुस्तक लगायत अन्य सन्दर्भसामग्रीको व्यवस्था पुस्तकालयमार्फत गर्न प्रति केन्द्र प्रति तहका लागि एकमुष्ट रू. १०,०००का दरले दुई तहको लागि रू.२०,००० रकम सम्बन्धित विद्यालयको खातामा निकासा दिने। सो रकमबाट सम्बन्धित विद्यालयले नियमानुसार पुस्तकालयको व्यवस्थापन गर्ने। विद्यार्थीहरूले पुस्तकालयबाट पुस्तक लिई अध्ययन गर्ने र अध्ययन पश्चात पुस्तकालयमा फिर्ता गर्ने व्यवस्था मिलाउने। | | | |
| **क्रियकालाप नं. २.१५.११.७७७**<br>**वहुकक्षा/वहुस्तर वहुभाषिक कक्षा सञ्चालनका लागि अनुदान**<br>**बहुकक्षा** (MGML Methodology) **विद्यालयलाइ सामग्री अनुदान**<br>क) विगत देखि नै बहुकक्षा बहुस्तर शिक्षणविधिबाट पठनगरपलिकाठन कार्यक्रम सञ्चालन गरिरहेका विद्यालयहरूलाई प्रति विद्यालय रू. ५०,०००।– का दरले अनुदान उपलब्ध गराउने। कुनै विद्यालयलाई अन्य संघ/संस्थाबाट अनुदान प्राप्त भएको भए दोहोरो नपर्ने गरी अनुदान उपलब्ध गराउने।<br>ख) विद्यालयहरूले सो रकमबाट सिकाइका सामग्रीहरू मुख्यतया कार्यपुस्तिका (work book) को व्यवस्था गर्ने। सिकाइका लागि अन्य समाग्रीहरू नपुग भएमा वा च्यातिएमा सो सामग्रीको व्यवस्था गर्ने। यसका लागि फोटोकपी, लेमिनेसन आदि जस्ता व्यवस्थापन लगायत सिकाइ सामग्री निर्माण कार्यशालामा समेत खर्च गर्न सकिने गरी निर्देशन दिने।<br>**बहुभाषिक शिक्षा अभ्यासरत विद्यालयलाई शिक्षण सामग्री अनुदान**<br>क) मातृभाषामा आधारित बहुभाषिक शिक्षा विगतदेखि सञ्चालन गरिरहेका विद्यालय भएमा सो विद्यालयहरूलाई नै निरन्तरता दिने गरी प्रति विद्यालयरू. ५० हजारका दरले विद्यालालाई निकासा दिने।<br>ख) अनुदानका लागि तोकिएको सङ्ख्या भन्दा यदि विद्यालय बढी भएमा उत्कृष्ट तवरमा सञ्चालन गरेका विद्यालयलाई प्राथमिकता दिई तोकिएको रकम अनुदान दिने।<br>ग) विद्यालयहरूले कक्षा कोठामा मातृभाषा माध्यमको रूपमा प्रयोग गरी पठनपाठन गराउनका लागि बहुभाषिक शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६६ अनुसार विषय विज्ञको सहभागीतामा थप सामाग्री विकास गरी प्रयोगमा ल्याउने व्यवस्था मिलाउने। | • शिक्षा विकास तथा समन्वय इकाई<br>• स्रोतकेन्द्र<br>• विद्यालय | पहिलो चौमासिक | • अनुदान प्राप्त गर्ने विद्यालय सङ्ख्या<br>• अध्ययनरत विद्यार्थी सङ्ख्या<br>• विद्यालयमा उपलब्ध सामग्रीको सूची |
| **तोकिएका खास** (Pocket) **क्षेत्र तथा अति सिमान्तकृत, लोपोन्मुख जातिका (लक्षितसमूहका) बालबालिकाहरुका एवम् जिल्लाका विद्यार्थीका लागि दिवा खाजा उपलब्ध गराउन विद्यालयहरुलाइ अनुदान**<br>क) विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम प्राप्त भएका स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्दा विगतदेखि दिवा खाजा अनुदान प्राप्त गर्दै आएका कैलाली, बर्दिया, दाङ, प्युठान, रोल्पा, कपिलवस्तु, नवलपरासी, बारा, धादिङ, सिन्धुपाल्चोक, रसुवा, सिराहा, सप्तरी, सुनसरी | • शिक्षा तथा मानव स्रोत विकास केन्द्र<br>• शिक्षा विकास तथा समन्वय इकाई<br>• विद्यालय | पहिलो, दोश्रो तथा तेश्रो चौमासिक | • दिवा खाजा प्राप्त गर्ने विद्यार्थी सङ्ख्या<br>• विद्यार्थीको हाजिरी<br>• प्रगति प्रतिवेदन |

| स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| जिल्लाका तोकिएका **(Pocket)** क्षेत्रका सामुदायिक विद्यालयमा प्रारम्भिक बालविकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका लागि उपलब्ध गराउन विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी दैनिक रू. १५।– का दरले १८० दिनका लागि विद्यालयको खातामा निकासा दिने।<br>ख) चालु आर्थिक वर्ष २०७५।७६ बाट दिवाखाजा कार्यक्रम लागू भएका ओखलढुङ्गा, धनुषा, महोतरी, सर्लाही, सिन्धुली, रामेछाप,दोलखा,नुवाकोट, रौतहट, पर्सा, गुल्मी, सल्यान जिल्लाका सामुदायिक विद्यालयहरुमा प्रारम्भिक बालविकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका लागि दिवाखाजा उपलब्ध गराउन विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी दैनिक रू. १५।– का दरले १८० दिनका लागि विद्यालयको खातामा निकासा दिने।<br>ग) मुगु, डोल्पा, हुम्ला, जुम्ला र कालिकोट जिल्लाका स्थानीय तहले सामुदायिक विद्यालयका प्रारम्भिक वाल शिक्षा कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत सबै छात्र छात्राहरूलाई प्रति विद्यार्थी दैनिक रू. २०।– का दरले १८० दिनका लागि दिवा खाजाको लागि चौमासिक रूपमा विद्यालयको खातामा उपलब्ध गराउने।<br>घ) अनुदान निकासा दिंदा विद्यालय सञ्चालन भएको दिनलाई मात्र आधार मानेर निकासा दिने। स्थानीय तहले दिवाखाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिन समेत) को प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या एकिन भए पश्चात् मात्र थप निकासा दिने व्यवस्था मिलाउने। यसरी तेश्रो चौमासिकमा निकाशा गर्दा पहिलो र दोश्रो चौमासिकमा निकाशा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गर्ने। विद्यालयमा दिवाखाजा उपलब्ध गराउन शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेवसाईटमा रहेको "सामुदायिक विद्यालयका विद्यार्थीहरुका लागि दिवाखाजा कार्यक्रम सञ्चालन कार्यविधि, २०७३" अनुसार सञ्चालन गर्ने गराउने। दिवाखाजा कार्यक्रमका लागि तोकिएका जिल्ला तथा जनजातिहरु देहाय अनुसार छन :<br>• लोपोन्मुख समूहमा पर्ने १० जातजातिहरू कुसुण्डा, बनकटरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे, कुशवाडिया समुहबाट विद्यालयमा अध्ययनरत कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीहरु।<br>• अति सिमान्तकृत समूहमा पर्ने १२ जातजातिहरू माझी, सियार, ल्होमी, थुदाम, धानुक, चेपाङ, सतार,थामी, झागड, बोटे, दनुवार, बरामु समुहबाट विद्यालयमा अध्ययनरत कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीहरु।<br>ङ) माथि २२ जातजातिका बालबालिकाहरुलाई तथा मुसहर जातका विद्यार्थीलाई दिवाखाजा उपलब्ध गराउदै विद्यालयले विद्यार्थीका अभिभावकलाई नियमित घरबाट खाजा ल्याउने शर्तमा नगद नै रकम वितरण गर्ने र त्यसको भरपाइ गराई राख्ने।<br>च) यस कार्यक्रमको उद्देश्य अत्यन्तै पछाडिपरेका समुदायका बालबालिकाहरूलाई विद्यालयमा ल्याउने र टिकाइ राख्ने रहेको हुँदा विद्यालयले त्यस्ता समूहका बालबालिकालाई भर्ना गर्न प्रोत्साहन गर्ने। नियमित हाजिरी र घरबाट खाजा ल्याउने विद्यार्थीको अनुगमन गरी अभिलेख राख्ने।<br>छ) दार्चुला,वझाङ,बाजुरा,वैतडी, अछाम, डडेलधुरा, डोटी, रुकुम पूर्व, रुकुम पश्चिम, जाजरकोट र दैलेख जिल्लामा विश्व खाद्य कार्यक्रमको सहयोगमा दिवाखाजा कार्यक्रम सञ्चालनमा रहेको छ। | | | |
| **क्रियकालाप नं. २.१५.११.७८०**<br>**प्राविधिक धार सञ्चालन गर्ने विद्यालय लागि ल्याव व्यवस्थापन तथा प्रति विद्यार्थी लागत अनुदान**<br>**प्राविधिक विषय अध्यापन हुने विद्यालयलाइ ल्याव सामाग्री सहयोग अनुदान** | • गाँउपालिका तथा नगरपालिका<br>• विद्यालय | पहिलो चौमासिक | • वजेट उपलव्ध गराईएका विद्यालय विवरण<br>• प्रयोगशालामा खरीद |

| स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| क) हाल संचालनमा रहेका प्राविधिक धारका विद्यालयहरुका लागि यस शिर्षकमा वजेट उपलब्ध भएका स्थानीय तहले प्रति विद्यालय रु २, ००, ००० का दरले ल्याव व्यवस्थापनका लागि अनुदान उपलब्ध गराउने । रकम प्राप्त भएको विद्यालयले संचालनमा रहेका प्रयोगशालाको स्तरोन्नति गर्ने ।<br>**शिक्षण सिकाइ सामाग्री तथा** Lab assistant, equipments and Practical material) **व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा ९-१२**<br>स्थानीय तहले प्राविधिक तथा व्यवसायिक धार (कक्षा ९- १२) सञ्चालन भएका विद्यालयहरू तोकिएको मापदण्ड अनुसार सञ्चालन व्यवस्थापन भए नभएको अनुगमन गर्ने । यस प्रकृतिका विद्यालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या एकिन गरी शिक्षण सिकाइ सामग्री, ल्याव असिष्टेण्टको लागि पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामाग्रीहरु व्यवस्थापनका तथा व्यवाहारिक अभ्यास लागि प्रति विद्यार्थी रू.११,०००।– का दरले हुन आउने रकम एकमुष्ट अनुदानको रूपमा विद्यालयलाई निकासा दिने ।<br>**स्थानीय तहवाट प्राप्त** अनुदान रकम प्राथमिकता का आधारमा निम्नानुसार गर्ने:<br>क) प्रा.वि. तृतियस्तरको १ जना ल्याव असिष्टेण्टको लागि पारिश्रमिकको व्यवस्था गर्ने ।<br>ख) प्रावधिक धार अन्तरगत अध्ययनरत विद्यार्थीले तोकिएको कक्षामा व्यवाहारिक अभ्यास गर्न व्यवाहारिक अभ्यास कार्यान्वयन निर्देशिका २०७३, ( प्रावधिक तथा व्यवसायिक माध्यमिक शिक्षा) मा गरिएको दुवै ढाँचा ( कक्षा १० पछि ३ महिना, कक्षा ११ पछि ३ महिना, कक्षा १२ पछि ६ महिना वा कक्षा १२ पछि १२ महिना) का लागि तपशिल अनुसार गर्ने ।<br>ग) Lab Assistant तलव भत्ता भुक्तानी पश्चात वाँकी रकमबाट व्यवाहारिक अभ्यासका लागि निम्नानुसार खर्च गर्ने ।<br>● विद्यार्थी निर्वाह खर्च : प्रति महिना १ हजारका दरले विद्यार्थीलाई विद्यालय मार्फत उपलब्ध गराउने ।<br>● आन्तरिक अनुगमन सहजिकरण : सम्वन्धित विद्यालयका प्रशिक्षकहरुबाट गर्ने व्यवस्था मिलाउने । सहजिकरण वढीमा ३ महिनाका लागि १ पटक, ६ महिनाका लागि ३ पटक गर्ने यस अनुगमनमा खटिने प्रशिक्षककालाई माध्यामिक शिक्षक द्धितीय श्रेणीले पाउने नियमनुसारको दैनिक भ्रमण भत्ता उपलव्ध गराउने।<br>वाह्य अनुगमन मुल्यांकन : व्यवाहरिक अभ्यास गरिने ढाँचा अनुसारको वर्षमा एकपटक गर्ने । यसका लागि अनुगमन मुल्यांकन निर्देशिकामा उल्लेख भएको आधार लिइ जिल्ला भित्रकै रोष्टर प्रशिक्षकलाइ परीक्षा वोर्डले तोक्ने छ । जिल्ला भित्र प्रशिक्षक नपाइएमा निकटतम जिल्लावाट पठाइनेछ। अनुगमनमा खटिने प्रशिक्षककालाई माध्यामिक शिक्षक द्धितीय श्रेणीले पाउने नियमनुसारको दैनिक भ्रमण भत्ता उपलव्ध गराउने ।<br>आ) वचत रकमवाट शिक्षण सिकाइ सामग्री व्यवस्थापन गर्ने । | | | गरिएका शिक्षण सामग्रीको सङ्ख्या,<br>● विद्यायर्थीको सङ्ख्या एकिन प्रमाणित विवरण<br>● निकासा विवरण<br>● Lab assistant ले तलबवुझेको भरपाई<br>● व्यवाहारिक अभ्यास गर्ने विद्यार्थी सङ्ख्या |

**विद्यालय भौतिक निर्माण**

प्रत्येक स्थानीय तहले प्राप्त भौतिक कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण/मर्मत संभार कार्य नेपाल राष्ट्रियय भवन संहिता, २०६० मा भएको व्यवस्थाअनुसार विपद प्रतिरोधी, अपाङ्ग मैत्री, वाल मैत्री, छात्रा मैत्री एवम् वातावरण मैत्री गर्नु/गराउनु पर्नेछ । विद्यालय भौतिक सुधार सम्वन्धी कार्य गर्दा वातावरणीय र सामाजिक पक्षलाई ध्यान दिनुपर्नेछ । । **Social/ Environmental Framework** ले तोकेका वातावरणीय र सामाजिक पक्षहरुलाई ध्यान दिई कार्यान्वन गर्ने । स्थानीय तह अन्तरगतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्ना प्रावधिक मार्फत सुपरिवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्ने । यस सम्वन्धी चेकलिष्ट अनुसुचीमा **...** समावेश गरिएको छ ।

| स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| **क्रियकालाप नं. २.१५.११.७८१**<br>**विद्यालय भवन निर्माण (अघिल्लो आब को क्रमागत ४ कोठे भवन**<br>**४ कोठे भवन सहित फर्निचर निर्माण – क्रमागत आयोजना अधिल्लो आ.व. २०७४।७५**<br>• आ.व. २०७४/७५ मा निर्माण सुरु भइ सम्पन्न हुन बाँकी रहेका ४ कोठे भवनको निर्माण सम्पन्न गर्नका लागि यस आ.व.मा थप १८ लाख दरले तपसिल अनुसार विद्यालयलाइ उपलव्ध गराउने।<br>**दुई वर्षमा सम्पन्न हुने क्रमागत कार्यक्रमका लागि निकासा दिन आधार देहायवमोजिम हुने छ।**<br>• पहिलो वर्ष भएको कामको मूल्याङ्कन गरी सो वर्ष दिइएको अनुदान रकम बराबर (जनसहभागिताको अंश सहित) को मूल्याङ्कन पुगेमा पहिलो किस्ताको रूपमा कार्तिक मसान्त सम्ममा सो वर्षका लागि प्राप्त कूल अनुदान रकमको ३० प्रतिशत रकम निकासा दिने।<br>• फिनिसिङ्ग बाहेकका कामहरू सम्पन्न गरे पश्चात दोश्रो किस्ताको रूपमा सो वर्षका लागि प्राप्त कूल अनुदान रकमको ५० प्रतिशत रकम निकासा दिने।<br>• सम्पूर्ण कार्य सम्पन्न भइसके पछि नापी किताब भरी कार्यसम्पन्न प्रतिवेदन समेत तयार गरी अन्तिम किस्ताको रूपमा सो वर्षका लागि प्राप्त कूल अनुदान रकमको बाँकी २० प्रतिशत रकम (लागत अनुमानको सीमाभित्र जनश्रमदानको वापतको अंश कट्टा गरी) निकासा दिने।<br>• यस प्रयोजनका लागि अघिल्लो आर्थिक वर्षमा भए गरेका कामको विवरण र कागजात शिक्षा विकास तथा समन्वय इकाइले स्थानीय तहलाइ उपलव्ध गराउनु पर्नेछ। | • शिक्षा विकास तथा समन्वय इकाई<br>• प्राविधिक जनशक्ति (ईन्जिनियर/सव ईन्जिनियर)<br>• विद्यालय<br>• स्थानीय तह | पहिलो, दोस्रो तथा तेस्रो चौमासिक | • स्वीकृत कार्यक्रम तथा निर्माण सम्पन्न भएको नयाँ विद्यालय भवन सङ्ख्या<br>• नापी किताव<br>• कार्य सम्पन्न प्रतिवेदन |
| **क्रियकालाप नं. २.१५.११.७९७**<br>**पानी तथा स्वास्थ्य र सरसफाई सुविधा सहितको शौचालय निर्माण**<br>• अनुसूचीमा ….. उल्लिखित आधार अनुसार विद्यालय छनोट गरी कार्यक्रम सञ्चालन गर्ने।<br>• छनौट भएका विद्यालयहरुका लागि प्रति विद्यालय रु ७ लाख उलव्ध गारउने।<br>• विद्यालयले शौचालय निर्माण गर्दा छात्रछात्रालाई छुट्टाछुट्टै निर्माण गर्नुपर्नेछ वा प्रवेशद्वार विपरित दिशाबाट राख्नु पर्नेछ। शौचालयको सरसफाइको लागि प्रशस्त पानीको व्यवस्था हुनुपर्दछ। यसका लागि पर्याप्त शौचालय भएका विद्यालयहरूमा लागत अनुमानका आधारमा पानीको व्यवस्थाका लागि मात्र खर्च गर्न सकिने छ। ट्युववेल गाड्दा/जडान गर्दा सेप्टिक ट्याङ्क तथा सोकपिटबाट कम्तीमा पनि ३० मिटर टाढा गाड्नुपर्ने छ।<br>• सौचालयको ड्रईङ डिजाईन शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत भए अनुसार हुनुपर्नेछ। | • प्राविधिक जनशक्ति (इन्जिनियर/सवइन्जिनियर)<br>• विद्यालय<br>• स्थानीय तह | पहिलो, दोश्रोतथा तेश्रो चौमासिक | • छुट्टाछुट्टै शौंचालय तथा पिउने पानी भएका विद्यालय सङ्ख्या<br>• नापी किताव<br>• कार्य सम्पन्न प्रतिवेदन |
| **विशेष विद्यालयको आवास सहितको भवन निर्माण क्रमागत**<br>यस शिर्षकमा वजेट प्राप्त भएका स्थानीय तहले गत आववाट आवास सहितको भवन निर्माण गरिरहेका विद्यालयहरुको कार्यप्रगतिको आधारमा प्राविधिक मुल्याङकन गरी प्राप्त प्रतिवेदनको आधारमा स्वीकृत लागत को परिधिभित्र रहि बाँकी निकासा रकम चौमासिक रुपमा कार्यसम्पन्नतालाइ आधार मानी उपलव्ध गराउने। यस आ.व. भित्र कार्यसम्पन्न भएको सुनिश्चितता गरि सोको प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा उपलव्ध गराउने। | • प्राविधिक जनशक्ति (इन्जिनियर/सवइन्जिनियर)<br>• विद्यालय | पहिलो, दोश्रोतथा तेश्रो चौमासिक | • निर्माण सम्पन्न भएका विद्यालय सङ्ख्या<br>• नापी किताव<br>• कार्य सम्पन्न प्रतिवेदन |

| स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| **क्रियकालाप नं. २.१५.११.७८४**<br>**नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान**<br>क) नमुना विद्यालयले हाल सम्म प्राप्त गरेको वजेटबाट स्वीकृत गुरुयोजनाको परिधि भित्र रहि न्यूनतम पुर्वाधारहरुको प्रथामिकता गरी आइसिटि ल्याव (**ICT Lab**), विज्ञान प्रयोगशाला, पुस्तकालय व्यवस्थापन तथा थप शिक्षक व्यवस्थापनका क्षेत्रमा रकम उपयोग गर्ने ।<br>ख) यस शिर्षकमा वजेट प्राप्त भएका स्थानीय तहले शिक्षा तथा मानवस्रोत विकास केन्द्रवाट नमुना विद्यालयको रुपमा छनौट भइ संचालनमा रहेको विद्यालयहरुको गुरुयोजना स्वीकृत गराई स्वीकृत गुरुयोजनाले तोकेको क्षेत्रमा विद्यालय भौतिक निर्माण तथा शैक्षिक विकासका कामहरु गर्ने ।<br>ग) यो प्रयोजनका लागि यस आर्थिक वर्षमा प्रति विद्यालय रु १ करोड ५० लाख रकम उपलव्ध गराउने ।<br>घ) विद्यालयले भौतिक निर्माण कार्य गर्दा खरीद दिग्दर्शन सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली र विद्यालय खरीद दिग्दर्शन भित्र रहि निर्माण कार्य संचालन गर्ने । गत आर्थिक वर्षहरुमा निकासा भएको रकम विद्यालयको स्वीकृत गुरुयोजना वमोजिम खर्च गर्न सकिने ।<br>ङ) भौतिक निर्माण तथा शैक्षिक विकासको नियमित अनुगमन गरि सोको प्रतिवेदन स्थानीय तह तथा शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा उपलव्ध गराउने । | • गाउँपालिका तथा नगरपपालिका<br>• प्राविधिक जनशक्ति (इन्जिनियर/सवइन्जिनियर)<br>• विद्यालय | पहिलो, दोश्रोतथा तेश्रो चौमासिक | • निर्माण भएका भवन तथा कक्षाकोठा संख्या<br>• नापी किताव<br>• स्वीकृत गुरुयोजना<br>• कार्य सम्पन्न प्रतिवेदन |
| **क्रियकालाप नं. २.१५.११.७८५**<br>**कक्षा ८ को परीक्षा सञ्चालन व्यवस्थापन खर्च**<br>कक्षा ८ को परीक्षा सञ्चालन गर्दा स्वीकृत पाठ्यक्रम, विशिष्टीकरण तालिका, प्रयोगात्मक परीक्षाका लागि निर्धारित व्यवस्था बमोजिम गर्ने गराउने । कक्षा ८ को स्थानीय तहस्तरीय परीक्षा सञ्चालनका लागि विद्यार्थीसँग शुल्क वापत कुनै रकम नलिने गरी परीक्षा सञ्चालन गर्ने । यसको लागि प्रति विद्यार्थी रू २००।–का दरले विद्यालयलाई निकासा दिने । कक्षा ८ को परीक्षासम्बन्धी अन्य विषयको हकमा राष्ट्रिय परीक्षा वोर्ड र शिक्षा विकास समन्वय इकाइ र सम्बन्धित निकायको मापदण्ड अनुसार गर्ने गराउने । | • राष्ट्रिय परीक्षा वोर्ड<br>• शिक्षा विकास तथा समन्वय इकाइ<br>• गाउँपालिका/नगरपालिका<br>• विद्यालय | दोश्रो चौमासिक | • कक्षा ८ को परीक्षार्थी सङ्ख्या |
| **क्रियकालाप नं. २.१५.११.७८६**<br>**उत्कृष्ट सिकाइ उपलव्धी भएका विद्यालयलाइ सिकाइ सुदृढीकरण तथा विद्यालयलाइ कार्यसम्पादनमाआधारितअनुदान(** Performance based Grants)<br>यस शिर्षक अन्तर्गत वजेट प्राप्त भएको स्थानीय तहले निम्ननानुसारका क्रियाकलापका लागि विद्यालयलाइ अनुदान उपलव्ध गराउने ।<br>**तोकिएको सूचङ्काको आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाइ कार्यसम्पादनमा आधारित अनुदान(** Performance based Grants)<br>क) विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ मा उल्लेखित कार्य सम्पादन मुल्यांकन सुचकका आधारमा विद्यालयलाई प्रस्ताव पेश गर्न लगाउने । | शिक्षा विकास तथा समन्वय इकाई<br>स्रोतकेन्द्र<br>विद्यालय<br>स्थानीय तह | तेश्रो चौमासिक | विद्यालय छनौटको निर्णय<br>अनुदान निकासा पत्र<br>अनुदान खर्च गर्ने विद्यालयको निर्णय |

| स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| ख) प्राप्त प्रस्तवाका आधारमा विद्यालयको कार्यसम्पादन स्तरको मुल्याकन गरी जिल्लाका लागि स्वीकृत कार्यक्रम अनुसार प्रति विद्यालय रु ५० हजारका दरले अनुदान उपल्ध गाराउने ।<br>ग) प्राप्त अनुदानबाट विद्यालयले निर्णय गरी शैक्षिक गुणस्तर सुधारका क्षेत्र पहिचान गरी खर्च गर्ने ।<br>घ) स्थानीय तहले सोको नियमित अनुगमन गर्ने व्यवस्था मिलाउने ।<br>ङ) यस प्रकारका कार्यसम्पादनमा आधारित अनुदानहरु दिँदा कुनै पनि विद्यालयलाई दोहोरो नपर्ने गरी दिनुपर्नेछ । साथै अनुदान दिनपूर्व विद्यालयले शिक्षण सिकाइ समयमापन सम्बन्धि कार्यविधि लागु गरेको सुनिश्चितता गर्नु पर्दछ । यो कार्यविधि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभसाइट www.doe.gov.np मा उपलब्ध छ ।<br>**उत्कृष्ट सिकाइ उपलब्धी भएका विद्यालयलाइ सिकाइ सुदृढीकरणका लागि प्रोत्साहनअनुदान**<br>क) विद्यालय छनौट गर्दा अनुसूचिमा ५ मा समावेश विद्यायल छनौटका आधारमा विद्यालय छनोट गर्ने ।<br>ख) पहिचान भएको विद्यालयलाई सिकाइ उपलब्धिमा थप बृद्धि गर्न र आफ्ना असल अभ्यासहरू न्यून सिकाइ उपलब्धि भएका विद्यालयहरूलाई अनुभव आदानप्रदान गर्नका लागि प्रवर्तनात्मक क्रियाकलापसहितको प्रस्तावपत्र प्रथम चौमासिक भित्र पेश गर्न लगाउने ।<br>ग) स्थानीय तहले विद्यायले पेश गरेको प्रस्तावको मूल्याङ्कन गरी लागि स्वीकृत बजेट तथा कार्यक्रमको परिधिभित्र रही स्थानीय तह भित्रका उत्कृष्ट नतिजा हासिल गर्ने सफल एउटा विद्यालयलाई एकमुष्ठ रू. २ लाख प्रोत्साहन स्वरूप अनुदान रकम निकासा दिन सकिने ।<br>घ) विद्यालयले स्वीकृत प्रस्ताव अनुसारका क्रियाकलाप सञ्चालन गरी सोको आवधिक प्रगति प्रतिवेदनस्थानीय तह र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा नियमित रूपमा पठाउने ।<br>ङ) स्थानीय तहले प्रस्तावअनुसार अनुदान रकमको उपयोगको अवस्था वारे नियमित अनुगमन गर्ने । | | | उत्कृष्टसिकाइउपलब्धीभएका विद्यालय<br>विद्यालयसिकाइ उपलब्धि<br>स्वीकृत प्रस्ताव<br>सिकाइउपलब्धि वृद्धि कार्यक्रलाप |
| **क्रियकालाप नं. २.१५.११.७८७**<br>**शिक्षकको शिक्षण सिकाइमा विताउने समयावधि सुधार योजना कार्यान्वयन**<br>क) शिक्षक विद्यार्थी नियमितता मार्फत शिक्षण सिकाई समयलाई अधिकतम उपयोग गरी प्रभावकारी शिक्षण सिकाई क्रियाकलापमा शिक्षकहरुको जवाफदेहिता तथा विद्यार्थी सिकाई उपलब्धी अभिवृद्धिमा सहजीकरण गर्ने गरी शिक्षण सिकाई समय मापन/कार्यान्वयन कार्यविधि-२०७४ का आधारमा कार्यसम्पादन गर्ने गरी प्रति विद्यालय २ हजारका दरले विद्यालयलाई निकासा दिने ।<br>ख) कार्यविधि लागू गर्ने निर्णय विद्यालय व्यवस्थापन समितिबाट भै आउनु पर्ने ।<br>ग) यस शीर्षकमा प्राप्त रकलाई विद्यालयले व्यवथापकीय क्षेत्रमा खर्च गर्ने ।<br>विद्यालयले कार्यविधि अनुसार कार्य सम्पादन गर्ने स्थानीय तह र इकाईले नियमित कार्य सम्पादनको अनुगमन गर्ने व्यवस्था मिलाउने ।<br>**घ)** शिक्षक नियमितताको अनुगमन अभिलेख शिक्षा विकास तथा समन्वय इकाइ मार्फत शिक्षा तथा मानव स्रोत विकास केन्दरमा पठाउने ।<br>**ङ)** यस सम्वन्धि कार्यविधि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभसाइट www.doe.gov.np मा उपलब्ध छ । | • गाँउपालिका<br>• नगरपालिका<br>• विद्यालय | दोश्रो तथा तेश्रो चौमासिक | अनुदान प्राप्त गर्ने विद्यालय<br>विद्यार्थी सिकाई उपलब्धि |
| **क्रियकालाप नं. २.१५.११.७८८** | • गाउँपालिका/ नगरपालिका | प्रथम दोश्रो तथा तेश्रो चौमासिक | छनौट भएका विद्यालयको निकासा |

| स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| **माध्यामिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन (फिक्सीङ, किताव खरिद तथा इपुस्तकालय समेत) अनुदान**<br>क) देहायका आधारमा विद्यालयको प्रथामिकता तय गरी विद्यालय छनौट गर्नेः<br>• लाईव्रेरी नभएका माध्यमिक विद्यालयहरु<br>• गत आवमा लाईव्रेरी व्यवस्थापन अनुदान प्राप्त नगरेका माध्यमिक विद्यालयहरु<br>• माध्यमिक तहमा विद्यार्थी संख्या उच्च रहेका विद्यालयहरु<br>• लाईव्रेरी व्यवस्थपनका लागि आवश्यक कक्षाकोठा रहेका विद्यालयहरु<br>ख) छनौट भएका विद्यालयलाई प्रति विद्यालय ६ लाख ५० हजारका दरले अनुदान निकासा दिने<br>ग) उक्त अनुदानबाट विद्यालयले पाठ्यपुस्तक, पाठ्यक्रम,शिक्षक निर्देशिका, सन्दर्भ सामग्री तथा लाइव्रेरीका लागि आवश्यक फर्निचरहरु जस्तै पुस्तक र्‍याक, बसाई व्यवस्थाका लागि कुर्सी टेवुल लगायतका सामग्रीहरुमा सार्वजनिक खरीद ऐन अनुसार खर्च गर्ने।<br>घ) विद्यालयले खरीद गरेका पुस्तकहरुको सूचि अनिवार्यरुले शिक्षा विकास तथा समन्वय इकाइमा पेश गर्नु पर्नेछ।<br>*नोटः यस वापत प्राप्त अनुदानबाट विद्यार्थीको दैनिक पठन पाठनसँग असम्बन्धित र असान्दर्भिक पुस्तक तथा सामग्रीहरु खरिद गर्न पाइने छैन* । | • विद्यालय | | लाईवेरीमा खरीद गरिएका पुस्तक संख्या |
| **क्रियकालाप नं. २.१५.११.७८९**<br>**शिक्षण सिकाइमा** ICT **को प्रयोग ( कम्प्युटर, इन्टरनेट, कनेक्टिभिटी इक्यूपमेन्टस तथा** Kits **खरिद ) का लागि अनुदान**<br>क) स्थानीय तहले इन्टरनेटको पहुँच भएका तथा विद्युतको नियमित आपुर्ति भएका विद्यालयहरुको विवरण तयार गरी ती विद्यालयबाट प्रस्ताव माग गर्ने।<br>ख) विद्यालयले माध्यमिक तहमा गणित अंग्रेजी र विज्ञान विषय पढाइरहेको शिक्षकको **ICT** का माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण सहित प्रस्ताव पेश गर्ने।<br>ग) स्थानीय तहले प्रस्तावहरुको मूल्याङ्कन गरी विद्यालयहरुको छनौट गर्ने। छनौट भएका विद्यालयहरुलाई गणित विज्ञान र अंग्रेजी विषयका **kits** र **networking, internet** आदि व्ययवस्थापन गर्न लगाउदा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट निर्धारण गरिएको **Specification** का आधारमा **ICT** ल्याब व्यवस्थापनका लागि आवश्यक फर्निचर, कम्प्युटर/उपकरण/सफ्टवेयर/विद्युतीय अन्तरक्रियात्मक श्रव्य-दृष्य सिकाइ सामग्री व्यवस्थापन गर्ने सुनिश्चिता कायम गरी प्रति विद्यायल ६ लाख ५० हजार एकमुष्ठ अनुदान रकम उपलब्ध गराउने।<br>घ) विद्यालयले नमूना माध्यमिक विद्यालय व्यवस्थापन निर्देशिका, २०७४ को सम्बन्धित खण्ड र अनुसूचीमा भएको आधार तथा स्पेसिफिकेसनको परिधिभित्र रहेर सार्वजनिक खरीद ऐन नियमावली तथा विद्यालय खरिद दिग्दर्शन अनुसारका प्रकृयाहरू पूरा गरी सामग्री खरीद गर्ने।<br>ङ) स्थानीय तहले अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरूप कार्यान्वयन गरेन गरेको नियमित रूपमा अनुगमन गरी सोको एकप्रति शिक्षा तथा मावन स्रोत विकास केन्द्रमा पनि पठाउने। | • शिक्षा तथा मानव स्रोत विकास केन्द्र<br>• शिक्षा विकास तथा समन्वय इकाई<br>• विद्यालय<br>• स्थानीय पालिकाहरु | दोस्रो चौमासिक | • Approved specification<br>• ICT Lab स्थापना भएका विद्यालय सङ्ख्या<br>• specification बमोजिम का खरीद गरेका सामाग्रीहरू |
| **सडक वाल वालिका तथा वालश्रमिकको लागि आवासीय शैक्षिक प्रवन्ध** | • महानगरपालिका | पहिलो दोश्रो तथा तेश्रो चौमासिक | • संचालन भएका आवास |

| स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| क) वजेट प्राप्त भएका महानगरपालिकाहरुले विद्यालय उमेर समुहका विद्यालय वाहिर रहेका सडक वालवालिका तथा वालश्रमिक बालवालिकाहरु पहिचान गर्ने ।<br>**ख**) यस प्रकृतिका वालवालिकाहरुको पढाइ सुनिश्चिताका लागि शिक्षाको क्षेत्रमा कृयाशिल संघसस्थाहरुसँग सहकार्य गरि आवासको प्रवन्ध मिलाउन नजिकको विद्यालयसँग सहकार्य गर्ने .<br>ग) आवसीय विद्यालय सञ्चालन गर्दा महानगरपालिकाले साझेदारीको आवासिय छात्रवृत्तिका लागि आवश्यक रकम मध्ये आवासीय प्रवन्ध गर्न प्रतिविद्यार्थी वार्षिक ४०,००० (अक्षेरेपी चालिस हजारमात्र) का दरले विद्यालयलाई रकम उपलव्ध गराउने र अन्य व्यवस्थापकीय प्रवन्ध साझेदार निकायवाट हुने व्यवस्था मिलाउने । | • शैक्षिक संघस्था<br>• विद्यालय | | संख्या ।<br>• आवासवाट विद्यालयमा भर्ना भएका विद्यार्थी संख्या । |
| **क्रियकालाप नं. २.१५.११.७७९**<br>**सामुदायिक सिकाइ केन्द्रको सञ्चालन अनुदान**<br>क) नियमितरूपमा चलेका सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन समितिले गरेको सिफारिसको निर्णय र स्थलगत निरीक्षण प्रतिवेदनका आधारमा हाजिरी प्रमाण प्राप्त भएपछि सामुदायिक परिचालकको रकम निकासा दिने । समुदायिक सिकाइ केन्द्रले सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिको निर्णयानुसार सामुदायिक परिचालकका लागि रू. ६२०० का दरले १२ महिना बराबरको पारिश्रमिक भुक्तानी गर्ने ।<br>ख) स्थानीय तहमा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरू एकिन गरी न्यूनतम तलवभत्ताको रकम उपलव्ध गराई वाँकी रकम प्रस्तावका आधारमा उपलव्ध गराउने ।<br>ग) स्थानीय तहमा सञ्चालनमा रहेका सामुदायिक सिकाई केन्द्रहरुको कार्य प्रभावकारिताका आधारमा स्थानीय तहले स्थानान्तरण गर्न सक्नेछन् । | • गाँउपालिका/नगरपालिका<br>• सामुदायकि सिकाइ केन्द्र | पहिलो दोश्रो तथा तेश्रो चौमासिक | • अनुदान प्राप्त सामुदायिक सिकाइ केन्द्र |
| **क्रियकालाप नं. २.१५.११.७९२**<br>**माध्यामिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान**<br>क) विगतमा यस प्रकृतिको अनुदान नपाएका माध्यमिक विद्यालयहरुको पहिचान गरी प्रति विद्यालय रु ६ लाख ५० हजारको दरले एकमुष्ठ विद्यालयलाई उपलव्ध गराउने । यसरी निकासा दिँदा विद्यालयको विद्यार्थी संख्या, जेष्ठता समेतलाई आधार मानि सूचि बनाउने ।<br>ख) यसै गरी विज्ञान विषय पढाइ भएका विद्यालय, प्राविधिक धार संचालित विद्यालय र नमुना विद्यालयलाई प्रदान गर्ने तर यस प्रकृतिको वजेट विगत वर्षमा त्यस्ता विद्यालयले प्राप्त गरेको भए दोहोरो नदिने । यदि यस शीर्षकमा रकम बचत भएमा आधारभुत (निम्न माध्यामिक) तह संचालन भएको विद्यालयलाई उपलव्ध गराउने ।<br>ग) यस शिर्षकवाट रकम प्राप्त गरेका विद्यालयहरुले शिक्षा तथा मानवस्रोत विकास केन्द्रले तोकेको मापदण्डका आधारमा विज्ञान प्रयोगशाला व्यवस्थापन गर्ने । | • गाँउपालिका/नगरपालिका<br>• विद्यालय | पहिलो चौमासिक | • अनुदान प्राप्त गरेको विद्यालय संख्या |
| **क्रियकालाप नं. २.१५.११.७९३**<br>**प्रारम्भिक पढाइ सीप विकासका लागि न्युनतम प्याकेज कार्यन्वयन** | • गाँउपालिका/ नगरपालिका<br>• विद्यालय | दोश्रो तथा तेश्रो चौमासिक | • खरिद भएका सामग्री संख्या<br>• शिक्षक, अभिभावक |

| स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| क) पढाइ सीप प्रवर्धन कार्यक्रम लागु भएका जिल्ला तथा स्थानीय तहले कक्षा १ देखि ३ सम्म सञ्चालनमा रहेका विद्यालयहरुको संख्या एकिन गरि प्रतिकक्षा १ हजारको दरले जम्मा रु ३ हजार रकम विद्यालयमा उपलव्ध गराउने ।<br>ख) उक्त रकमबाट विद्यालयले कक्षा कोठा पढाइ सीप प्रवर्धनका लागि न्यूनतम प्याकेज अन्तरगतका क्रियाकलापहरु सुनिश्चित गर्न खर्च गर्ने ।<br>ग) न्युनत्तम प्याकेज अन्तरगत पढाइ सीप प्रवर्धनका लागि शिक्षक तालिम,सिकाइ सामग्री,समुदाय परिचालन,निरन्तर विद्यार्थी मूल्याङकन विषयहरु रहेका छन ।<br>( कार्यक्रम लागु भएका जिल्लाहरु : ताप्लेजुङ,धनकुटा, सप्तरी, धनुषा, भक्तपुर, रसुवा, पर्सा, तनहु, कास्की, मनाङ, मुस्ताङ, रुपन्देही, दाङ, वाँके, वर्दिया, सुर्खेत, डेल्पा, कैलाली, कञ्चनपुर र डडेल्धुरा) | • फोकल पर्सन | | वीच अन्तरक्रिया संख्या,<br>•<br>आयोजनासहक्रियाकलाप संख्या |
| **क्रियकालाप नं. २.१५.११.७९४**<br>**गणित विज्ञान र अङ्ग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामाग्री Kits अनुदान**<br>क) स्थानीय तहले विगतमा यस प्रकृतिको अनुदान नपाएका आधारभुत तह कक्षा ६-८ का लागि विद्यालयहरु एकिन गरी प्राप्त वजेटको परिधि भित्र रहि प्रति विद्यालय रु ५० हजारका दरले विद्यालयलाइ अनुदान उपलव्ध गराउने ।<br>ख) विद्यालयले पाठ्यक्रम विकास केन्द्रवाट विकास एवम् स्वीकृत भएका गणित, विज्ञान र अङ्ग्रेजी विषयका सामग्रीहरु व्यवस्था गरी विद्यार्थीको शिक्षण सिकाइ क्रियाकलापमा सहजीकरण गर्ने व्यवस्था मिलाउने । | • पाठ्यक्रम विकास केन्द्र<br>• शिक्षा तथा मानवस्रोत विकास केन्द्र<br>• गाँउपालिका/ नगरपालिका<br>• विद्यालय | दोश्रो तथा तेश्रो चौमासिक | • अनुदान प्राप्त गरेका विद्यालय संख्या<br>• खरिद भएका सामग्री संख्या |
| **प्रारभ्भिक पढाइ सीप कार्यक्रम** (**वउशिन ३५०१३८**) | | | |
| **क्रियकालाप नं. २.१५.११.८००**<br>**प्रारभ्भिक पढाइ सीप कार्यक्रमको कार्यान्वयनको स्रोतकेन्द्र स्तरीय पुनरावलोकन (अर्धवार्षिक र वार्षिकरुपमा गरी वर्षको २ पटक) स्रोत केन्द्रको लागि**<br>**क)** प्रारभ्भिक पढाइ सीप कार्यक्रम कार्यान्वयन भएका विद्यालयका गाँउपालिका तथा नगरपालिका क्षेत्र भित्र रहेका विद्यालय संख्याका आधारमा २५ विद्यालयका १ समुह निर्माण गरी प्रध्यानाध्यपक, विषय शिक्षकहरुको (माध्यमिक तह सञ्चालित विद्यालयको प्राथमिक तह ईन्चार्ज समेतको) वैठक राखि कार्यक्रमको प्रगति, असल अभ्यास तथा समस्या तथा चुनौतिहरुको विषयमा छलफल आयोजना गर्ने । | • गाँउपालिका/ नगरपालिका<br>• विद्यालयका प्रअ तथा शिक्षक | पहिलो तथा तेश्रो चौमासिक | • वैठक संख्या, शिक्षक तथा प्रअको हाजिरी । |
| **क्रियकालाप नं. २.१५.११.७९९**<br>**शिक्षक नियमितताको अनुगमनको लागि विव्यस, शिअसंको क्षमता विकास**<br>क) विद्यालयमा शिक्षक र विद्यार्थीको नियमितताको लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र स्थानीय तहले विद्यालयको अनुगमन गर्न, अन्तरक्रिया सञ्चालन गर्न, नियमित हुने शिक्षक विद्यार्थीलाई पुरस्कृत गर्ने सीप विकासको लागि २ दिने क्षमता विकास तालिम सञ्चालन गर्ने । | • गाँउपालिका/ नगरपालिका<br>• विव्यस/ शिअसं पदाधिकारी | पहिलो चौमासिक | • तालिमका सहभागीको हाजिरी<br>• तालिम प्रतिवेदन |
| **क्रियकालाप नं. २.१५.११.८०१**<br>**शिक्षकको पेसागत सम्बिन्धित स्रोतकेन्द्र स्तरीय चौमासिक समीक्षा बैठक तथा अन्तरक्रिया स्रोतकेन्द्रको लागि** | • गाँउपालिका/ नगरपालिका<br>• कक्षा १-३ मा नेपाली विषय | पहिलो चौमासिक | • वैठकका सहभागीको हाजिरी |

| स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| **क)** शिक्षकको पेशागत कार्यविधि २०७४ को व्यवस्था अनुसार प्रारम्भिक कक्षाको पढाई सीप वृद्धिको लागि विभिन्न पदाधिकारीहरुले खेलेका भुमिका, त्यसको प्रभाव, सफल अभ्यास सम्वन्धमा विद्यालय संख्याका आधारमा २५ विद्यालयका १ समुह निर्माण गरी चौमासिक रुपमा समिक्षा वैठक तथा अन्तरक्रिया सञ्चालन गर्ने। | शिक्षण गर्ने शिक्षक तथा प्रअ | | • प्रतिवेदन |
| **क्रियकालाप नं. २.१५.११.८०२**<br>**कार्यक्रम अनुगमन, प्रतिवेदन तयारी**<br>**क)** स्थानीय तहले पढाई सीप कार्यक्रमको कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्न वार्षिक अनुगमन योजना निर्माण गर्ने र सोहि आधारमा नियमित अनुगमन गरी अनुगमन प्रतिवेदन तयार गर्ने। | • गाँउपालिका/ नगरपालिका<br>• विद्यालय | पहिलो दोश्रो तथा तेश्रो चौमासिक | • अनुगमन प्रतिवेदन |
| **सवैका लागि शिक्षा: शिशु विकास कार्यक्रम**(वउशिन ३५०११८) | | | |
| **क्रियकालाप नं. २.१५.११.८०३**<br>**स्थानीय तह स्तरीय एकिकृत वालविकास योजना कार्यशाला**<br>क) स्थानीय तहमा रहेका वालवालिकाहरुको प्रारम्भिक अवसर पहुच तथा गुणस्तर सुधार गर्न प्रारभ्भिक सिकाई विकासका मापदण्ड (ELDS) प्रयोग गरी ५ वर्ष मुनिका वालबालिकाहरुको विकासको अवस्था अनुगमन गर्ने ।<br>**ख**) मापदण्ड हासिल गर्नका लागि एकिकृत वालविकास योजना तर्जुमा गर्ने। सोका आवश्यकता अनुसार कार्यशाला सञ्चालन गर्ने। | • गाउँपालिका/ नगरपालिका<br>• वालविकास केन्द्रका सहजकर्ता<br>• विद्यालय | | • कार्यशालाका सहभागीको हाँजिरी<br>• **एकिकृत वालविकास योजना** |
| **क्रियकालाप नं. २.१५.११.८०४**<br>**प्रारम्भिक पढाई कार्यक्रम र वालमैत्री ढाँचाको कार्यान्वयन तथा अनुगमन**<br>क) स्थानीय तहले प्रारम्भिक प्रारभ्भिक पढाई कार्यक्रम र वालमैत्री ढाँचाको कार्यान्वयनका लागि योजना तयार गर्ने।<br>**ख**) प्रारम्भिक प्रारभ्भिक पढाई कार्यक्रम र वालमैत्री ढाँचासंग सम्वन्धीत सामाग्री विकास गरि विद्यालयहरुलाई उलवव्ध गराउने। कार्यक्रम कार्यान्वयनको अनुगमन योजना निर्माण गरी सोका आधारमा नियमित अनुगमन गरी विद्यालयहरुलाई प्राविधिक सहायता उपलव्ध गराउने। | • गाउँपालिका/ नगरपालिका<br>• विद्यालय | पहिलो दोश्रो तथा तेश्रो चौमासिक | • विकास भएका सामग्री<br>• अनुगमन योजना<br>• अनुगमन प्रतिवेदन |
| **क्रियकालाप नं. २.१५.११.८०५**<br>**शिक्षा कक्षामा वालिका पहुचको कार्यान्वयन**<br>क) वजेट प्राप्त भएका स्थानीय तह भित्र रहेका किशोर किशोरी (१० देखि १९ वर्ष उमेर समुह) का लागि जीवनोपयोगरी सीप सम्वन्धी शिक्षा तथा उपयुक्त उमेरमा ओपचरिक एवम् अनौपचारिक कक्षा मार्फत विद्यालय शिक्षा सुनिश्चितता कायम गर्न विद्यालय वाहिर रहेका वालवालिकाहरुको पहिचान गर्ने।<br>**ख**) पहिचान भएका किशोरीहरुलाई अनौपचारिक शिक्षाका कक्षा मार्फत औपचारिक शिक्षामा भर्ना गरी नियमित शिक्षाको व्यवस्था मिलाउन योजना तर्जुमा गर्ने। योजना अनुसारका कार्यक्रम तय गरी कार्यान्वयन गर्ने। | • गाउँपालिका/ नगरपालिका<br>• विद्यालय | पहिलो दोश्रो तथा तेश्रो चौमासिक | • सञ्चालित कक्षाहरु<br>• भर्ना भएका छात्रा संख्या |
| **क्रियकालाप नं. २.१५.११.८०७**<br>**लैगिक सम्पर्क विन्दु तथा लैगिक संजाल अभिमुखिकरण तथा सुझाव पेटिकाको व्यवस्थापन** | • गाउँपालिका/ नगरपालिका | पहिलो दोश्रो तथा तेश्रो चौमासिक | • तोकिएका **लैगिक सम्पर्क विन्दु** |

| स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| क) कार्यक्रम रहेका स्थानीय तहले शिक्षा क्षेत्रका लागि लैगिक सम्पर्क विन्दु तोक्ने । विद्यालयहरुमा समेत सम्पर्क विन्दु तोकि सञ्जाल विकास गर्ने । सञ्जालको स्थानीय स्तरमा वैठक वसी लैगिक सचेतनाका सामग्रीहरुको अभिमुखिकरण गर्ने ।<br>ख) स्थानीय तह अन्तरगतका सवै विद्यालयहरुमा सुझाव पेटिका स्थापना गर्न लगाई सोका लागि आवश्यक भौतिक तथा प्राविधिक सहायता उपलव्ध गराई प्रमावकारिताको समीक्षा गर्ने प्रणाली विकास गर्ने । | • विद्यालय<br>• **लैगिक सम्पर्क विन्दु** | | • **सञ्जाल वैठक**<br>• **सुझाव पेटिका** |
| **क्रियकालाप नं. २.१५.११.८०६ (८०८समेत)**<br>**सुरक्षित विद्यालय तथा विद्यालय शान्ति क्षेत्र**<br>क) कार्यक्रम रहेको स्थानीय तहले आफ्नो मातहत रहेका सवै विद्याललयहरुको विपद जोखिम योजना तथा आपतकालित तयारी तथा सम्वोधन योजना तयार गर्ने ।<br>ख) स्थानीय तहले समष्टिगत विद्यालय सुरक्षा न्यूनतम प्याकेज कार्यान्वयन सम्वन्धी अभिमुखिकरण सञ्चालन गर्ने ।<br>ग) विद्यालयहरु शान्ति क्षेत्र घोषणा गरी कार्यान्वयनको अनुगमन गर्ने । | • गाउँपालिका/ नगरपालिका<br>• विद्यालय | दोश्रो तथा तेश्रो चौमासिक | • तयार भएका योजना<br>• अनुगमन प्रतिवेदन<br>• शान्ति क्षेत्र घोषणा भएका विद्यालय संख्या |
| **विद्यालय क्षेत्र विकास कार्यक्रम केन्द्रस्तर (वउसिनं ३५०१४०)**<br>(यस वजेट उपशीर्षक अन्तरगत तपिसल अनुसारका क्रियाकलापहरुको लागि बजेट बाँडफाँड गरी पछि उपलव्ध हुने ।) | | | |
| **क्रियकालाप नं. ८.५.१४.२३**<br>कक्षा ९ मा थप प्रविधिक धारका विद्यालय सञ्चालनका लागि ल्याव सहयोग अनुदान<br>क) शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तोकेका कोटाको परिधिभित्र रहि तोकिएका मापदण्ड र प्रकृया अनुसार प्राविधिक धार सञ्चालनका लागि स्थानीय तहबाट अनुमति प्राप्त गरेका विद्यालयहरुका लागि यस शीर्षकमा वजेट प्राप्त भएका स्थानीय तहले कक्षा ९ मा स्वीकृत भए अनुसारको धार सञ्चालन गरेको सुनिश्चितता कायम गरी निम्नानुसारका धार अनुसार ल्याव सहयोग अनुदानको आधा रकम पहिलो वर्षमा उपलव्ध गराउने ।<br>• पशु/कृषि विज्ञान - २६ लाख<br>• सिभिल ईन्जिनियरिङ - ५० लाख<br>• कम्प्यूटर ईन्जिनियरिङ - २५ लाख<br>• ईलेक्ट्रिक ईन्जिनियरिङ - २५ लाख<br>ख) अनुदान प्राप्त गरेका विद्यालयले सार्वजनिक खरिद ऐन तथा नियमावली एवम् शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत विद्यालय स्तरीय खरीद दिग्दर्शन वमोजिम ल्याव सामग्री खरीद गर्ने ।<br>ग) ल्यावको निर्माण प्रावधिक धार सम्वन्धी विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन निर्देशिका २०६९ (संसोधन सहित) र | • गाउँपालिका/ नगरपालिका<br>• शिक्षा तथा मानव स्रोत विकास केन्द्र<br>• विद्यालय | तेश्रो चौमासिक | • खरीद भएका ल्याव सामग्री |

| स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| पाठ्यक्रमले तोकेका मापदण्ड वमोजिम हुनुपर्ने ।<br>घ) विद्यालयमा ल्याव सहितको प्राविधिक धार सञ्चालनको नियमित अनुगमन गर्ने । | | | |
| **क्रियकालाप नं. २.१५.११.८५०**<br>**कक्षा ९ मा थप प्रविधिक धारका विद्यालय सञ्चालनका लागि शिक्षण सहयोग अनुदान**<br>क) शैक्षिक वर्ष २०७६ वाट कक्षा ९ मा प्रावधिधिक धार सञ्चालन गर्ने गरी अनुमति प्राप्त सामुदायिक विद्यालयलाई यस शीर्षकमा वजेट प्राप्त भएका स्थानीय तहले नियमानुसार शिक्षक नियुक्त भई विद्यालयमा हाजिर भए पश्चात २०७६ वैशाख देखि असार सम्म ३ महिनाका लागि माध्यमिक तह तृतीय श्रेणी सरहको १ जना प्रशिक्षक तथा १ जना निम्नमाध्यमिक तृतीय श्रेणी सरहको सहायक प्रशिक्षकले नियमानुसार पाउने तलव भत्ता विद्यालयलाई उपलव्ध गराउने । यसै गरी प्रशिक्षक तथा सहायक प्रशिक्षकका लागि प्रतिमहिना ३ हजारका दरले ३ महिनाको प्रावधिक भत्ता समेत उपलव्ध गराउने । | • गाउँपालिका/ नगरपालिका<br>• शिक्षा तथा मानव स्रोत विकास केन्द्र<br>• विद्यालय | तेश्रो चौमासिक | • प्रशिक्षकको नियुक्ति<br>• निकासा पत्र<br>• तलव वुझेको भरपाई |
| **क्रियकालाप नं. २.१५.११.६३६**<br>**शिक्षण सिकाई सहयोग अनुदान**<br>क) साविको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालन रहेका र कुनै पनि दरवन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयहरुलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि शिक्षण सिकाइ सहयोग अनुदान उपलव्ध गराइने छ ।<br>ख) बजेट तथा वितरण सम्वन्धी मापदण्ड, विधि, प्रक्रिया अनुदान निकासा कै क्रममा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट उपलव्ध गराइने छ । | • गाउँपालिका/ नगरपालिका<br>• शिक्षा तथा मानव स्रोत विकास केन्द्र<br>• विद्यालय | दोश्रो तथा तेश्रो चौमासिक | • अनुदान प्राप्त विद्यालय संख्या |
| **क्रियकालाप नं. २.१५.११.८२२**<br>**विद्यालय बाहिर रहेका बालबालिकाहरुलाइ लक्षित गरि विद्यालय शिक्षामा भर्ना तथा निरन्तरताका लागि शैक्षिक कार्यक्रमका लागि अनुदान**<br>क) कार्यक्रम तथा वजेट प्राप्त गरेको स्थानीय तहले आफ्नो स्थानीय तहमा विद्यालय बाहिर रहेका बालबालिकाहरुहरुको विस्तृत सर्वेक्षण गर्ने ।<br>ख) सर्वेक्षणका आधारमा विद्यालय भर्ना र निरन्तरताका लागि स्थानीय तहले योजना वनाउने । यसलाई गाउ/ नगर शिक्षा योजनाको अभिन्न अंग वनाउने ।<br>ग) विद्यालय बाहिर रहेका बालबालिकाहरुलाइ लक्षित गरी विद्यालय शिक्षामा भर्नाका लागि छात्रवृति, दिवाखाजा, वैकल्पिक शैक्षिक कार्यक्रम लगायत स्थानीय आवश्यताका आधारमा कार्यक्रम तय गरी विद्यालय शिक्षाको अवसर सुनिश्चितता कायम गर्ने । | • गाउँपालिका/ नगरपालिका<br>• शिक्षा तथा मानव स्रोत विकास केन्द्र<br>• विद्यालय | दोश्रो तथा तेश्रो चौमासिक | • सञ्चालित शैक्षिक कार्यक्रम<br>• विद्यालय भर्ना भएका विद्यार्थी संख्या |
| **क्रियकालाप नं. २.१५.११.८४७**<br>**कक्षा १० सञ्चालनमा रहेका प्रावधिक धारका विद्यालयलाई कक्षा ११ स्तारोन्नतिका लागि ल्याव अनुदान**<br>क) शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट वा स्थानीय तहबाट विगतमा कक्षा १० को अनुमति प्राप्त गरी कक्षा १० को माध्यमिक शिक्षा परीक्षाको नतिजा र अन्य तोकिएका मापदण्ड र प्रक्रिया समेतका आधारमा प्राविधिक धार सञ्चालनका लागि कक्षा ११ को अनुमति प्राप्त | • गाउँपालिका/ नगरपालिका<br>• शिक्षा तथा मानव स्रोत विकास केन्द्र<br>• विद्यालय | पहिलो, दोश्रो तथा तेश्रो चौमासिक | • खरीद भएका ल्याव सामग्री |

| स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| गरेका विद्यालयहरुका लागि यस शीर्षकमा वजेट प्राप्त भएका स्थानीय तहले कक्षा ११ मा स्वीकृत भए अनुसारको धार सञ्चालन गरेको सुनिश्चितता कायम गरी निम्नानुसारका धार अनुसार ल्याव सहयोग अनुदानको रकम गराउने ।<br>• पशु/कृषि विज्ञान - ९ लाख<br>• सिभिल ईन्जिनियरिङ - १८ लाख<br>• कम्प्यूटर ईन्जिनियरिङ - १० लाख<br>• ईलेक्ट्रिक ईन्जिनियरिङ - १८ लाख<br>ख) ल्यावको निर्माण प्राविधिक धार सम्वन्धी विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन निर्देशिका २०६९ (संसोधन सहित) र पाठ्यक्रमले तकेका आधारमा विद्यालयले सार्वजनिक खरिद ऐन तथा नियमावली एवम् शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत खरीद दिग्दर्शन वमोजिम ल्याव सामग्री खरीद गर्ने ।<br>ग) विद्यालयमा ल्याव सहितको प्राविधिक धार सञ्चालनको नियमित अनुगमन गर्ने । | | | |
| **क्रियकालाप नं. २.१५.११.८४८**<br>**कक्षा १० सञ्चालनमा रहेका प्राविधिक धारका विद्यालयलाई कक्षा ११ स्तारोन्नतिका लागि शिक्षण सहयोग अनुदान**<br>शैक्षिक वर्ष २०७५ वाट कक्षा ११ मा प्रावधिधिक धार सञ्चालन गर्ने गरी अनुमति प्राप्त सामुदायिक विद्यालयलाई यस शीर्षकमा वजेट प्राप्त भएका स्थानीय तहले नियमानुसार शिक्षक नियुक्त भई विद्यालयमा हाजिर भए पश्चात माध्यमिक द्धितीय श्रेणी सरहको २ जना उच्चमाध्यमिक प्रशिक्षकको नियमानुसार पाउने तलव भत्ता विद्यालयलाई उपलव्ध गराउने । यसै गरी प्रशिक्षकका लागि प्रतिमहिना ३ हजारका दरले प्रावधिक भत्ता समेत उपलव्ध गराउने । | • गाउँपालिका/ नगरपालिका<br>• शिक्षा तथा मानव स्रोत विकास केन्द्र<br>• विद्यालय | | • प्रशिक्षकको नियुक्ति<br>• निकासा पत्र<br>• तलव वुझेको भरपाई |
| **क्रियकालाप नं. २.१५.११.८५३**<br>**विद्यालय अभिलेख व्यवस्थापन, कार्यक्रम व्यवस्थापन तथा अनुगमन, वार्षिक चौमासिक प्रतिवेदन तयारी, नीति तथा कार्यक्रम अभिमुखिकरण तथा Doccument विकास एवम् प्रकाशन**<br>क) स्थानीय तहलाई प्राप्त शिक्षा क्षेत्रका लागि प्राप्त भएको वजेट तथा कार्यक्रमलाई स्थानीय तहका शैक्षिक सरोकारवालाहरु स्थानीय तहका पदाधिकारी, शिक्षक, प्रअ, विव्यस पदाधिकारीहरुलाई क्षमता अभिवृद्धि तथा अभिमुखिकरण गर्ने व्यवस्था मिलाउने ।<br>ख) स्थानीय तहमा विद्यालयमा रहेका दरवन्दी तथा अनुदानमा रहेका सवै प्रकरका शिक्षकहरुको नियुक्ति, तह श्रेणी, शैक्षिक योग्यता तालिम लगायतका विस्तृत विवरणको पछि सम्म नपर्ने गरी व्यक्तिगत तथा विद्यालयगत अभिलेख तयार गरी प्रमाणित गर्ने ।<br>ग) स्थानीय तहमा प्राप्त सवै वउसिनंहरुको कार्यक्रम कार्यान्वयन प्रगति प्रतिवेदन र वित्तीय प्रगति प्रतिवेदन कार्यका लागि बजेट बाँडफाँड गरी त्यसबाट यस सम्बन्धी कार्य समयमा नै गर्ने गरी व्यवस्था मिलाउनुपर्ने । चौमासिक रूपमा यस्ता प्रगति प्रतिवेदन तोकिएको समय चौमासिक समाप्त भएको पहिलो हप्ताभित्र निर्दिष्ट ढाँचामा पठाउनु पर्ने । वर्षभरि सञ्चालन गरिएका सम्पूर्ण कार्यक्रमहरूको वित्तीय प्रगति विवरण तथा अन्य तथ्याङ्क तयार गर्ने र यसरी तयार गरिएका विवरण र तथ्याङ्क आधारमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट उपलब्ध गराइएको | • गाउँपालिका/ नगरपालिका<br>• शिक्षा तथा मानव स्रोत विकास केन्द्र<br>• विद्यालय | पहिलो, दोश्रो तथा तेश्रो चौमासिक | • शिक्षक अभिलेख<br>• चौमासिक प्रगति प्रतिवेदन<br>• स्थिति प्रतिवेदन<br>• कार्यक्रम अभिमुखिकरणका सहभागीहरुको हाँजिरी |

| स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| ढाँचाका आधारमा स्थिति प्रतिवेदन तयार गर्नुपर्ने।<br>घ) स्थानीय तहले चौमासिक प्रतिवेदन तथा सम्पन्न कार्यहरूको विवरण चौमासिक सकिएको पन्ध्र दिनभित्र अनिवार्य रूपले सार्वजनिक गर्ने व्यवस्था मिलाउने। यसै गरी समीक्षात्मक विवरण सहितको वित्तीय अनुगमन प्रतिवेदन चौमासिक समाप्त भएको मितिले पन्ध्र दिनभित्र मानव स्रोत विकास केन्द्रको योजना तथा अनुगमन शाखामा आइपुग्ने गरी पठाउने। यसको विद्युतीय प्रति अनिवार्य रूपमा तोकिएको इमेलमा पठाउने।<br>ङ) वित्तीय अनुगमन प्रतिवेदन (FMR), चौमासिक प्रगति तथा वार्षिक स्थिति प्रतिवेदन र कार्यक्रम कार्यान्वयन प्रगति विवरण सम्बन्धमा स्वीकृत कार्यक्रमको कार्यान्वयन योजना, खरीद योजना र अनुगमन योजना बमोजिमको कार्यान्वयन अवस्थाको मासिक रूपमा कार्यालय तहमा प्रगति समीक्षा गर्ने र मासिक प्रगतिका मुख्य बुँदाहरू तत्काल छिटो साधनबाट पठाउने। प्रत्येक महिना बजेट वक्तव्यमा उल्लेख भएका बुदाँहरूको कार्यान्वयन अवस्थाको समेत समीक्षा गरी अर्को महिनाको ४ गतेभित्र मानव स्रोत विकास केन्द्रमा पुग्ने गरी मुख्य मुख्य प्रगति विवरणहरू पठाउने। प्रत्येक चौमासिकमा भएको खर्चको विवरण विद्यालय तथा स्रोतकेन्द्रबाट समयमा नै लिने व्यवस्था मिलाई समयमा नै कार्यालय तहमा समीक्षा गर्ने। चौमासिक प्रगति महिना वितेको ७ दिनभित्र स्वीकृत कार्यक्रम ढाँचामा कम्पोनेन्ट र बजेट उपशीर्षकतथा खर्च शीर्षक समेत खुल्ने गरी प्राप्त ढाँचाअनुसार तयार गरेर माथिल्लो सबै तहहरूमा पठाउने। | | | |
| **क्रियकालाप नं. २.१५.११.८५४**<br>**तोकिएका जिल्लामा विद्यार्थी भर्ना टिकाउका लागि स्थानीय तह र शैक्षिक संस्थाहरुको सहकार्यमा शैक्षिक कार्यक्रम संचालन**<br>क) यस शीर्षकमा वजेट प्राप्त हुने स्थानीय तहले विद्यलयले विशेष भर्ना अभियान सञ्चालन मार्फत सवै वालवालिकाको विद्यालय पहुँचको सुनिश्चितता गर्ने।<br>ख) स्थानीय स्तरमा शिक्षा क्षेत्रमा क्रियाशिल गैहसरकारी संघ संस्थाहरु पहिचान गरी त्यस्ता संस्था संगको सहकार्यमा विद्यार्थी टिकाउने कार्यक्रमहरु पहिचान गरी स्थानीय तहले सहकार्य गरी कार्यक्रम सञ्चालन गर्ने।<br>ग) कार्यक्रमको नियमित अनुगमन गरी सोको प्रगति शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउने। | • गाउँपालिका/ नगरपालिका<br>• शिक्षा तथा मानव स्रोत विकास केन्द्र<br>• विद्यालय | दोश्रो तथा तेश्रो चौमासिक | • संस्थासंग गरिएको समझदारी पत्र<br>• विद्यार्थी विद्यार्थी संख्या |
| **क्रियकालाप नं. २.१५.४.९८**<br>**नमूना विद्यालयमा सेवा अनुवन्धका आधारमा नियुक्त हुने प्रअका लागि विद्यालय मार्फत प्रोत्साहन अनुदान**<br>क) शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट छनोटमा भएका नमुना विद्यालयको गुरुयोजना स्थानीय तहबाट स्वीकृत भई नमूना विद्यालय व्यवस्थापन निर्देशिका, २०७४ बमोजिम छनौट भएका प्र.अ. हरुले मात्र यो भत्ता प्राप्त गर्नेछन।<br>ख) प्रअ नियुक्ति गर्दा व्यवस्थापन समितिले नमूना विद्यालय व्यवस्थापन निर्देशिका, २०७४ वमोजिम हुनुपर्नेछ।<br>ग) नियुक्तिको विवरण शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउने र शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट अभिलेख कायम भै गएपछि स्वीकृत कार्यक्रम र बजेट अनुसार विद्यालयलाई निकासा दिने। | • गाउँपालिका/ नगरपालिका<br>• शिक्षा तथा मानव स्रोत विकास केन्द्र<br>• विद्यालय | दोश्रो तथा तेश्रो चौमासिक | • प्रअसँगको करार सम्झौता<br>• निकासा पत्र<br>• अनुगमन प्रतिवेदन |
| **क्रियकालाप नं. ६.३.२.१** | • गाउँपालिका/ नगरपालिका | दोश्रो तथा तेश्रो चौमासिक | • छात्रवृत्ति पाउने विद्यार्थी |

| स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| **सहीदका छोराछारीहरुका लागि छात्रवृत्ति**<br>क) प्रत्येक स्थानीय तहले विद्यालयमा अध्ययनरत सहीदका छोराछोरीहरुहरुको कक्षागत नामनामेसी विवरण कार्तिक मसान्त भित्र अनिवार्यरुले शिक्षा तथा मनव स्रोत विकास केन्द्रमा उपलव्ध गराउने। सो विवरणका आधारमा केन्द्रले स्थानीय तहलाई वजेट उपलव्ध गराउनेछ।<br>ख) सहिदका छोराछोरीका छात्रवृत्ति प्राप्त गर्ने आधार पूरा गरेका बालबालिकाका लागि प्रारम्भिक बाल शिक्षा कक्षा र कक्षा १–५ को हकमा रु १,०००।– का दरले १२ महिनाको रु. १२,०००।–, कक्षा ६ –८ र मा.वि.को हकमा रू. १५००।– का दरले १२ महिनाको १८,०००।– र कक्षा ११ र १२ तथा सोभन्दा माथि सबै तहको हकमा रू. २०००।– का दरले १२ महिनाको रू. २४,०००।– का दरले निकासा दिने।<br>ग) स्थानीय तहले विद्यालयमा अध्ययनरत विद्यार्थीबाट निवेदनसाथ नेपाल सरकार गृह मन्त्रालयबाट सहिद घोषणा गरेको प्रमाणपत्र लिएको व्यक्ति हो भन्ने यकिन गरी भुक्तानी दिने।<br>घ) सहिदका छोराछोरीहरूले छात्रवृत्तिको लागि निवेदन पेश गर्दा आफू अध्ययनरत स्थानीय तहमामा निवेदन दिनुपर्ने र सोही तहबाट छात्रवृत्तिको भुक्तानी लिनु पर्ने।<br>नोटः कुनै पनि छात्रवृत्ति दोहोरो नपर्ने गरी वितरण गर्ने। | • शिक्षा तथा मानव स्रोत विकास केन्द्र<br>• विद्यालय | | सङ्ख्या<br>• निर्णय पुस्तिका<br>• छात्रवृत्ति वितरणको भरपाई<br>• छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नामनामेसी सहितको विवरण |
| **क्रियकालाप नं. ६.३.२.१९**<br>**द्वन्द्व पिडित छात्रवृत्ति गैर अवासीय**<br>क) प्रत्येक स्थानीय तहले विद्यालयमा अध्ययनरत दन्द्ध पिडित छात्रवृति प्राप्त गर्न योग्य विद्यार्थीहरुको प्रमाण सहितको निवेदन संकलन गरी कक्षागत नामनामेसी विवरण पुस मसान्त भित्र अनिवार्यरुले शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा उपलव्ध गराउने। सो विवरणका आधारमा केन्द्रले स्थानीय तहलाई वजेट उपलव्ध गाउनेछ।<br>ख) स्थानीय तहले यस क्रियकलापमा प्राप्त हुने वजेट नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०६६(सशोधन सहित) अनुसार विद्यार्थी छनौट गर्ने। छनौट भएका विद्यार्थीका लागि तपशिल अनुसारको दरमा विद्यार्थीको खातामा रकम उपलव्ध गर्ने गराउने।<br>प्राथमिक विद्यालय तह .......... रू. १०,०००।– (दश हजार रूपैया मात्र)<br>निम्नमाध्यमिक तह .......... रू. १२,०००।– (बाह हजार रूपैया मात्र)<br>माध्यमिक विद्यालय तह .......... रू. १४,०००।– (चौध हजार रूपैया मात्र)<br>प्रमाणपत्र तह वा उच्च माध्यमिक तह .......... रू. १६,०००।– (सोह्र हजार रूपैया मात्र)<br>१.२.२. उमेरको हदवन्दीः<br>यस्तो छात्रवृत्ति १८ (अठार) वर्षको उमेरसम्मका छात्र छात्रालाई मात्र उपलब्ध गराइनेछ। | • शिक्षा तथा मानव स्रोत विकास केन्द्र<br>• गाउँपालिका/ नगरपालिका<br>• विद्यालय | दोश्रो तथा तेश्रो चौमासिक | • छात्रवृत्ति पाउने विद्यार्थी सङ्ख्या<br>• निर्णय पुस्तिका<br>• छात्रवृत्ति वितरणको भरपाई |
| **क्रियाकलाप नं. ८.२.३.३१.१०**<br>**२ कोठे नयाँ कक्षाकोठा सहित फर्निचर निर्माण (ल्याव/लाईव्रेरी समेत)**<br>क) **प्रति इकाइ लागतः** यस कार्यक्रमका अन्तर्गत २ कोठे नयाँ कक्षाकोठा भवन निर्माण (फर्निचर सहित) लागि प्रति कक्षाकोठा रू. ८ लाख अर्थात दुइ कोठाको लागि १६ लाख इकाई लागत कायम गरिएको छ। | • शिक्षा तथा मानव स्रोत विकास केन्द्र<br>• गाँउपालिका/ नगरपालिका<br>• विद्यालय | पहिलो, दोस्रो तथा तेस्रो चौमासिक | • स्वीकृत कार्यक्रम तथा निर्माण सम्पन्न भएको नयाँ कक्षाकोठा सङ्ख्या |

| स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| ख) **माग सङ्कलन गर्ने:** स्थानीय तहले विद्यालयको विद्यालय सुधार योजनामा उल्लेख भई आएको आधारमा विद्यालयहरूमा उपलब्ध गराउनु पर्ने भौतिक सुविधाका आवश्यकताको आधारमा प्राथमिकता क्रमको सूची गर्ने । विद्यालय छनौटका लागि स्थानीय तहले आवश्यक ठानेमा प्रअ वैठक राख्न वा सिफारिस समिति वनाउन वा शिक्षा समितिको सहयोग लिन सक्नेछ ।<br>ग) **विद्यालयहरूको प्राथमिकताक्रम निर्धारण र छनोट गर्ने:** स्थानीय तहस्थित सम्पूर्ण विद्यालयहरूको अनुसूची २ अनुसार भौतिक सर्वेक्षण अनुसार आवश्यकता पहिचान भएका विद्यालयहरूमा कार्यक्रमहरू सञ्चालन गर्न प्राथमिकताक्रम निर्धारण गरी सुचकाङ्क सहितको विवरण तयार गर्ने ।<br>घ) **स्थानीय तहले लगानी थप गर्न सक्ने** : प्राविधिकले तयार गरेको लागत अनुमानमा स्थानीय तहले वजेट थप गर्न सक्ने । शिक्षा तथा मानव स्रोत विकास केन्द्र / साविकको शिक्षा विभागवाट उपलव्ध गराइएको प्रोटोटाइप ड्रइङ डिजानईन परिवर्तन गर्न चाहेमा भवन निर्माणको ड्रइङ डिजाइन स्वीकृत गर्ने कानुन वमोजिम अधिकार प्राप्त वा तोकिएको निकायको स्वीकृती अनिवार्य रुपमा लिनुपर्नेछ । स्थानीय तह वा विद्यालयले रकम थप गरी ४ कोठे भवन निर्माण गर्न सक्नेछ तर यसको समयमै कार्य सम्पन्न गरी फर्छ्यौट गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ ।<br>ङ) **विद्यालयहरूसँग सम्झौता गर्ने :** सुचकका आधारमा भौतिक निर्माणका लागि आवश्यक सहेका विद्यालयहरु छनौट गरी स्थानीय तहले विद्यालयसँग सम्झौता गर्ने । सम्झौता भइ सकेका विद्यालयहरूले सम्झौता भएको १५ दिनभित्र कार्य शुरू नगरेमा सो विद्यालयसँगको सम्झौता रद्द गरी प्राथमिकतामा परेको अर्को विद्यालयलाई कार्यक्रम उपलब्ध गराउने ।<br>च) **लागत अनुमान तयार गर्ने:** छनोट भएका विद्यालयहरूमा विद्यालय भवन निर्माणका लागि स्वीकृत डिजाइनहरूमध्ये उपयुक्त डिजाइन विद्यालयगत रूपमा छनोट गर्ने । प्रत्येक विद्यालयलको लागि छुट्टाछुट्टै परिमाण तथा लागत अनुमान तयार गरी स्थानीय तहले स्वीकृत गर्ने । लागत अनुमान तयार गर्दा जिल्लाको स्वीकृत दररेट तथा स्वीकृत सरकारी **Norms** को प्रयोग गर्नु पर्नेछ । यसरी लागत अनुमान तयार गर्दा कार्यक्रमतर्फ व्यहोरिने खर्च, विद्यालयको तर्फबाट व्यहोरिने जनश्रमदान वा नगद खर्च वा अन्य कुनै श्रोतबाट व्यहोरिने खर्च समेत उल्लेख गरी सम्पन्न गर्नु पर्ने सम्पूर्ण प्राविधिक कार्यहरू स्पष्ट रूपमा खुलेको हुनु पर्नेछ । विद्यालयले कुल लागतको कम्तीमा ५% श्रमदान (जस्तै साईट सफा गरी जग खन्ने, सामग्री ढुवानी गर्ने, निर्माण कार्यको नियमित रेखदेख गर्ने, सिमेन्ट जोडाईका संरचनाहरूमा पानी राख्ने (क्यसरिङ्ग), स्थानिय निर्माण सामग्रीहरू जस्तै काठ, बाँस, ढुङ्गा, वालुवा, गिट्टी, आदि सङ्कलन गर्ने समेत कार्यका लागि) जुटाउनु पर्नेछ ।<br>यस कार्यक्रम अन्तर्गत कर्कटपाताले छाना छाउन चाहने विद्यालयहरूले अनिवार्य रूपमा ४ मि.मि. बाक्लो प्लाईउड वा कम्तीमा समान गुणस्तर भएका अन्य निर्माण सामग्रीको सिलिङ्ग सहितको नयाँ भवन निर्माण गर्नु पर्नेछ । सिलिङ्ग लगाउन नचाहने विद्यालयहरूले छानामा कर्कटपाताको सट्टा गर्मी **(Hot)** र ठण्डी **(Cold)** रोक्न सक्ने क्षमता भएका यु.पि.भि.सि. लगायतका समान गुणस्तर भएका ३ मि.मि. वा सो भन्दा बाक्लो छाना छाउने सामग्री प्रयोग गरी छाना छाउन सक्नेछन् । विद्यालय भवन निर्माण गर्दा असक्तहरूले समेत प्रयोग गर्न सक्नेगरी **Ramp** राखी ह्वील चियर **(Wheel Chair)** जानसक्ने गरी निर्माण गर्ने व्यवस्था समेत मिलाउनु पर्नेछ । सबै ढोकाहरू बाहिर खुल्ने व्यवस्था अनिवार्य रूपमा गर्ने ।<br>छ) **विद्यालयहरूलाई रकम निकासा दिने:** सम्झौता भएका विद्यालयहरूलाई तोकिएको काम सम्पन्न गरी विद्यालयले सो जानकारी गराई रकम माग गरेपछि प्राविधिकहरूले निरीक्षण गरी दिएको प्रतिवेदनको आधारमा स्वीकृत कार्यक्रमको परिधिभित्र रही तपशिल बमोजिम रकम निकासा दिने ।<br>**तपसिल:**<br>१. स्थानीय निर्माण सामग्री जस्तै ट्रस, जस्तापाता, ढुङ्गा, ईटा, गिट्टी, बालुवा आदि सङ्कलन गरी जग खन्ने कार्य गर्न पहिलो किस्ताको रूपमा | • प्राविधिक जनशक्ति (ईञ्जिनियर/सव ईन्जिनियर) | | • नापी किताव<br>• कार्य सम्पन्न प्रतिवेदन |

| स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| कुल अनुदान रकमको ३० प्रतिशत रकम निकासा दिने ।<br>२. Structural Part को कार्य सम्पन्न भए पश्चात दोश्रो किस्ताको रूपमा कूल अनुदान रकमको ५० प्रतिशत रकम निकासा दिने ।<br>३. कार्य सम्पन्न गरे पश्चात नापी किताब भरी कार्यसम्पन्न प्रतिवेदन समेत तयार गरी अन्तिम किस्ताको रूपमा कूल अनुदान रकमको २० प्रतिशत रकम निकासा दिने ।<br>ज) **विद्यालय निर्माण कार्य गरिसक्नु पर्ने अवधि:** स्थानीय तहबाट विद्यालय निर्माण कार्य वा विद्यालय मर्मत तथा सम्भार/प्रबलीकरण कार्य वापत रकम प्राप्त गर्ने विद्यालयहरूले आर्थिक वर्षको जेष्ठ मसान्तसम्ममा निर्माण तथा मर्मत सम्भार कार्य सम्पन्न गरी सो जानकारी केन्द्रलाई जानकारी दिनु पर्नेछ । त्यसरी भवन निर्माण तथा मर्मत सम्भार सम्पन्न गर्ने विद्यालयहरूले आषाढ १५ सम्ममा कार्य सम्पन्न प्रतिवेदन तयार तथा प्रमाणित गरी एक प्रति स्थानीय तह र एक प्रति सम्बन्धित विद्यालयमा उपलब्ध गराउनु पर्नेछ ।<br>झ) **निर्माण कार्यको रेखदेख गर्ने:** विद्यालयमा सञ्चालन हुने सम्पूर्ण निर्माण कार्यको प्राविधिक रेखदेख गर्ने कार्य स्थानीय तहले तोकेको कार्यरत इन्जिनियर/सव–इन्जिनियरहरूको हुनेछ । कारणवस स्थानीय तहमा प्राविधिकहरू कार्यरत नभएमा जिल्लास्थित इन्जिनियरिङ्ग प्राविधिक सेवा उपलब्ध हुन सक्ने कुनै पनि सरकारी कार्यालयहरूबाट प्राविधिक सेवा लिन सकिनेछ । निर्माण/मर्मत कार्यको लागि छुट्टै साईट रजिष्टरको व्ययवस्था गर्न लगाई निरीक्षणका क्रममा (सुपरभिजन) प्राविधिकबाट सो कार्य सम्बन्धी निर्देशन दिने व्यवस्था अनिवार्य रूपमा गर्ने । स्थानीय तहहरूमा हुने सम्पूर्ण भौतिक सुविधा विस्तारका कार्यहरूको नियमित अनुगमन गर्ने तथा आफ्नो मातहतका सञ्चालित भौतिक सुविधा विस्तार कार्यको प्रगति विवरण मासिक, चौमासिक तथा वार्षिक रूपमा केन्द्रलाई पठाउने ।<br>ञ) **नापी किताब/कार्य सम्पन्न प्रतिवेदन लगायतका कागजात तयार गर्ने:** स्थानीय तहले विद्यालयमा भए गरेका निर्माण कार्यको कागजातहरू (भौतिक सर्वेक्षण फारम, लागत अनुमान, सम्झौता, मूल्याङ्कन प्रतिवेदन, नापी किताब (Measurement Book) तथा कार्य सम्पन्न प्रतिवेदन) २/२ प्रति प्राविधिकबाट तयार गर्न लगाई सम्बन्धित साइट इन्चार्ज (इन्जिनियर/सब–इन्जिनियर), विद्यालयको प्र.अ. तथा वि.व्य.स. अध्यक्ष वा विद्यालय निर्माण समितिका अध्यक्ष तथा प्रमुखको दस्तखत गरी/गराई एक प्रति स्थानीय तहमा र अर्को एक प्रति विद्यालयमा राख्न लगाउनु पर्ने छ । सोको लेखापरीक्षण मौजुदा कानुनबमोजिम विद्यालयले आफ्नै स्रोतबाट गराउनु पर्ने भएकाले उक्त कागजातहरूको सक्कलै प्रति विद्यालयमा सुरक्षितसाथ राख्न लगाउनुपर्नेछ । सम्बन्धित विद्यालयले विद्यालयको आर्थिक लेखा परीक्षण भएको समयमा नापी किताबको समेत लेखापरीक्षण गर्न लगाई लेखापरीक्षकबाट प्रमाणित गराई राख्ने व्यवस्था मिलाउनु पर्नेछ । सम्बन्धित प्राविधिक कर्मचारीले नापी किताब तयार गरे वा नगरेको तथा विद्यालयले समेत सोअनुसार राख्न लाए वा नलगाएको सम्बन्धमा सम्बन्धित श्रोतकेन्द्रबाट अनुगमन गर्न लगाई चौमासिक तथा वार्षिक प्रतिवेदन लिने व्यवस्था मिलाउनु पर्नेछ । माथिका बुँदामा उल्लेख भएअनुसार २ कोठे नयाँ कक्षाकोठा सहित फनिर्चर निर्माण, छात्रा शैचालय निर्माण, ४ कोठा भवन फर्निचर सहित निर्माण, विद्यालय ममर्त संभार, र विद्यालय भूकम्पीय सुरक्षा कार्यक्रम अन्तर्गत विद्यालयलाई अन्तिम किस्ता वापत वा आर्थिक वर्षको अन्तमा दिइने रकम निकासा दिंदा नापी किताब भरेर मात्र दिनुपर्ने व्यवस्था मिलाउनु पर्नेछ ।<br>ट) **विगत आ.व. हरूको भौतिक निर्माण कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने सम्बन्धमा:** गत विगत आर्थिक वर्षहरूमा सम्पन्न विद्यालयको भवन निर्माण, नयाँ कक्षा कोठा निर्माण, भवन मर्मत, शौचालय निर्माण र बाह्य वातावरण सुधारतथा कक्षा कोठा मर्मत सम्भार कार्यको *"कार्य सम्पन्न प्रतिवेदन"* अनुसूची ३ मा तोकिए बमोजिमको ढाँचामा सम्बन्धित प्राविधिकबाट तयार गर्न लगाई स्थानीय तहका शिक्षा अधिकृत/ प्रसासकीय प्रमुख, प्राविधिक कर्मचारी, सम्बन्धित विद्यालयका प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा सो नभए वि.व्य.स. का अन्य कुनै पदाधिकारी वा सो समेत नभए तत्कालिन वि.व्य.स. मा प्रतिनिधित्व गर्ने कुनै शिक्षकबाट समेत प्रमाणित गरी गराई | | | |

| स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| विद्यालय र स्थानीय तहमा एक एक प्रति राख्ने व्यवस्था मिलाउनु पर्नेछ । विगत वर्षहरूको कार्यसम्पन्न प्रतिवेदन प्राप्त नहुन्जेल स्थानीय तहले विद्यालयको निकासा रोक्का राख्ने र कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछि मात्र विद्यालयमा थप निकासा छोड्ने व्यवस्था गर्ने । यस प्रयोजनका लागि शिक्षा विकास तथा समन्वय इकाइ र साविको जिल्ला शिक्षा कार्यालयवाट भएको निर्णय,सम्झौता र अन्य कागजातको प्रतिलिपी आवश्यक भएमा स्थानीय तहको माग वमोजिम इकाइले उपलब्ध गराउनु पर्ने छ ।<br>ठ) **रकम असुली र विभागीय कारवाही:** सम्झौता अवधिभित्र समेत निर्माण वा मर्मत सम्भार कार्य सम्पन्न नगरी स्थानीय तहबाट निकासा प्राप्त रकमको हिनामिना वा दुरूपयोग गर्ने वा विद्यालय निर्माण वा मर्मत सम्भार नगरी अन्य प्रयोजनको लागि खर्च गर्ने वा निकासा गरिएको प्रयोजनमा खर्च नै नगरी विद्यालयको खातामा रकम जम्मा गरी राख्ने विद्यालयहरूबाट त्यस्तो रकम असुलउपर गर्नुपर्नेछ । तर उक्त रकम फिर्ता गर्न आनाकानी गर्ने विद्यालयलाई आगामी आर्थिक वर्षमा प्रथम वा दोस्रो चौमासिक निकासा दिंदा प्र.अ. को तलबभत्ता रकम रोक्का गरेरमात्र निकासा दिने व्यवस्था मिलाउनु पर्नेछ । उपर्युक्तबमोजिमको प्रक्रिया पूरा नगर्ने सम्बन्धित विद्यालय तथा स्थानीय तहका जिम्मेवार पदाधिकारीमाथि प्रचलित नेपाल कानुन बमोजिमको कारबाही हुने हुनाले सो बमोजिमको कार्य अनिवार्य रूपमा गर्नु पर्नेछ । साथै गत विगतको काम सम्पन्न नगरी फरफारक नगरेका विद्यालयहरूलाई कुनै पनि किसिमको निर्माण कोटा उपलब्ध नगराउने ।<br>ड) गत विगत आव देखिका बेरूजु सम्बन्धमाः – स्थानीय तह मार्फत सञ्चालन हुने भैतिक निर्माण तथा मर्मत सुधारसम्बन्धी कार्यक्रमहरूका बेरूजुका सम्बन्धमा तत् तत् आवका लागि स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका तथा सो सम्बन्धमा जिल्लामा उपलब्ध गराइएका निर्देशन वमोजिम तदारूकताका साथ कार्यक्रम सम्पन्न गरी गराई वेरूजु फछ्र्योटलाई सम्बन्धित कर्मचारीको कार्य सम्पादन मूल्याङ्कनको अधारको रूपमा कार्यान्वन हुने व्यवस्था गर्नु पर्नेछ ।<br>नोट: हिमाली आवसीय विद्यालयका रुपमा केन्द्रबाट छनौट भएका सामुदायिक विद्यालयमा छात्रावास निर्माण गर्न आवश्यक भएमा सो प्रयोजनका लागि समेत यो शीर्षकबाट बढीमा ४ कोठाका लागि रकम उपलव्ध गराउन सकिने छ । | | | |
| **क्रियाकलाप नं. ८.२.३.३१.९**<br>**विद्यालय भुकम्पिय सुरक्षा कार्यक्रम (क्रमागत)**<br>विद्यालय भवन प्रबलीकरण (Retrofitting) कार्यका लागि छनोट भएका विद्यालयहरूको डिजाइन शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट उपलब्ध गराइने छ । विद्यालय भवन प्रबलीकरण (Retrofitting) कार्य हालसम्म सुरू नभएका विद्यालयहरूको हकमा अबलम्बन गरिएका Retrofitting ले भूकम्पपश्चातको असरका कारण उक्त भवनको प्रबलीकरण हुने नहुने सम्बन्धमा यकिन गर्न प्राविधिक निरीक्षण गरी मात्र कार्य अगाडि बढाउने । यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा लेखी पठाउने । | • शिक्षा तथा मानव स्रोत विकास केन्द्र<br>• गाँउपालिका/ नगरपालिका<br>• विद्यालय<br>• प्राविधिक जनशक्ति (ईञ्जिनियर/सव ईन्जिनियर) | पहिलो, दोस्रो तथा तेस्रो चौमासिक | • प्रवलिकरण भएका विद्यालय सङ्ख्या<br>• नापी किताव<br>• कार्य सम्पन्न प्रतिवेदन |
| **क्रियाकलाप नं. ८.२.३.६४**<br>**विदयालयहरुलाई विपद व्यवस्थापनका लागि अनुदान**<br>क) स्थानीय तहममा बाढी पहिरो हुरी वतास आगलागी चट्याङ आदि जस्ता प्रकोपबाट क्षति पुग्न गई पठन पाठन अवरुद्ध भएका विद्यालयहरुमा तत्तकाल पठनपाठन सुचारु गर्ने प्रयोजनका लागि क्षतिको विवरण स्थानीय कार्यपालिकाको निर्णय सहितको सिफारिस लागत अनुमान सामावेश गरी वजेटका लागि शिक्षा विकास तथा समन्वय ईकाई मार्फत विवरण पठाउने । | • गाँउपालिका/ नगरपालिका<br>• शिक्षा तथा मावस्रोत विकास केन्द्र<br>• विद्यायल | पहिलो, दोश्रो तथा तेश्रो चौमासिक | • कार्यपालिकाको निर्णय<br>• अनुदान प्राप्त विद्यालय |

| स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| ख) प्राप्त विवरणको अध्ययन गरी प्रकोपबाट क्षति भएका विद्यालयहरुका लागि अस्थायी सिकाई केन्द्र निर्माण गरी विद्यालयको पठपाठन सुचारु गर्नुपर्ने अवस्था एकीन भएमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको स्वीकृत डिजाईन र नर्मसका आधारमा वजेट उपलब्ध गराउनेछ ।<br>ग) विद्यालयको क्षतिको अवस्था लागत अनुमानका आधारमा अधिकतम २ लाखसम्म उपलब्ध गराउन सक्ने । | | | |
| **द्वन्द्व पीडित परिवार शिक्षा कार्यक्रम (शहिद प्रतिष्ठान मार्फत सञ्चालन हुने) वउशिन ३५०१०६**<br>**क्रियाकलाप नं. ८.२.३.३१.९**<br>**सहिद स्मृति विद्यालयलाई अनुदान**<br>क) यस शिर्षक अन्तर्गत वजेट प्राप्त भएको स्थानीय तहले आफ्नो क्षेत्रभित्र सञ्चालित प्रतिष्ठान अन्तर्गत संचालित विद्यालयलाई एकमुष्ठ अनुदान दिने र अनुदानवाट विद्यालय संचालन सम्वन्धि सम्पुर्ण क्रियाकलाप गर्ने ।<br>ख) प्रतिष्ठानले तोकेको आधारमा वजेट खर्च गर्ने र प्रगति नियमित रुपमा स्थानीय तहमा पठाउने । | • गाँउपालिका/ नगरपालिका<br>• सहिद स्मृति प्रतिष्ठान<br>• विद्यालय | पहिलो दोश्रो तथा तेश्रो चौमासिक | • अनुदान प्राप्त गरेका विद्यालय संख्या |
| **खण्ड ३**<br>**प्रदेश तहबाट सम्पादन हुने ससर्त अनुदानका कार्यक्रमको कार्यान्वयन प्रक्रिया** | | | |
| **विद्यालय क्षेत्र विकास कार्यक्रम**-(बउशीनं ३५०८०६) | | | |
| **क्रियाकलाप नं.** २.१५.११.१०<br>**कार्यक्रम कार्यान्वयनका लागी आवश्यक** Logistics **व्यबस्थापनका लागि कार्यक्रम व्यबस्थापन खर्च**<br>**क)** शिक्षा सँग सम्वन्धित नीतिगत वैठक संचालन, अभिभुखिकरण तथा समिक्षा कार्यक्रममा व्यवस्थापन गर्नुपर्ने स्टेशनरी, चियाखाजा, | • सामाजिक विकास मन्त्रालय | पहिलो दोश्रो तथा तेश्रो चौमासिक | • वैठक संख्या, खरिद सामाग्री संख्या । |

| स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| फोटोकपी, प्रतिवेदन तयारी एवम् प्रकाशन आदिका कार्य गर्नका लागि सामजिक विकास मन्त्रालयको निर्णयानुसार खर्च गर्ने । | | | |
| **क्रियाकलाप नं. २.१५.११.११**<br>**प्रादेशिक शिक्षा विज्ञान तथा प्रविधिको योजना निर्माण तथा प्रतिवेदन**<br>**क)** प्रदेशको सामाजिक विकास मन्त्रालयले आफ्नो क्षेत्र अन्तर्गतकोवार्षिक शैक्षिक योजना निर्माण गर्न प्रादेशिक शिक्षा विकास निर्देशनालयको समेत सहभागिता हुने गरी कार्यविधि तय गर्ने । योजनाको एकप्रति शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउने ।<br>**ख)** तोकिएको विधि र प्रकृया अनुसार योजना निर्माण गर्ने ।<br>**ग)** मन्त्रालयलाइ प्राप्त भएका शिक्षा सँग सम्वन्धित वउशिन सँग सम्वन्धित कार्यक्रमको चौमासिक तथा वार्षिक प्रतिवेदन तयार गरी तोकिएको निकायहरुमा नियमित रुपमा पेश गर्ने । | • सामाजिक विकास मन्त्रालय | पहिलो तथा दोश्रो चौमासिक | • निर्माण भएको योजनाहरु<br>• चौमासिक तथा वार्षिक प्रतिवेदनहरु |
| **क्रियाकलाप नं. २.१५.११.१२**<br>**शैक्षिक अनुसन्धान प्रदेश/ स्थानीय पाठ्यक्रम विकास तथा सुचना व्यवस्थापन**<br>क) यस शिर्षकवाट प्राप्त वजेटवाट प्रदेश सामजिक विकास मन्त्रालयले शिक्षा क्षेत्रका गुणस्तर, पहुँच तथा व्यवस्थापन सँग सम्वन्धित समसामयिक मुद्धाहरुमा प्रदेशभित्र संचालित विश्वविद्यालय तथा क्याम्पसहरुको सहकार्यमा अनुसन्धान गरी अनुसन्धानका प्रतिवेदन सार्वजनिकिकरण गर्ने ।<br>ख) प्रदेशले जिल्ला एवम् विद्यालय तहमा निर्माण हुने स्थानीय पाठ्यक्रमको कार्यान्वयमा सहजिकरण गर्ने ।<br>ग) प्रदेश स्तरीय शैक्षिक सूचना व्यवस्थापन प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने । | • सामाजिक विकास मन्त्रालय<br>• विद्यालय<br>• विश्वविद्यालय तथा | पहिलो तथा दोश्रो चौमासिक | • अनुसन्धान प्रतिवेदनहरु<br>• विकास भएका स्थानीय पाठ्यक्रम<br>• शैक्षिक सूचना व्यवस्थापन प्रतिवेदन |
| **क्रियाकलाप नं. २.१५.११.१४**<br>**कार्यक्रम व्यवस्थापन, अनुगमन तथा मुल्यांकन**<br>**क)** प्रदेशको सामाजिक विकास मन्त्रालयले शैक्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्न वार्षिक अनुगमन योजना निर्माण गर्ने र सोहि आधारमा अनुगमन गरी अनुगमन प्रतिवेदन तयार गर्ने । यसो गर्दा नेपाल सरकार वा प्रदेश सरकारको स्वीकृत नर्मस र प्राप्त वजेटको अधिनमा रहि खर्च गर्ने । | • सामाजिक विकास मन्त्रालय | पहिलो दोश्रो तथा तेश्रो चौमासिक | • अनुगमन योजना तथा अनुगमन प्रतिवेदनहरु |
| **क्रियाकलाप नं. २.१५.११.५**<br>**कक्षा ८ को परीक्षा स्तरीकरण**<br>क) शैक्षिक गुणस्तर परीक्षण केन्द्र र राष्ट्रिय परीक्षा वोर्डको प्राविधिक सहयोगमा आधारभुत तह उत्तीर्ण (कक्षा ८) परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका विकास गरी स्थानीय तहमा वितरण गर्ने ।<br>ख) कक्षा ८ को परीक्षा स्तरीकरणको लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्र/राष्ट्रिय परीक्षा वोर्डको प्राविधिक सहयोगमा कार्यशाला मार्फत **Test Item** को निर्माण गर्ने ।<br>ग) यो प्रयोजनका लागि प्रदेशका शिक्षा विकास निर्देशनालय र शिक्षा तालिम केन्द्रम रहेका विज्ञ जनशक्तिलाइ परिचालन गर्नु सान्दर्भिक हुनेछ | • शैक्षिक गुणस्तर परीक्षण केन्द्र<br>• राष्ट्रिय परीक्षा वोर्ड<br>• सामाजिक विकास मन्त्रालय<br>• शिक्षकहरु | दोश्रो तथा तेश्रो चौमासिक | • विकास भएका Test Item<br>• परीक्षा संचालन प्रतिवेदन |

| स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| ।<br>घ) स्तरीकरणका लागी परीक्षा संचालन प्रश्न विश्लेषण **(item analysis)** गरी नमुना प्रश्नपत्र तयार गर्ने । प्रत्येक प्रदेशले **Item Bank** निर्माण गरी परीक्षण सञ्चालन गर्ने ।<br>ङ) परीक्षा स्तरीकरण समवन्धि शिक्षक, कर्मचारीहरुको क्षमता विकास गर्ने । | | | |
| **क्रियाकलाप नं. २.१५.११.६**<br>**उच्च शिक्षामा अध्ययन गर्ने अपाङ विद्यार्थीका लागि छात्रवृति**<br>क) प्रदेश मन्त्रालयले उच्चशिक्षामा अध्ययन गर्ने अपाङ विद्यार्थीकालागि छात्रवृत्ति छनौटका लागि सूचना प्रकाशन छनौट गर्ने ।<br>ख) प्राप्त निवेदनको आधारमा अपाङ्गताको लेखाजोखा गरी छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी छनौट गर्ने<br>ग) छनौट भएका विद्यार्थीहरुलाइ अपाङ्गताको प्रकृति अनुसार यस निर्देशिकाको स्थानीय तह अन्तरगतको क्रियाकलाप नं २.१५.११.७७४ मा उल्लेख भएको अपाङ्ग विद्यार्थीको वर्गीकरण अनुरुप छात्रवृत्ति वापतको रकम विद्यार्थीलाई वैङ्क खातमा उपलव्ध गराउने । | • सामाजिक विकास मन्त्रालय | पहिलो तथा दोश्रो चौमासिक | • छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी संख्या<br>• वैङ्क स्टेटमेन्ट |
| **क्रियाकलाप नं. २.१५.११.७**<br>**शैक्षिक मापदण्ड, सामग्री, प्रारुप, निर्देशिका एवम् कार्यविधि विकास**<br>क) सामाजिक विकास मन्त्रालयले आवश्यकता अनुसार संघीय शिक्षा नीति नेपाल सरकारले प्रदेशस्तरीय एवम् स्थानीय तहलाइ सहजीकरण गर्न शैक्षिक मापदण्ड, सामग्री, प्रारुप, निर्देशिका एवम् कार्यविधि विकास गर्ने ।<br>ख) प्रदेशस्तरमा संचालन हुने शैक्षिक गतिविधिहरुलाइ व्यवस्थित गर्न आवश्यक पर्ने निर्देशिका कार्यविधिको विकास गर्ने । | • सामाजिक विकास मन्त्रालय | पहिलो दोश्रो तथा तेश्रो चौमासिक | • विकास भएका निर्देशिका, मापदण्ड तथा प्रारुप |
| **क्रियाकलाप नं. २.१५.११.८**<br>**शैक्षिक नीति, कार्यक्रम तथा निर्देशिका सम्बन्धमाअभिमुखीकरण**<br>क) स्थानीय तहको क्षमता विकासको आवश्यक्ता विश्लेषण गरि सामाजिक विकास मन्त्रालयले स्वीकृत वार्षिक कार्यक्रम प्राप्त भएपश्चात प्रत्येक स्थानीय तहका जनप्रतिनिधि, शिक्षा विकास निर्देशनालय तथा तथा सामाजिक विकास मन्त्रालयका शिक्षा शाखाका अधिकृतलाइ २ दिने शैक्षिक नीति, कार्यक्रम तथा यस निर्देशिकाको वारेमा अभिमुखिकरण संचालन तथा कार्यक्रम कार्यान्वय सम्वन्धि क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने ।<br>**ख**) अन्तरक्रियामा संघीय मन्त्रालय तथा केन्द्रीय निकायहरुको सहभागीतामा संयुक्त अभिमुखिकरण कार्यशाला संचालन गर्ने व्यवस्था मिलाउने । | • सामाजिक विकास मन्त्रालय<br>• शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा केन्द्रिय निकायहरु | पहिलो चौमासिक | • अभिमुखिकरणमा सहभागीहरुको हाजिरी विवरण |
| **क्रियाकलाप नं. २.१५.११.९**<br>**वार्षिक, चौमासिक प्रतिवेदन तयारी तथा** Status Reprt **लगायतका** Document **विकास एवम् प्रकाशन**<br>क) प्रदेश मन्त्रालयका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत विभिन्न वजेट उपशिर्षकमा प्राप्त भएका वजेटहरुको चौमासिक तथा वार्षिक प्रतिवेदन तयार गर्ने ।<br>ख) आर्थिक वर्षको अन्यमा प्रदेशस्तरीय प्रगति सहितको Status Reprt तयार गरी सरोकारवाला निकायहरुमा संप्रेसण गर्ने व्यवस्था मिलाउने । | • सामाजिक विकास मन्त्रालय | पहिलो दोश्रो तथा तेश्रो चौमासिक | • वार्षिक, चौमासिकप्रतिवेदन<br>• Status Reprt |
| **क्रियाकलाप नं. २.१५.११.२ र २.१५.११.१** | • सामाजिक विकास मन्त्रालय | पहिलो दोश्रो तथा | • तालिम प्राप्त शिक्षक |

| स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| **शिक्षक तालिम** (EGRP **तालिम समेत**)<br>क) प्रदेश सामाजिक विकास मन्त्रालयले तोकिएका तालिम केन्द्रलाइ वजेट निकासा गर्ने ।<br>ख) प्रदेश तालिम केन्द्रले प्रदेशस्तर र आवश्यकता अनुसार स्थानीय स्तरमा तालिम सञ्चालन गर्ने । तालिम सञ्चालन गर्दा विगतमा जिल्लामा भएका **Roster** प्रशिक्षकहरुलाई पनि परिचालन गर्न सक्ने ।<br>ग) तालिम केन्द्रले शिक्षा तथा मानव स्रोतविकास केन्द्रवाट प्राप्त हुने लक्ष्य तथा विषयक्षेत्र अनुसार प्राप्त हुने कार्यक्रम अनुसार संचालन गर्ने ।<br>घ) तालिम केन्द्रले सञ्चालन गरेका कार्यक्रमको प्रदेश मन्त्रालयले अनुगमन गर्ने ।<br>ङ) तालिम केन्द्रले तालिमको प्रगति प्रदेश सामजिक विकास मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउने । | • शैक्षिक तालिम केन्द्र | तेश्रो चौमासिक | संख्या |
| **क्रियाकलाप नं**. २.१५.११.४<br>**सामुदायिक कलेजबाट प्रथम श्रेणीमा स्नातक तह र कक्षा १२ बाट प्रथम श्रेणीमा उतिर्ण डुम मुसहर र चमारको लागि छात्रबृत्ती**<br>• वजेट प्राप्त भएका प्रदेशले सम्वन्धित विद्यार्थीहरुवाट छात्रवृत्तिका लागि निवेदन माग गर्ने<br>• कार्यक्रम तथा वजेटको परिधि भित्ररहि छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको छनौट गरी मासिक २५०० का दरले विद्यार्थीको वैङ्क खातामाउपलव्ध गराउने । | • प्रदेशस्तरीय सामाजिक विकास मन्त्रालय<br>• विद्यालय | पहिलो दोश्रो तथा तेश्रो चौमासिक | • छनौट भएका विद्यार्थी संख्या<br>• वैङ्क स्टेटमेन्ट |
| क्रियाकलाप नं. २.१५.१२.२<br>**सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरुलाई स्विकृत कार्यविधिकाआधारमा अनुदान**<br>• वजेट प्राप्त भएको प्रदेशले मन्त्रालयवाट स्वीकृत कार्यविधिको **Norms** अनुसार पुस्तकालय छनौट गरि वजेट उपलव्ध गराउने । | • प्रदेशस्तरीय सामाजिक विकास मन्त्रालय,पुस्तकालय | पहिलो दोश्रो तथा तेश्रो चौमासिक | • अनुदान प्राप्त गरेका पुस्तकालय संख्या |
| क्रियाकलाप नं. २.१५.११.१३ (बजेट उपशीन ३५००१५)<br>**कक्षा १०** (SEE) **परीक्षा सञ्चालन**<br>• राष्ट्रिय परीक्षा वोर्ड र संघीय मन्त्रालयको मापदण्ड,परीक्षा संचालनका आधार र निर्देशन अनुसार गर्ने । | • राष्ट्रिय परीक्षा वोर्ड<br>• प्रदेशस्तरीय सामाजिक विकास मन्त्रालय , पुस्तकालय | पहिलो दोश्रो तथा तेश्रो चौमासिक | • परीक्षामा सम्मिलित विद्यार्थी संख्या |
| मनमोहन स्मृति पोलीटेक्निक (बजेट उपशीन ३५००१५)<br>क्रियाकलाप नं. २.१५.११.३ कार्यक्रम संचालन अनुदान<br>• वजेट प्राप्त प्रदेशले कार्य प्रगतिको आधारमा चौमासिक रुपमा निकासा दिने । | • सामाजिक विकास मन्त्रालय<br>• मनमोहनस्मृतिपोलीटेक्निक | पहिलो दोश्रो तथा तेश्रो चौमासिक | • निकासा पत्र |
| **खण्ड ४**<br>**शिक्षा विकास तथा समन्वय इकाइबाट सम्पादन हुने कार्यक्रमको कार्यान्वयन प्रक्रिया** | | | |
| **शिक्षा विकास तथा समन्वय इकाइ** (वउशिन ३५००१४)<br>**कर्मचारीहरुको तलव भत्ता,महंगी भत्ता,पोशाक भत्ता**<br>**क)** स्वीकृत दरवन्दीमा कार्यरत कर्मचारीहरुको नेपाल सरकारले तोकेको तलवभत्ता भुक्तानी दिने । | • शिक्षा विकास तथा समन्वय इकाइ | पहिलो दोश्रो तथा तेश्रो चौमासिक | • वैङ्क स्टेटमेन्ट |
| क्रियाकलाप नं. १.२.४.१० | • शिक्षा विकास तथा समन्वय इकाइ | पहिलो दोश्रो तथा | • वैठक संख्या |

| स्वीकृत क्रियाकलाप नं, क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| **बैठक भत्ता (समिति तथा अन्य)**<br>क) ऐन नियम, निर्देशिकाले तोकेका जिल्लास्तरीय वैठकहरु आयोजना गर्ने ।<br>ख) यस शिर्षकवाट नियम अनुसार वैठकका लागि आवश्यक पर्ने खाजा खाना, वैठक भत्ता तथा सामाग्री व्यवस्थापनमा नेपाल सरकारको स्वीकृत नर्मस अनुसार खर्च गर्ने । | | तेश्रो चौमासिक | |
| **पानी तथा बिजुली महसुल, टेलिफोन तथा इमेल इन्टरनेट, कार्यालय भाडा, सवारी इन्धन(पेट्रोल, डिजल, मोबिलआदी) पेट्रोल, सवारी साधन गाडी, कार्यलय भवन मर्मत तथा सुधार, कार्यालय सामानहरु, सरूवा भ्रमण खर्च, अन्य विविध खर्च**<br>**क)** कार्यालय व्यवस्थापनका लागि माथि उल्लेखित शिर्षकहरुमा प्राप्त रकमहरु खर्च गर्दा इकाइले वार्षिक खरिद योजना तयार गरि सोको आधारमा नेपाल सरकारको स्वीकृत नर्मस अनुसार खर्च गर्ने । | • शिक्षा विकास तथा समन्वय इकाइ | पहिलो दोश्रो तथा तेश्रो चौमासिक | • स्वीकृत खरिद योजना<br>• दाखिला रिपोर्ट<br>• आलेप/मलेप प्रतिवेदनहरु |
| क्रियाकलाप नं. २.१५.३.२०९<br>**वार्षिक कार्यक्रम तयारी**<br>क) यस शिर्षकमा प्राप्त रकमवाट इकाइले जिल्लागत शैक्षिक तथ्याङ्क प्रतिवेदन **(Flash Report)** तयारी**,** स्थानीय तहगत/जिल्लागत नियमित चौमासिक/वार्षिक प्रगति प्रतिवेदन**,** स्थिति प्रतिवेदन**(Status Report), DLI Related Report, FMR** लगायतका प्रतिवेदनहरु तयार गरी संप्रेक्षण गर्ने ।<br>ख) यसका अतिरिक्त इकाइले वार्षिक रुपमा सम्पादन गर्ने कार्यहरु मध्ये संघको निर्देशन अनुसार प्रवोधिकरण, कार्यशाला, योजना तर्जुमा जस्ता क्षेत्रमा खर्च गर्ने गरी कार्ययोजना वनाइ कार्यान्वय गर्ने व्यवस्था मिलाउने । | • शिक्षा विकास तथा समन्वय इकाइ | पहिलो तथा तेश्रो चौमासिक | • संचालित कार्यक्रमहरुको प्रगति प्रतिवेदनहरु |
| क्रियाकलाप नं. २.१५.३.२०१<br>**संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका २०६९ को प्रवोधिकरण**<br>**क)** कार्यक्रम प्राप्त भएका इकाइहरुले जिल्लामा संचालनमा रहेका निजि विद्यालयसँग सम्वन्धित छाता संगठनहरुको प्रतिनिधित्व हुनेगरी २ दिने प्रोधिकरण कार्यशाला संचालन गर्ने । | • शिक्षा विकास तथा समन्वय इकाइ | पहिलो चौमासिक | • सहभागीहरुको हाजिरी तथा प्रतिवेदन |
| क्रियाकलाप नं. १.१९.१.२५<br>**कार्यक्रम अनुगमन भ्रमण**<br>क) इकाइले जिल्लामा संचालनमा रहेका सवै प्रकारका विद्यालय, शैक्षिक कार्यक्रम, शैक्षिक संस्थाहरुको अनुगमन गर्न वार्षिक अनुगमन योजना निर्माण गर्ने । सो आधारमा अनुगमन संचालन गर्ने । | • शिक्षा विकास तथा समन्वय इकाइ | पहिलो दोश्रो तथा तेश्रो चौमासिक | • अनुगमन योजना र प्रतिवेदन । |
| क्रियाकलाप नं. १.२.२.११<br>**जिल्ला शिक्षा कार्यालय भवन निर्माण ( क्रमागत)**<br>क) निर्माणाधिन कार्यालय भवनहरुको कार्यसम्पन्नताको आधारमा सार्वजनिक खरिद ऐन नियमानुसार भुक्तानी गर्ने । | • शिक्षा विकास तथा समन्वय इकाइ | पहिलो दोश्रो तथा तेश्रो चौमासिक | • कार्यसम्पन्न प्रतिवेदन । |

अनुसूची १

**नेपाल सरकार**

**गापा र नगरपलिका,**

**आर्थिक वर्ष २०७५।७६ को शिक्षक तलब भत्ता विवरण**

**तहगत शिक्षकहरुको वार्षिक तलब र भत्ता नपुग माग फाराम**

| तह | संख्या | स्केल | त्लव | | | | | भत्ता | | | | | | | वार्षिक आवश्यक रकम | अख्तियार प्राप्त रकम | नपुग रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | तलव रकम वार्षिक | वार्षिक औषत ग्रेड | वार्षिक क.सं. कोष थप | वार्षिक विमा कोष थप | जम्मा तलब | चाडपर्व खर्च | पोषाक भत्ता | महंगी भत्ता | स्थानीय भत्ता १०.५ महिनाको | | प्र.अ. भत्ता | जम्मा भत्ता | | | |
| | | | | | | | | | | | ६ कोष भित्र मासिक | ६ कोष बाहिर मासिक | | | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | ११ | १२ | १३ | १४ | १५ | १६ | १८ | 19 | 20 |
| **माध्यमिक तह** | | | | वउसिनं ३५००१७ का लागि साविकको माध्यमिक र उच्चमाध्यमिक तहको जम्मा जोड | | | | | | | | | | | | | |
| प्रथम | | | | | | | | | | | | | | | | | |
| द्वितीय | | | | | | | | | | | | | | | | | |
| तृतीय | | | | | | | | | | | | | | | | | |
| अस्थायी | | | | | | | | | | | | | | | | | |
| ,राहत | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | |
| वउसिनं ३५००१६ सवैका लागि शिक्षा आधारभुत तह  लागि (प्रथामिक निम्नमाध्यमिक)को जम्मा जोड | | | | | | | | | | | | | | | | | |
| **निम्नमाध्यमिक** | | | | | | | | | | | | | | | | | |
| प्रथम | | | | | | | | | | | | | | | | | |
| द्वितीय | | | | | | | | | | | | | | | | | |
| तृतीय | | | | | | | | | | | | | | | | | |
| अस्थायी | | | | | | | | | | | | | | | | | |
| ,राहत | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | |
| कुल जम्मा | | | | | | | | | | | | | | | | | |

वउसिनं ३५००१६ का लागि प्रथामिक तहको जम्मा जोड

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रथमिक** | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रथम | | | | | | | | | | | | | | | | | |
| द्वितीय | | | | | | | | | | | | | | | | | |
| तृतीय | | | | | | | | | | | | | | | | | |
| अस्थायी | | | | | | | | | | | | | | | | | |
| ,राहत | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | |
| कुल जम्मा | | | | | | | | | | | | | | | | | |

**स्थानीय भत्ता पाउने शिक्षक संख्या**

| मा.वि. तर्फ | | |
|---|---|---|
| त्ह | ६कोष भित्र | ६कोष बाहिर |
| प्रथम | | |
| द्वितीय | | |
| तृतीय | | |

| नि.मा.वि. तर्फ | | |
|---|---|---|
| तह | ६ कोष भित्र | ६ कोष वाहिर |
| प्रथम | | |
| द्वितीय | | |
| तृतीय | | |

| प्रा.वि. तर्फ | | |
|---|---|---|
| त्ह | ६ कोष भित्र | ६ कोष वाहिर |
| प्रथम | | |
| द्वितीय | | |
| तृतीय | | |

............................ ............................ ...........................................

तयार गर्ने रुजु गर्ने प्रमाणित गर्ने

फाराम तयार गर्दा चालु आ व मा जिल्लाका लागि स्वीकृत वउसिनं ३५००१६ र ३५००१७ मा उल्लेखित क्रियाकलापहरु समावेश गरी तयार गर्ने।

अनुसूची २

**विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP)**

**भौतिक सुविधा विस्तार कार्यक्रमका लागि विद्यालय छनोट गर्ने आधारहरू**

**स्थानीय तहमा रहेका सम्पूर्ण विद्यालयहरूलाई निम्न बमोजिमका सूत्रका आधारमा प्राथमिकताक्रममा राख्ने।**
**प्राप्त भौतिक निर्माणको कार्यक्रम स्थानीय तहले आवश्यकता पहिचान गरी विद्यालयहरुमा उपलव्ध गराउन सक्नेछ।**

१. जिल्लाहरूका हकमा सम्पूर्ण विद्यालयहरूको तलको सूत्रका आधारमा प्राथमिकताक्रम निर्धारण गर्ने।

क. दलित विद्यार्थीको भर्ना दर (X) (Enrollment of Dalit Students) = विद्यालयमा रहेका दलित विद्यार्थीहरूको कुल सङ्ख्या / विद्यालयमा रहेका सम्पूर्ण विद्यार्थीहरूको सङ्ख्या

X **को भार = १०%**

ख. छात्राहरूको भर्ना दर (Y) (Enrollment of Girl students) = विद्यालयमा रहेका छात्राहरूको कुल सङ्ख्या / विद्यालयमा रहेका सम्पूर्ण विद्यार्थीहरूको सङ्ख्या

Y **को भार = १०%**

ग. कक्षा ‘क’ र कक्षा १ का विद्यार्थी सङ्ख्याको अनुपात (Z) = कक्षा ‘क’ मा रहेका विद्यार्थीहरूको कुल सङ्ख्या / कक्षा १ मा रहेका विद्यार्थीहरूको कुल सङ्ख्या

यहाँ कक्षा ‘क’ भन्नाले कक्षा १–१० सञ्चालन भएका विद्यालयको हकमा कक्षा १०, कक्षा १–१२ सञ्चालन भएका विद्यालयको हकमा कक्षा १२ र कक्षा १–८ सञ्चालन भएका विद्यालयको हकमा कक्षा ८ लाई सम्झनु पर्दछ। यसमा भागफल १ भन्दा बढी आउनेको हकमा अधिकतम १ अङ्क मात्र दिने।

Z **को भार = १५%**

घ. Priority Minimum Enabling Condition (PMEC) नपुगेका विद्यालयहरू (a) १.०
नोट: सञ्चालित कक्षाको आधारमा कक्षाकोठाको संख्या नपुग भएका विद्यालयहरू भन्ने वुझिन्छ।

a **को भार = २५%**

ङ. आवश्यकता (b) १.०

- स्थानीय तह स्तरीय प्रअ वैठकको प्राथमिकता क्रममा परेका विद्यालयहरु
